# अध्याय एक

## शोधपरिचय

### १.१ विषय परिचय

अछाम जिल्ला सुदूरपश्चिमको सेती अञ्चलमा पर्ने एक पहाडी जिल्ला लोक साहित्यका दृष्टिले धनी एवम् समृद्ध रहेको छ । यस जिल्लामा मनाइने विभिन्न चाडपर्वहरूले अछामबासी जनताहरूलाई मात्र नभई सम्पूर्ण नेपाली समाजलाई आनन्द र मनोरञ्जन प्रदान गराएको छ ।

अछाम जिल्लामा प्रचलित भुओ पर्वमा प्रस्तुत गरिने गीतलाई भुओगीतका रूपमा लिइन्छ । भुओ भनेको भूत-प्रेतसँग सम्बन्धित शब्द हो । यो पौष महिनाको भैंले पूर्णिमाबाट आरम्भ भई औंसीमा समापन हुन्छ । यो अछाम जिल्लामा मात्र नभएर सुदूरपश्चिमका विभिन्न जिल्लाहरूमा पनि हर्षोल्लासका साथ खेल्ने गरिन्छ । भुओ खेल्दा यसमा विशेष किसिमको पहिरनको व्यवस्था गरिएको हुन्छ । टाउकोमा सेतो पगडी गुथिएको हुन्छ भने शरीरमा सेतो जामा र घाँटीमा फूलका माला लगाइएको हुन्छ । कसै कसैले त सेता दौरा सुरुवालमा पनि खेल्दछन् । टाउकोमा लगाउने सेतो पगडी र शरीरमा लगाउने सेतो जामालाई स्थानीय भाषामा छोटकरीमा जामापगडी भनेर चिनाइन्छ ।

अछामको भुओखेल मुख्य गरी दुई प्रकारले खेलिन्छ (१) हतियारको क्रिया देखाएर वा चाल खेलर (२) गीत गाएर । भुओमा ८ वटा चाल र १६ वटा मुदा (मुद्रा) रहेका हुन्छन् । यो वाद्यवादनका साथ एक जना मुख्य गुरुद्वारा खेलाइन्छ । यसमा सबैजना गुरुको पछाडि बायाँ हातमा ढाल र दायाँ हातमा तरबार लिएर लामबद्ध भई गोल घेरामा पश्चिमतर्फ फर्केर रहन्छन् । भित्रपट्टी बाजा बजाउने आउजीहरूको समूह रहेको हुन्छ । बाजाको धुन धिमागतिबाट तीब्र रूपमा अघि बढ्छ र खेल खेल्ने खेलाडी पनि त्यही बाजा अनुसार धिमागतिबाट तीब्र रूपमा दायाँ, बायाँ, अघि, पछि गर्दै ढाल र तरबारलाई नचाउँदै अघि बढ्दछन् । गुरुको खेलाई अनुसार बाजा पनि परिवर्तन हुँदै जान्छ र अर्को चालको सुरुवात हुन्छ । यसरी सबै चालहरू खेलिन्छन् । गीत गाएर खेल्ने क्रममा एक जना गीत भट्याउने नाइके रहन्छ भने अन्य सबैले एउटै स्वरमा भस्सो भन्ने गर्दछन् । गीत भट्याउनेले पहिलो भुओ कहाँबाट आयो, कसरी उब्जियो, कहाँ पुगेर सकियो । पहिलो खेल खेल्ने कौरव र पाण्डवको कथा समेतलाई गीतमा प्रस्तुत गर्दछन् । त्यसैले अछाम जिल्लामा छरिएर रहेका प्रचलित भुओगीतलाई सङ्कलन गरी त्यहाँको सामाजिक जनजीवनमा परेको भुओगीतको प्रभावलाई समेत विश्लेषण गर्ने उद्देश्यले नै प्रस्तुत शीर्षक छनोट गरिएको हो ।

### १.२ समस्या कथन

अछाम जिल्ला लोकसाहित्यका दृष्टिले निकै धनी भए तापनि यहाँ प्रचलित भुओगीतहरूको जानकारी हुन अझैं बाँकी रहेको छ । त्यसैले 'अछाम जिल्लामा प्रचलित भुओ पर्वगीतको अध्ययन' नामक शोधपत्रका लागि निम्नलिखित समस्याहरू रहेका छन् :–

(क) अछाम जिल्लामा के-कस्ता भुओगीतहरू प्रचलित छन् ?

(ख) अछाम जिल्लामा प्रचलित भुओगीतका के-कस्ता महत्त्व र विशेषता रहेका छन् ?

(ग) अछाम जिल्लामा प्रचलित भुओगीतहरूको सङ्कलन र विश्लेषण कसरी गर्न सकिन्छ ?

(घ) अछाम जिल्लामा प्रचलित भुओगीतहरूले नेपाली लोकगीतको क्षेत्रमा कस्तो योगदान पुऱ्याएका छन् ?

## १.३ शोधकार्यको उद्देश्य

यस शोधकार्यको उद्देश्य निम्नानुसार रहेको छ :–

(क) अछाम जिल्लाका भुओगीतको महत्त्व र विशेषता स्पष्ट पार्नु,

(ख) अछाम जिल्लाका भुओगीतको सङ्कलन गर्नु,

(ग) अछाम जिल्लाका भुओगीतको विश्लेषण गर्नु,

(घ) अछाम जिल्लाका भुओगीतले नेपाली लोकगीतका क्षेत्रमा पुऱ्याएको योगदान स्पष्ट पार्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

अछाम जिल्लामा प्रचलित भुओगीत लोकसाहित्यको वीरगाथा अन्तर्गत पर्वगीतमा पर्ने गीत हो । यस गीतले ऐतिहासिक, साँस्कृतिक र सामाजिक विविध पक्षको महत्त्वलाई झल्काएको पाइन्छ । लोकगीतको सङ्कलन र अध्ययन राष्ट्रिय तथा क्षेत्रीय स्तरबाट व्यापक रूपमा भएको पाइन्छ तर भुओगीत भनेर छुट्टै अध्ययन हालसम्म भएको पाइदैन । सामान्य परिचयका रूपमा कतिपय अध्ययन कर्ताले अछाम जिल्लामा प्रचलित लोकगीतहरूको लिखित प्रकाशन तथा प्रस्तुतीकरण गरेका छन् । पूर्णप्रकाश नेपाल 'यात्री' र धर्मराज थापा जस्ता प्रतिभाले नेपाली लोकसाहित्यको खोजीनीतिका लागि पूर्वमेचीदेखि पश्चिम महाकाली सम्मको यात्रा गरेका छन् । अन्य कतिपयले क्षेत्र, जिल्ला, जातजाति, धर्मसंस्कृति, रीतिरिवाज र भाषामा केन्द्रित रहेर अध्ययन गरेका छन् । तिनै विभिन्न विद्वान्हरूका अध्ययनलाई नै यस शोधपत्रमा पूर्वकार्यको समीक्षाका रूपमा लिइएको छ । ती निम्नानुसार छन् :–

(क) कालीभक्त पन्तले वि.सं. २०२८ दो.सं. २०४३ मा 'हाम्रो सांस्कृतिक इतिहास' भन्ने पुस्तकमा मानिसलाई सताउने भूत भगाउने सिलसिलामा भुओगीत तयार भएको हो भन्ने कुराको चर्चा गरेका छन् । अछाम जिल्लामा प्रचलित भुओगीतको अध्ययन गर्दा यसको अध्ययन गर्नु पनि आवश्यक रहेको छ ।

(ख) प्रदीप रिमालले वि.सं. २०२८ मा 'कर्णालीको लोकसंस्कृति' भाग ५ मा कर्णाली अञ्चलको मुगु जिल्लामा तन्नेरीहरू मिलेर मङ्सीर औंसीको रातमा भुओ खेल खेल्दछन् । गाउँको बीचमा राती झरो (दियालो) हातमा घुमाएर गीत गाउँदै यो खेल खेलिन्छ भनेका छन् । यसले अछाममा मनाइने भुओसँग मेल नखाए पनि

यसको अध्ययन गर्नु आवश्यक रहेको छ । तसर्थ 'अछाम जिल्लामा प्रचलित भुओ पर्वगीतको अध्ययन' नामक शोधपत्रमा यसको प्रयोग गरिएको छ ।

(ग) देवकान्त पन्तले वि.सं. २०३२ मा 'डोटेली लोकसाहित्य' भन्ने पुस्तकमा त्यस क्षेत्रमा प्रचलित लोकगीतलाई स्थानीय संस्कृतिको ध्वन्यात्मक रूप भन्न सकिन्छ भनेका छन् । त्यसैले यसलाई अछामी लोकगीतका क्षेत्रमा सहायक पुस्तकका रूपमा लिइएको छ ।

(घ) पूर्णप्रकाश नेपाल 'यात्री' ले वि.सं. २०४१ मा 'भेरी लोकसाहित्य' भन्ने पुस्तकमा भेरीको क्षेत्रमा प्रचलित भुओलाई पुरुष कण्ठ्यप्रधान अश्लील साहित्यको नमुना भनेर एकातिरबाट भनेका छन् भने अर्कातिर मनोरञ्जनको प्रतिनिधित्व गरिआएको रोचक पर्वसँगै सम्बन्धित पनि भनेका छन् । अछाम र भेरीमा खेलिने भुओ फरक-फरक किसिमले खेलिए तापनि यसको अध्ययन गर्नु आवश्यक रहेको छ ।

(ङ) धर्मराज थापा र हंसपुरे सुवेदीले वि.सं. २०४१ मा 'नेपाली साहित्यको विवेचना' भन्ने पुस्तकमा भुओ भनेको एक प्रकारको दैत्य-भूत-पिचास हो र त्यसै भूतले सताएको सम्झनामा गाइनेगीतहरू भनेका भुओगीत हुन् भन्ने कुराको चर्चा गरेका छन् । यस पुस्तकलाई अछाममा मनाइने भुओगीतको अध्ययनमा सहायक पुस्तकका रूपमा लिन सकिन्छ ।

(च) तेज प्रकाश श्रेष्ठले वि.सं. २०४४ मा 'अछामी लोकसाहित्य' भन्ने पुस्तकमा अछामी लोकगीतका बारेमा सामान्य परिचय दिएका छन् तर भुओगीतको विस्तृत अध्ययन भने गरेका छैनन् । त्यसैले यसलाई लोकगीतको सहायक पुस्तकका रूपमा लिइएको छ ।

(छ) चूडामणि बन्धुले वि.सं. २०५८ मा 'नेपाली लोकसाहित्य' नामक पुस्तकमा भुओ सम्बन्धी विचारहरू प्रस्तुत गरेका छन् तर त्यसमा अछाममा प्रचलित भुओगीतको चर्चा गरेका छैनन् । अछाममा मनाइने भुओखेलको बारेमा चर्चा नगरेको भएता पनि यसको अध्ययन गर्नु आवश्यक रहेको छ ।

(ज) उमाशंकर जोशीले वि.सं. २०५९ मा बझाङ्गी समाजको स्मारिका 'भुओ संक्षिप्त चिनारी' लेखेका छन् तर अछामको भुओगीत सम्बन्धी कुनै कुराको उल्लेख गरेका छैनन् । यसले अछामको भुओगीतको अध्ययनमा सहयोग पुऱ्याएको छ ।

(झ) गोविन्दप्रसाद पाण्डेले वि.सं. २०६० मा 'देउडा विगतदेखि वर्तमानसम्म' भन्ने पुस्तकमा भुओगीतलाई नृत्यप्रधान गीतका रूपमा चिनाएका छन् । यसमा भुओगीत सम्बन्धी केही कुरा नलेखिएको भएता पनि यसको अध्ययन गर्नु आवश्यक रहेको छ ।

(ञ) हितराज जोशीले वि.सं. २०६१ मा 'बझाङ्गी संस्कृतिमा भुओगीतको अध्ययन' शीर्षकको शोधपत्र गरेका छन् तर अछामको भुओको बारेमा कुनै जानकारी गरेका छैनन् । त्यसैले यसले अछामको भुओगीतलाई के कति सहयोग पुऱ्याउँन सक्छ भनेर यसको अध्ययन गर्नु पनि आवश्यक रहेको छ ।

(ट) मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले वि.सं. २०६३ मा 'लोकवार्ता विज्ञान र लोकसाहित्य' भन्ने पुस्तकमा भुओको सम्बन्ध भूतसँग रहेको हुँदा यसद्वारा भूतलाई भगाइन्छ भन्ने मान्यता रहेको छ । ढाल तरबार आदि लिएर भुओ नृत्य वा भुओखेल वीर भावका साथ प्रस्तुत गरिन्छ तर यस क्रममा गाइने गीतमा केही अश्लीलता पनि रहेको हुन्छ भनेका छन् । यस पुस्तकलाई अछाममा मनाइने भुओ गीतमा सहयोगी पुस्तकका रूपमा लिइएको छ ।

(ठ) जयराज पन्तले वि.सं. २०६४ मा 'डोटेली भो पर्वका गीत र गाथाहरू' भन्ने पुस्तकमा भुओ खास गरी वृषलहरूको पर्व हो । जसरी नारीहरूले घरबाहिर गएर स्वतन्त्र रूपमा मनपरी गरी मनोरञ्जन गर्ने अवसर पुत्र विवाहको जन्ती गएका दिनको राती आयोजना गरिने रतेली हो भने पुरुषहरूको चाहिँ भो पर्व हो भनेका छन् । यस पुस्तकलाई पनि अछाममा मनाइने भुओपर्वगीतको अध्ययन गर्दा सहायक पुस्तकका रूपमा लिन सकिन्छ ।

(ड) रत्नाकार देवकोटाले वि.सं. २०६५ माघ २०६६ असारमा 'लोकसंस्कृति' अनुसन्धानमूलक अर्द्धवार्षिक पत्रिकामा काली-कर्णाली खण्डमा मनाइने भुओ पक्ष, तिथि, बार, नक्षत्र, योग तथा महिनाको आधारमा निर्धारित पुण्यकाल भनि तिथिलाई समेत किटान गरी परिभाषा लगाइएकोले यस खण्डमा मनाउने भूओ खास तिथि, ठाउँअनुसार फरक तिथि र फरक महिनामा भए पनि आखिरी तिथिकै आधारमा मनाइने हुँदा यसलाई एउटा पर्व मान्नु उपयुक्त देखिन्छ भनेर अनुसन्धानमूलक लेखमा उल्लेख गरेका छन् । त्यसैले यसको अध्ययन गर्नु पनि आवश्यक रहेको छ ।

(ढ) मानबहादुर बडुवालले वि.सं. २०६६ मा 'बाजुराली संस्कृतिमा भुओ गीतको अध्ययन' शीर्षकमा शोधपत्र गरेका छन् तर अछामको भुओको बारेमा कुनै जानकारी गरेका छैनन् । तसर्थ अछामको भुओको अध्ययन गर्दा यसले के कति सहयोग पुऱ्याउँछ भनेर अध्ययन गर्नु आवश्यक रहेको छ ।

यसरी माथि उल्लेख गरिएका विभिन्न भनाइहरूमा अछामको भुओको सम्बन्धमा कुनै किसिमको जानकारी दिएको पाइँदैन । जानकारी नदिएको भए तापनि अछाम जिल्लामा प्रचलित भुओगीतको अध्ययन गर्दा ती सबैको अध्ययन गर्नु अति नै आवश्यक रहेको छ । त्यसैले यिनीहरूलाई यहाँ पूर्वकार्यको समीक्षाका रूपमा राखिएको छ ।

## १.५ शोधकार्यको औचित्य

नेपालका लोकगीतको अध्ययन अनुसन्धानमा अहिलेसम्म भएका कार्यहरू प्रयाप्त र पूर्ण छैनन् । नेपालका कुना काप्चामा रहेका असंख्य लोकगीतहरूको सङ्कलन र विश्लेषण व्यापक रूपमा हुन बाँकी नै रहेको छ । लोकगीतका क्षेत्रमा हुन बाँकी यस्तै कार्यहरू आंशिक रूपमा भए पनि पूर्ति गर्ने लक्ष्य राखेर प्रस्तुत शोधपत्र तयार पारिएको हो । मौखिक रूपमा रहेका तथा लोप हुन लागेका भुओगीतहरूलाई लिपिबद्ध गरेर राष्ट्रिय स्तरमा तिनको परिचयका साथ विभिन्न कोणबाट विश्लेषण गरी नेपाली लोकगीतको अध्ययनमा थप योगदान पुऱ्याउने प्रस्तुत शोधकार्यको औचित्य रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र नेपालको सुदूरपश्चिमको सेती अञ्चलमा पर्ने अछाम जिल्लाको सीमाभित्र रही तयार पारिएको छ । यो शोधपत्रको कार्य मूलतः अछाम जिल्लाका सिद्धेश्वर, मष्टामाडौं र हात्तीकोट आदि गाउँ विकास समितिमा केन्द्रित भई भुओगीतको अध्ययन गर्नु यस शोधकार्यको सीमा रहेको छ ।

## १.७ शोधविधि

### (क) सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनको सामग्री सङ्कलन क्षेत्रीय अध्ययन पद्धतिमा आधारित रहेको छ । विशेष गरी अछाम जिल्लाका सिद्धेश्वर, मष्टामाडौं र हात्तीकोट आदि गाउँ विकास समितिमा प्रचलित भुओगीतलाई सम्बन्धित क्षेत्रमा गएर भिडियो रेकर्ड र टेप रेकर्डद्वारा सङ्कलन गरी सो अध्ययन कार्य पुरा गरिएको छ ।

### (ख) सामग्री विश्लेषण विधि

डेल हाइम्सको 'कथनको पद्धति' लाई आधार बनाएर आगमनात्मक विधि र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## १.८ शोधकार्यको रूपरेखा

पहिलो अध्याय – शोधपरिचय

दोस्रो अध्याय – अछाम जिल्लाको परिचय

तेस्रो अध्याय – लोकगीतका परिप्रेक्ष्यमा भुओ पर्वगीत

चौथो अध्याय – अछाम जिल्लामा प्रचलित भुओ पर्वगीतको सङ्कलन

पाँचौ अध्याय – अछाम जिल्लामा प्रचलित भुओ पर्वगीतको विश्लेषण

छैटौं अध्याय – उपसंहार तथा निष्कर्ष

सन्दर्भ ग्रन्थ सूची

परिशिष्ट

# अध्याय दुई
## अछाम जिल्लाको परिचय

### २.१ विषय प्रवेश

नेपाल अधिराज्यका पाँच विकास क्षेत्रहरूमा सुदूरपश्चिम पनि एक विकास क्षेत्र हो । यही सुदूरपश्चिमाञ्चलमा पर्ने दुई अञ्चलहरूमा सेती एक हो । यसको गणना मेची अञ्चलबाट गर्दा तेह्रौंमा पर्दछ भने महाकालीबाट गर्दा दोस्रोमा पर्दछ । यस सेती अञ्चलमा पाँच जिल्लाहरू छन् । ती मध्येकै अछाम एक हो । यस जिल्लाको गणना दक्षिण वा उत्तर जताबाट गरिए पनि तेस्रोमा पर्दछ ।[१] नेपालको एकीकरण हुनुपूर्व अछाम एक सानो स्वतन्त्र राज्य थियो । त्यो सानो राज्य बाइसे राज्यहरूको एउटा सदस्यका रुपमा उपस्थित थियो । अछाम जिल्ला पूर्वमध्यकालमा कर्णाली प्रदेशको मूलद्वारका रूपमा रहिआएको तथ्य हामी इतिहासमा भेटाउन सक्छौ । यही अछामबाट नै कर्णाली प्रदेशमा सभ्यताको विकास भएको पनि मानिन आउँछ । अछाम सदैव स्वतन्त्र भने रहन सकेन । केही समय अछाम राज्यले डोटीका अधीनमा रहनुपरेको तथ्य सर्वविदितै छ । डोटीबाट स्वतन्त्र भएपछि अछाम स्वतन्त्र बाइसे राज्यका रूपमा खडा हुन पुग्यो । त्यसपछि अछामले मध्यकालमा विकसित खस राज्यको प्रतिनिधित्व गरेको प्रमाण पनि आज हामी पाउन सक्छौं ।

पचहत्तरवटा गा.वि.स. र दुईवटा संसदीय निर्वाचनक्षेत्र रहेको यस जिल्लामा तेह्र वटा इलाका रहेका छन् । अछाम जिल्लाको सदरमुकामका लागि पहिले किचलो भएको भए पनि अहिले मंगलसेनलाई नै सबैले स्वीकार गरेका छन् । यस जिल्लाको फैलावट २८.४५ देखि २९.३३ सम्म अक्षांश र ८१.०२ देखि ८१.३५ देशान्तरसम्म विस्तार भएको छ । समुद्र सतहदेखि अछाम जिल्ला ५४० मिटरबाट ३,८२० मिटरसम्म उचाइँमा रहेको छ । यसको कुल क्षेत्रफल १६,२९२ वर्ग किलोमिटर रहेको छ । वि.सं. २०५८ को जनगणना अनुसार यस जिल्लाको जनसंख्या २,३१,२८५ रहेको छ भने प्रति हेक्टर जनघनत्व १.३८ रहेको छ ।[२]

### २.२ नामकरण

'अछाम' नामकरणका बारेमा विभिन्न भनाइहरू रहिआएका छन् । तिनीहरू क्रमशः निम्नानुसार प्रस्तुत गरिन्छ :-

भारतको गुजरात विद्यानगरबाट गोपाल ऋषि भट्ट नेपालमा आएका थिए । यिनका सातौं पुस्ताका काशीनाथ ऋषि भट्ट हुन् । काशीनाथ ऋषि भट्टका सातौं पुस्ताका निम्बुखर भट्ट हुन् । निम्बुखर भट्ट डोटी जिल्लाको खतेडामा आई बसेका थिए । यिनका चार भाइ छोराहरू थिए । ती चार छोराहरूमा जेठा भाष्कर भट्ट, माहिला प्रभाष्कर भट्ट, साहिंला लल्ल र कान्छा विलल्ल भट्ट हुन् । भाष्कर भट्ट खतेडामा बसेका हुनाले यिनका सन्तानलाई खतिवडा भन्न थालियो । माहिला र साहिंला अन्यत्र गई बस्न थालेपछि यिनीहरूका सन्तानलाई क्रमशः ओझा र गोतामे भन्न थालियो ।

---

[१] पूर्णप्रकाश नेपाल 'यात्री'**सेती अञ्चल दिग्दर्शन**,(बिराटनगरः हिमाली सौगात प्रकाशन, २०३५), पृ. ४७ ।

[२] राजाराम सुवेदी, **अछामको इतिहास**, (अछामः वैद्यनाथ क्षेत्र २०५८), पृ. ११ ।

निम्बुखर भट्टका कान्छा छोरा अछामको वैद्यनाथ क्षेत्र हुँदै घुम्दै फिर्दै सिंजापति महाराज समुद्रपालको यज्ञमा पुगे । खस राजा समुद्रपालले एउटा ठूलो यज्ञको आयोजना गरी धेरै ब्राह्मणहरूलाई निमन्त्रणा गर्नुका साथै आफ्ना इष्टमित्रहरूलाई पनि उक्त यज्ञमा निमन्त्रणा गरेका थिए । खस राजा सिंजापति महाराज समुद्रपालकी एउटी राजकन्या थिइन् । उनको नाम हार्मता  थियो । हार्मताको स्वयम्बर गरी विवाह गर्ने इच्छा थियो । छोरीको इच्छा बमोजिम खस राजा समुद्रपालले उक्त यज्ञमा विभिन्न राजपुत्र वा राजकुमारहरूलाई बोलाएका थिए । सोही यज्ञमा कुनै राजपुत्रलाई स्वयम्बर गर्न हार्मतालाई आज्ञा दिने योजना खस राजाको थियो । यसै योजना बमोजिम राजाले हार्मतालाई कुनै राजपुत्रलाई स्वयम्बर गर्न हुकुम बक्स हुँदा राजकन्याले त्यहाँ उपस्थित कुनै पनि राजपुत्रलाई स्वयम्बर नगरी सबैको सोचाइभन्दा पृथक निर्णय गर्न पुगिन् । उनले ब्राह्मणपुत्र विलल्ल भट्टलाई वरमाला पहिराई स्वयम्बर गरिन् । यो देखेर यज्ञमा उपस्थित ब्राह्मणहरू तथा राजारजौटाहरू आश्चर्य चकित भए र राजा स्वयम् किकर्तव्यविमुढ भए । राजाले पहिले नै हार्मताले गरेको स्वयम्बरलाई स्वीकार्ने बाचा गरेकाले हार्मताको उक्त निर्णयलाई उनले समर्पण गरे । विलल्ल भट्ट र हार्मताको स्वयम्बरपछि छोरी ज्वाइँलाई राजाले जुम्लाकै सामल चौरमा बस्ने व्यवस्था मिलाइदिए । केही समय पश्चात् हार्मताबाट एक पुत्र जन्मे । उनको नाम देवचन्द्र राखियो । देवचन्द्रको जन्म भएको केही समयपछि उनका पिता बिलल्ल भट्टको मृत्यु भयो । त्यसपछि हार्मताका पिता समुद्रपालले आफ्नी छोरी हार्मतालाई ‘नौखूवा’ अछाम दाइजो दिए । देवचन्द्रका दाहिने बाहुमा चन्द्र चक्र थियो । त्यो चक्रदेखि राजा समुद्रपालले तिमी सोमवंशी भयौ भनी नौखूवा अछाममा गई राज्य गर्ने हुकुम दिए । राजा समुद्रपालले दाइजो दिएको भू-भाग हो- पूर्व हालको कालिकोट जिल्लाको लालु लोखडा कर्णाली हुँदै दुल्लुको स्युवाग पश्चिम चौखुट्या उत्तर हिमन्याँको भगौती ढुङ्गो र दक्षिण मलवारा बाउन्ने गाउँ उपर्युक्त चारकिल्ला भित्र पर्ने हालको सेरा गा.वि.स. अन्तर्गतको बूढीथर्पूमा रजाई गर भन्ने हुकुम खस राजाबाट भयो । ब्राह्मण पुत्र विलल्ल भट्ट र ठकुरी पुत्री हार्मताका पुत्र देवचन्द्र बूढीथर्पूमा राजा भई ‘नौखूवा’ को राज्य सञ्चालन गर्न थालेको घटनालाई त्यहाँका प्रजाहरूले आश्चर्य माने । उनीहरूले बूढीथर्पूलाई अचम्म राज्य भन्न थाले । यो ‘अचम्म’ शब्द अपभ्रंश भई अचम्म > अच्छम्म > अछम्म > अछाम भयो ।[३] हाल पनि सेरा बूढीथर्पूलाई बड्डी अछाम भन्ने गरिन्छ ।

लोक प्रचलित दोस्रो मत अनुसार हिन्दुस्तान भारतबाट लगभग शाके १०६ देखि ११४ तिर आएका अछामीहरूका पूर्खाहरू नेपाल-भारत सिमाना झुलाघाटको बाटो भएर बैतडी हुँदै अछामको बूढीगंगा निकट वैद्यनाथ क्षेत्रमा पुगे । तिनीहरू आषाढ महिनाको अन्त्यतिर त्यहाँ पुगे । वैद्यनाथ क्षेत्रमा राम्रा पाकेका आँपहरू थिए । तिनीहरूले ती आँपहरू खाए । हिन्दी भाषामा तिनीहरूले ‘अच्छा आम’ भने । पछि अच्छा आम पाइने ठाउँ भन्ने गरियो । ‘अच्छा’ र ‘आम’ शब्दका बीचमा सन्धि भई ‘अच्छाम’ भयो । ‘अच्छाम’ शब्द अपभ्रंश भई अछाम हुन गयो ।[४]

---

[३] विष्णु उपाध्याय, **अछामको वंशावली** (अप्रकाशित) ।

[४] चेतराज उपाध्याय, **अछाम जिल्लाका पुराना कुराको टिपोट** (अप्रकाशित) ।

लोकप्रचलित तेस्रो मत अछाम जिल्लाको वीरपथ गा.वि.स.मा पर्ने स्याउलेका स्व. शुभनाथ भण्डारीले पूर्णप्रकाश नेपाल 'यात्री' लाई बताएको कुरा 'यात्री' को 'सेतीको नालीबेली' मा उल्लेख भएको अंशबाट लिइएको छ । जुन यस प्रकार रहेको छ ।

"श्री वण्डालीको गुठ स्थापना भएको कनकपत्र म सँग थियो । त्यसमा बाइँकोट दरबार स्थापना गरी देवचन्द्र सामलको राज्यभिषेक गर्दा सिंजापति महाराज समुद्र पाल आफ्नी रानी तारादेवी समेत यस बूढीथर्पूमा आई यस राज्यको नामकरण गरेको पनि लेखिएको थियो. । सिंजापति महाराजका कर्णाली नदी पश्चिम पर्ने ठाउँहरू कुडीथर्पू, जीउथर्पू, पिउथर्पू, रइथर्पू, वजिथर्पू, चुलीथर्पू, भिउथर्पू, तडीथर्पू, बूढीथर्पू समेत 'नौखूवा' रहेछन् । त्यसबेला यस थर्पूको महिमा अग्लो पार्ने तीनवटा पानीका मूल रहेछन् । तीनैवटा मूलको पानी माटो नछोइकन ढुङ्गा फोरेर निस्किएको हुनाले यसको नाम अस्माम्बु राखिएको रहेछ । पछि-पछि अस्माम्बु > अच्छाम्ब > अच्छाम्म हुँदै 'अछाम' रहेको कुरा लेखिएको थियो ।[५]

अछाम नामकरणको चौथो मत अनुसार परापूर्व कालमा आश्वलायन ऋषि खेचराद्रि-पर्वतमा (खप्तड क्षेत्रमा) तपस्या गर्न आउँदा उनका साथमा एउटा शिष्य (चेला) पनि आएका थिए । उनी बाल ब्रह्मचारी हुनाले ऋषि आश्वलायनले त्यस्ता शिष्यलाई आफ्नो मद्दतका लागि योग सिकाउनका निम्ति साथमा ल्याएका थिए । ती शिष्यको नाम अक्षम थियो । आफ्ना गुरु आश्वलायनको आज्ञा अनुसार ती अक्षम ब्रह्मचारी कैलाश नदीको उद्गम स्थल हालको रामारोशन क्षेत्रमा आएर तपस्या गरी बसे । उनका तपस्याका तेजले वरपरको वातावरण अत्यन्तै तेजोमय र आकर्षक सुनौलो भयो । त्यस्तो तेजोमय धरती भएकाले सो धरतीलाई अक्षमस्थल भनियो । सो अक्षमस्थल हालको रामारोशन मात्र नभई त्यस वरपरको क्षेत्रलाई 'अछाम' भन्ने नाम दिइयो । रामारोशनलाई हाल 'सांग्रिला भूमि' भनिँदै आएको छ ।[६]

अछाम नामकरणको अन्तिम आधार राजकुमार अक्षय मल्लको अछाम नौखूवा विनायक बासलाई मान्न सकिन्छ । राजकुमार अक्षय मल्ल कर्णाली प्रदेशका राजा जितारि मल्लका जेठा छोरा थिए । मल्ल राजा भएको प्रमाण पाइएको छैन, बरु उनी राजकुमार छँदा नौखूवा अछामको पूर्वतर्फ कर्णाली नदीको पश्चिम तटमा पर्ने विनायक क्षेत्रमा केही काल बसेका थिए । राजकुमार अक्षय मल्ल अत्यन्तै धर्मात्मा र प्रजावत्सल थिए । उनी महन्त वा भिक्षु भएर शान्तमय जीवनयापन गर्न चाहन्थे । उनले अछामभर ठाउँ-ठाउँमा देव, नाउला र मुग्राहरू निर्माण गराएका थिए । अछामभर जतिपनि नाउला (कुवा) छन् ती सबै अक्षय मल्लले निर्माण गरेका हुन् भन्ने सुनिन्छ । अछाममा त्यो निर्माणको अभियान गरेका राजकुमार अक्षय मल्ल राजकाजमा कुनै लोभ लालच नराखी परिव्राजक महन्त वा भिक्षु भएर तिब्बततिर लागे । यस्ता

[५] पूर्ण प्रकाश नेपाल, 'यात्री', **पूर्ववत्**, पृ. १३४ ।

[६] राजाराम सुवेदी, **पूर्ववत्**, पृ. २८ ।

महात्मा राजकुमारको सम्झनामा सो नौखूवा क्षेत्रलाई अक्षय मल्ल भूमि भने । त्यही अक्षय मल्लबाट अक्षयम् भयो र अन्त्यमा अछाम भयो ।[७]

निष्कर्षमा अछाम जिल्लाको नामकरणको ठोस आधार यही हो भनेर ठोकुवा गर्न त गाह्रै पर्छ । तर पनि बढी विश्वास गर्न सकिने आधारलाई अघि सार्न भने सकिन्छ । अछामको सेरा गा.वि.स.मा पर्ने बूढीथर्पूलाई आज पनि 'बड्डी अछाम' भनिने हुनाले बिलल्ल भट्ट र हार्मताको वैवाहिक सम्बन्ध र ब्राह्मणपुत्रले राजकाज कार्य गरेको घटनालाई तत्कालीन समाजले 'अचम्म' शब्दको अपभ्रंश रूप अछामलाई नै अछाम नामकरणको विश्वसनीय आधार मान्न सकिन्छ ।

## २.३ **भौगोलिक बनावट** (अवस्था)

भौगोलिक रूपमा अछाम मध्य पहाडी जिल्ला अन्तर्गत पर्दछ । अछाम जिल्लाको भौगोलिक बनावट हेर्ने हो भने यो जिल्ला बाजुरा बझाङदेखि दक्षिण, कालिकोटबाट दक्षिण-पश्चिम, दैलेखबाट पश्चिम, सुर्खेतबाट उत्तर,  डोटीबाट पूर्वतर्फ पर्दछ । अछामको भौगोलिक बनावट बेंसी तथा टार देखि लिएर पहाडी उच्च पहाडी क्षेत्रसम्म विस्तार भएकाले यहाँ सबै प्रकारको हावापानी पाइन्छ । हावापानीका आधारमा अछामको भौगोलिक बनावट तीन खण्डमा विभाजन गर्न सकिन्छ ।

### २.३.१ लेकाली प्रदेश

लेकाली प्रदेश चिसो र हिउँ पर्ने भूमिलाई भनिन्छ । यस प्रदेशमा समुद्र सतहबाट ३,१३४ मिटरभन्दा अग्लो पहाडी भू-भाग रहेको छ । लेकाली प्रदेशमा चिसो हावापानीमा हुने सल्ला, गुराँस, बाँज, खराज, उत्ति, काफल र अयाँर जस्ता वृक्षहरू र विभिन्न किसिमका झार तथा जडीबुटीहरू पाइने गर्दछन् । लेकाली प्रदेशमा पर्ने अछामका केही गा.वि.स.हरू खप्तड, देवीस्थान, बुढाकोट, पातलकोट, मार्कु, रामारोशन, गुराँसे लेक आदि हुन् । यस प्रदेशमा विभिन्न किसिमका वन्यजन्तुहरू पनि पाइन्छन् । चिसोका कारण लेकाली प्रदेशमा खेती प्राय कम फल्ने गर्दछ ।

### २.३.२ पहाडी प्रदेश

लेक प्रदेशदेखि  तलको व्याँसी वा टारदेखि माथिको भागलाई पहाडी प्रदेश मान्न सकिन्छ । यसको उचाइँ मध्यमस्तरको छ । यहाँ ३,१३४ मिटर भन्दा होचो र १,२२० मिटरभन्दा अग्लो पहाडी भूभाग यस प्रदेशमा पर्दछ । यस प्रदेशमा अछामका धेरैजसो गा.वि.स. रहेका छन् । जसमध्ये सिद्धेश्वर, घुघुरकोट, बाब्ला, मष्टामाडौं, भागेश्वर, रिडिकोट, मष्टावण्डली, हात्तीकोट, घोडासैन, जाल्पादेवी, लुङ्ग्रा, पायल आदि हुन् । यस प्रदेशमा हावापानी अनुकूल भएका कारण अन्य प्रदेशको भन्दा बढी जनसंख्या रहेको पाइन्छ । यहाँ न धेरै गर्मी न धेरै चिसो हुनाले यहाँ उब्जनी पनि अन्य प्रदेशका अनुपातमा बढी नै हुने गर्दछ । यस प्रदेशमा धान, गहुँ, कोदो, भटमास, मकै आदि अन्न बाली फल्ने गर्दछन् ।

[७] ऐजन ।

### २.३.३ उपत्यका-बगर प्रदेश

उपत्यका बगर प्रदेश भन्नाले २४० मिटरदेखि अग्लो १,२२० मिटरभन्दा होचो क्षेत्रलाई भन्ने गरिन्छ । अर्को नामले भन्दा यसलाई औल प्रदेश पनि भन्ने गरिन्छ । अछामका त्यस्ता ठाउँमा सिंचाइको व्यवस्था रहेको छ भने घनावस्ती पनि त्यत्तिकै बढ्दै जान थालेको छ । सिंचाइको जमिन भएका कारण यहाँ धान, गहुँ र तरकारी खेती प्रशस्त मात्रामा फल्दछन् । यस्ता प्रदेशमा साँफेबगर, ठाँटी, ताँसी, टोटाशाल, कालिमाटी, लोड्याघाट, कर्णाली नदीको किनार, बूढीगंगाको किनार, छिपेखोलाको किनार, कमलगाउँ आदि रहेका छन् ।

### २.३.४ हावापानी

मध्य पहाडी जिल्ला अछाम २८°४५’ देखि २९°३३’ उत्तरी र ८१°०२’ देखि ८१°३५’ पूर्वीय देशान्तरसम्म विस्तार भएको छ । यो जिल्ला समुद्र सतहदेखि ५४० मिटरबाट ३,८२० मिटरसम्मको उचाइँमा रहेको छ । यहाँ अधिकतम २३°C र न्यूनतम १३°C तापक्रम पाइन्छ । यहाँ वर्षेनी औसत वर्षा १,७९१ मिलिमिटरसम्म रहेको पाइन्छ ।[८] यस जिल्लाको केही भूभाग बाहेक धेरै भूभागमा समशीतोष्ण हावापानी पाइन्छ । केही उच्च पहाडी लेकमा साह्रै ठण्डी हुन्छ भने नदीका किनारमा अथवा बेंसी तराइ जत्तिकै गर्मी हुन्छ । यहाँ असोज महिनादेखि चैत्र महिनासम्म जाडो हुन्छ भने बाँकी महिनामा न्यानो र शीतल दुवै हुन्छ । यहाँ मनसुनी वायुले हिउँद र वर्षा दुवैमा वर्षा हुने हुँदा पुष-माघ तथा जेष्ठदेखि भाद्र महिनासम्म पानी पर्छ । पूर्णप्रकाश नेपाल ‘यात्री’ ले भने सेती अञ्चल दिग्दर्शनमा अछामको सालाखाला तापक्रम अधिकतम २६°C र न्यूनतम २४°C उल्लेख गरेका छन् ।

### २.३.५ नदीनाला र ताल

अछाम जिल्लामा रहेका नदीनाला र माललाई छुट्टाछुट्टै रूपमा निम्नानुसार देखाउन सकिन्छ ।

#### २.३.५.१ नदीनाला

अछाम जिल्लाको आधा सिमानासम्म बग्ने कर्णाली नदी नेपाल बाहिरबाट आउने हिमनदी हो । अछाम जिल्लाको भैरवस्थान गा.वि.स.को असाराघाटदेखि दक्षिणतिर उत्पादन गर्ने उद्देश्यले एउटा परियोजना निर्धारण गरिएको छ । यसको नाम माथिल्लो कर्णाली (Upper Karnali Project) रहेको छ । कर्णाली नदी बाहेक अछाम जिल्लाका अन्य मुख्य नदी तथा गाड एवम् खोलाहरू हुन् :– बूढीगंगा नदी, कैलाश खोला, चाइरारओको गाड, कुइका गाड, विनायक गाड, प्रभाली गाड, लुङ्ग्रेली गाड, सोकट गाड, जिजाडी गाड, पायले गाड, आडतोलीगाड, छिपेखोला, मौरेखोला, लोड्या गाड, जनाली रओको गाड आदि प्रमुख हुन् ।

---

[८] **ऐजन** पृ.११ ।

### २.३.५.२ ताल

अछाम जिल्लाको पर्यटकीय स्थलको रूपमा मानिने रामारोशनलाई स्थानीय जनजिब्रोले १२ वण्ड १८ खण्ड भन्ने गर्दछन् । यस क्षेत्रमा तालैताल, गोलपाटन, सहरित वनजङ्गलले प्रकृतिले लघु साम्राज्य गुमुक्क लुकेर बसेको छ । यस लघु साम्राज्यभित्र १२ वटा मनोरम ताल, आकर्षक गोलपाटनऔ छ मिटर सम्म बढी गोलाइ भएका विशाल वृक्षहरू सुनमा सुगन्ध भर्न सफल छन् ।[९] सामान्य अर्थमा ताल तलाऊ, वनजङ्गल र पाटन समेतका् प्राकृतिक अवस्था नियाल्दा १८ अनुहार देखिने हुनाले यसलाई १२ वण्ड र १८ खण्ड भनिएको अनुमान गर्न सकिन्छ भन्ने कुरा पूर्णप्रकाश नेपाल 'यात्री' ले सेती अञ्चल दिग्दर्शनमा उल्लेख गरेका छन् । रामारोशन क्षेत्रका तालहरू :- (१) कैलाश ताल (२) बाटुला ताल (३) धौने ताल (४) रामारोशन ताल (५) लिसेडाली ताल (६) सुन्दरी ताल (७) ताउले ताल (८) गाग्रे ताल (९) दलदल्या ताल (१९) विसौन्या ताल (११) भैंसा ताल र (१२) सैनी ताल हुन् ।

उपर्युक्त तालहरूमध्ये सबैभन्दा ठूला र दर्शनीय तालहरू रामारोशन र सुन्दरी ताल हुन् ।

माथि उल्लिखित तालबाहेक अछाममा अन्य तालहरू पनि छन् । जसमा कुइका गा.वि.स.को मानसैनको बण्ड, कमल बजार क्षेत्रको बण्ड, काला गाउँको लेखकको बण्ड, ॠषिदहको ताल, खप्तडको ताल आदि प्रमुख छन् ।

रामारोशन क्षेत्रका बाह्रवटा बण्ड मध्ये सातवटा खोलिएका र पुरिएका छन् भने बाँकी पाँचवटा यथावतै रूपमा रहेका छन् ।

## २.३.६ वन जङ्गल र जडीबुटी

अछाम जिल्लामा रहेका वनजङ्गल र जडीबुटीहरूलाई पनि छुट्टाछुट्टै रूपमा उल्लेख गर्न सकिन्छ ।

### २.३.६.१ वनजङ्गल

अछाम जिल्लाको कुल क्षेत्रफलको ४९ प्रतिशत वन सम्पदाले ढाकेको छ । ती वन सम्पदालाई कडा काठ, सल्लेरी वन र मिश्रित वन गरी तीन प्रकारले विभाजन गर्न सकिन्छ ।[१०]

यस जिल्लाको वन जङ्गललाई २ भागमा बाँड्न सकिन्छ । (१) कोणधारी वन र (२) मिश्रित पतझड वन ।[११] यी दुवै प्रकारका वनहरू सधैं हराभरा देखिन्छन् ।

साल, सिसौ, खयर, टुनी, गिठा जस्ता दार हुने खालका वनलाई कडाकाठ वनअन्तर्गत राख्न सकिन्छ । त्यसैगरी सल्ला, धूपीसल्ला, गोभेसल्ला, झरेसल्ला पाइने वनलाई सल्लेरी वन र खर्सु, बाँझ, खऱ्याज, उत्तिस, कुटुस, फलाँट, काउलो, पैयुँ,

---

[९] पूर्णप्रकाश नेपाल 'यात्री', **पूर्ववत्,** पृ. ५३ ।

[१०] राजाराम सुवेदी पूर्ववत् पृ. १२ ।

[११] पूर्णप्रकाश नेपाल 'यात्री' पूर्ववत् पृ. ५० ।

अयाँर, खनायो, बैंस, दुदुल्लो, काफल, तिंदु, गुराँस जस्ता रुखहरू पाइने वनलाई मिश्रित वन भनिन्छ ।

कोणधारी वन भन्नाले अग्लो ठाउँमा पाइने बाक्लो वनलाई बुझिन्छ भने मिश्रित पतझड वन भनेको केही हिउँदमा पात झर्ने रुखहरू भएको र केही चैत बैशाखमा पात झर्ने रुखहरू भएको वनलाई भनिन्छ ।

अछाम जिल्लामा पाइने अन्य रुखहरू बेरुलो, सिउँतारे, भिमल, बड्धाइयो, जामुनो, रिठो, मेल, सिर्मु, शिरीष, सिमल, खडिक, मालु (मालती) मौवा, काप्रो, वर-पीपल, सानन्, (साँदन), ठिन्को, काउलो, तजकाउलो, हाडे काउलो, बाँस, वेत, निगालो, जिङ्नु, आदि हुन् । त्यसैगरी अछाममा पाइने झारहरू बयर, ऐंसेलु, घगारु, मलेवा, विस्याउ, उन्यू, काँजी, चुत्रो, असुरो, कालो असुरो, बुको, पाती, सिस्नो, अडिलो, गोलकाँक्रो, कुँयली आदि हुन् ।

### २.३.६.२ जडीबुटी

अछाममा विभिन्न किसिमका जडीबुटीहरू पाइन्छन् । ती जडीबुटीहरू विभिन्न रोगहरूलाई ठीक गर्न प्रयोग गरिन्छन् । अछाममा हर्रो, बर्रो र अमला (त्रिफला) को प्रयोग वाथ, पित्त, कफ आदि रोगको लागि प्रयोग गरिन्छ । जुका लाग्नबाट बच्न तथा मसालाको रूपमा टिमुर प्रयोग गरिन्छ । रुघाखोकी ठीक गराउन टिमुरे पानी बनाइन्छ । तेजका पातहरू चियामा हालेर पकाइ खानाले स्वास्थ्य ठीक हुन्छ । साउन-भदौमा बारीमा उम्रने आगिजाले पिसेर शरीरमा दलेमा लुतो र चिलाउने रोग ठीक गरिन्छ । पीपलको बोक्रा ताछेर कुटी पानीमा मिसाइ तामाको लोहोटामा साँझ राखेर बिहान उठ्ने बित्तिकै कपडाले छानी एक हप्तासम्म सेवन गरेमा कमल पित्त (जन्डिस) रोग ठीक गरिन्छ । सल्लाको र दबदबेको खोटो थिचिएको नङ गएको घाउमा लगाइन्छ र ठीक हुन्छ । चुत्राको (अछाममा त्रिखुला भनिन्छ) माटोभित्रका जराहरू ताछी कुटेर पानीमा मिसाइ खानाले पेटका जुका मर्छन् । यो पनि बिहान उठ्ने बित्तिकै सेवन गर्नुपर्दछ । (लगभग एक हप्ता) । हातखुट्टा भाँचिएमा विभिन्न रुखका बोक्राकुटी काप्रो बाँधेमा हात-खुट्टा जस्ताको तस्तै हुन्छ । भकाइनाको दाना खाएमा वान्ता ठीक हुन्छ । पाँगरको दाना पिसेर पानीमा मिसाइ गाई, भैंसी आदिको नाकमा हालेमा तिनीहरूका नाकका जुका झर्छन् । आकाशबेलीका लहरा गाई, भैंसीलाई खुवाउँदा सर्पको विष ठीक हुन्छ । सतुवा विभिन्न रोगको लागि प्रयोग गरिन्छ । पुदिनाको अचार खानाले मानिस स्वस्थ हुन्छ । पुदिना धोएर त्यसै खाएमा ग्यास्टिक ठीक हुन्छ ।

यसरी माथि उल्लेखित जडीबुटीका अतिरिक्त अन्य तमाम जडीबुटीहरू अछाममा पाइन्छन् र तिनीहरूको प्रयोग पनि सफल रूपमा भइरहेको छ ।

अछाममा पाइने मुख्य फलहरूमा काफल, त्रिखुला (चुत्रा) ऐंसेलु, जामुनो, आँप, आरु, अमला, अम्बा, मेवा, केरा, सुन्तला, आरुपोखा, मलेवा, घगारु, कटहर, नासपाती आदि हुन् ।

अछाम जिल्लाका जङ्गलमा पाइने प्रमुख जनावरहरू बाघ, भालु, रतुवा (मृग) बनेल, घोरल, साडो (दुम्सी), पलसाँप्रो, स्याल, ओध, ढ्याडे (वनविरालो) चितुवा, फ्याउरो, ब्वाँसो आदि हुन् । त्यसैगरी अछाम जिल्लामा पाइने चराहरूमा चाखुडो,

(च्याखुरा), डाँफे, गरुढ, बाज, हलेसो, फिन्जो, पाटिकिट्टो (फिस्टो) लिणी (खोलीचरो) सन्टान्नो (मैना) काग, गौंथली, रानीचरी, जुरेली, टनटास, कोइली, चुल्लू, घट्टेचरो, (काफल पाक्यो चरी) गुइडो (भँगेरा) परेवा, तित्रो, डिङिल्चे, (लामपुच्छ्रे चरो) लाटोकोसेरो, ट्वाकट्वाके (रुख खोप्ने चरो) टिट्टुरी, जलेवो (जलचरो) मालुवा, सुगा, बकुल्लो आदि हुन् ।

### २.३.७ खनिज सम्पदा तथा उद्योग

अछाम जिल्लाका विभिन्न ठाउँमा विभिन्न खनिज सम्पदा पाइने विशेषज्ञहरूको भनाइ भए पनि तिनको खोज एवम् अनुसन्धान हुन सकेको छैन । अहिलेसम्म देखिएका खनिज सम्पदामा सुतार र धारासैनको स्लेट ढुङ्गाको खानी महत्त्वपूर्ण मानिन्छ । अछामका विभिन्न ठाउँमा कमेरो र रातोमाटोको खानी छन् । बारला गा.वि.स. को लेकमा मूल्यवान् विशेष ढुङ्गाको खानी छ । यो खानी हालसालै प्रयोगमा आएको छ ।

अछाममा पाइने घरेलु उद्योगहरूमा छविसको नेपाली पहाडी कागज उद्योग वेत, बाँस र निगालोका सामाग्रीहरू अल्लोबाट निर्माण गरिने भाङ्ग्रो उद्योग, स्थानीय ऊनबाट बनाइने सामग्रीहरू र मकैका खोस्टाबाट बनाइने चकटी जस्ता उद्योगहरू पहिले-पहिले निकै प्रचलित थिए । आजभोलि यिनीहरू लोपोन्मुख अवस्थामा छन् ।

## २.४ धार्मिक स्थल

अछाम जिल्ला क्षत्री बाहुनको बाहुल्य भएको जिल्ला हो । त्यसकारण पनि अछाममा बढी हिन्दू धार्मिक स्थलहरू रहेका छन् । त्यहाँ अहिले धर्मप्रति जनभावना सङ्कुचित हुँदै गए पनि प्राचीनकालमा भने धर्मकर्मप्रति अत्यन्तै प्रवल रूपमा आस्था रहिआएको पाइन्छ । प्राचीनकालमा अछाम जिल्लामा हुने खानेहरूले नाम कमाउनका लागि पनि मन्दिर बनाउने गरेको पाइन्थ्यो । अछामका धार्मिक स्थलका रूपमा रहेका मन्दिर र माँडीहरूमा कहीँ बली दिने चलन छ भने कहीँ बली नदिएर वर्षको एकपटक पूजा गर्ने र मेला लाग्ने गर्दछ । अछामका धार्मिक स्थलहरूमा वैद्यनाथ, सिद्धगुफा, प्रभाको माँडी, बान्नीगढी, षोडशादेवी र खापरमाडौं आदि रहेका छन् । यिनीहरूको सङ्क्षिप्त चिनारी यसप्रकार छः

### २.४.१ वैद्यनाथ

वैद्यनाथ अछाम जिल्लाको प्रमुख धार्मिक स्थल हो । यो साँफे बगर बूढीगंगाको पश्चिम तटमा पर्दछ । त्यहाँ बगरको सानो देवल भित्र वैद्यनाथको शिवलिङ्ग स्थापना भएको छ । मन्दिरदेखि पूर्वको किनारमा सरस्ती सल्बलाउँदै बगिरहेर दणितिर हानिएकी छन् ।[१२] अहिले त्यहाँ वेद विद्या आश्रमको स्थापना पनि भएको छ । शिवरात्रीको दिनमा हिन्दू धर्मावलम्बीहरू पूजाको निम्ति डोटी, बाजुरा, बझाङ, दैलेख र कालिकोटबाट पनि यहाँ आउने गर्दछन् । यहाँ दिउँसो शिवजीको पूजा गरिन्छ भने रात्रीमा होरीलाई जगाउने (प्रारम्भ गर्ने) गरिन्छ । यसका साथै युवायुवतीहरूले देउडा खेलेर रात बिताउने गर्दछन् । माघे सङ्क्रान्तिको दिनमा अहिले अछाम जिल्लामा मनाउने सम्पूर्ण चाड पर्वहरूको आयोजना गरिन्छ । सबैले आ-आफ्नो ठाउँबाट विभिन्न खेलमा भाग

---

[१२] धर्मराज थापा, **मेरो नेपाल भ्रमण**, (काठमाडौं : साझा प्रकाशन, २०३२), पृ. ३३३ ।

लिएर खेल प्रदर्शन गर्दछन् भने त्यहाँ हुने सम्पूर्ण खेलमा सिद्धेश्वर (प्रभा) को भुओ उत्कृष्ट भएर पुरस्कृत भएको पाइन्छ ।

## २.४.२ सिद्धगुफा

सिद्धगुफा अछाम जिल्लाको जिजाडी गाडको मुहान हो । त्यही सिद्धगुफाबाट आएको पानी नै जिजाडी गाडको नामले प्रचलित छ । यसलाई भृगु आश्रम, भिर्कु छहरा, धवल्छडा भनेर चिन्ने गरिन्छ । यहाँ हरेक वर्ष श्रावण शुक्ल चतुर्दशीका दिनमा भक्तहरूको घुइँचो लाग्ने गर्दछ । यहाँ दर्शन गर्ने भक्तहरूले जे माग्यो सो पुग्छ भन्ने विश्वास जनमानसमा रहिआएको छ । त्यसकारण डोटी, बाजुरा, बझाङ र अछामका भक्तजनहरू श्रावण शुक्ल चतुर्दशीको दिनमा तीन चार दिनको बाटो हिँडेर यसको दर्शन गर्न आइपुग्छन् । त्यहाँका पुजारी पशुपतिनाथको जस्तै केवल भट्ट ब्राह्मण हुने गर्दछन् । भट्टमा पनि कुलको जेठो भट्टले मात्र त्यसको पुजारी हुने कुरा हर्षप्रसाद भट्टको ठहर छ । यो सिद्धगुफा एउटा तपस्वी प्रकट भएर भट्ट वंशका सदाशिव भट्टलाई त्यहाँको पुजारी बनाएको र आपद्विपद् पर्दा भट्टहरूले मेरो स्मरण गरेमा सबै संकट दूर हुने कुरा बताएको पाइन्छ । अहिले पनि पुजारीका वंशमा कसैलाई आपत् परे जय सिद्धगुफा भनेर सो गुफाको र त्यहाँकी भगवतीको स्मरण गर्ने चलन छ ।

## २.४.३ प्रभाको माँडी

सिद्धेश्वर गा.वि.स. लाई प्रभा भनेर चिन्ने गरिन्छ । त्यस प्रभामा पाँच सय कुँवरहरूका घर छन् । जसलाई पाँचसय प्रभा भन्ने गरिन्छ । त्यही सिद्धेश्वर गा.वि.स.को माँझमा एउटा पटकानी छ । त्यसको बीचमा एउटा सांस्कृतिक महत्त्वको भवन छ जसलाई माँडी भनिन्छ । अछामको प्रभामा स्थित माँडी मूलतः सिद्धाश्रम हो । त्यस माँडीभित्रको पश्चिम पाटोमा सिद्धबाबाको धुनी जगाउने ठाउँ राखिएको छ । प्रभाको माँडीमा प्रयोग गरिएका खम्बाका चारवटै पाटामा मध्यकालीन कलाले भरिएका चित्रहरू छन् । ती खम्बाहरू चिल्ला (चिप्ला) र टलकदार छन् । माँडीको बीच भागमा काठका फलिका ओछ्याएर तीन फिट अग्लो फलैचा बनाएको छ । त्यस फलैचाले चाङ वा टाँडको काम गरेको छ र वर्षायाममा पनि यहाँ चिसो लाग्दैन । यहाँको पर्वपूजा मालिका पूर्णिमा र गंगादशहरामा हुन्छ ।

## २.४.४ बान्नीगढी

बान्नीगढी पनि अछामका प्रख्यात धार्मिक स्थल मध्येको एक हो । यहाँ स्थित वरदादेवी दश महिना मध्येकी षोडशादेवी हुन् । यिनी अछामकी आराध्येदेवी हुन् भने सोमवंशी राजखलककी कुलदेवीको रूपमा चिनिन्छन् । यी देवीको लक्ष्मी, सरस्वती र कालिकाको एकाकार भएको तीनमुखे सङ्गमरमरको आकर्षक मूर्ति छ । जसको प्रतीकात्मक अर्थ क्रमशः मनोवान्छित वर दिई श्रृष्टिबाट मुक्त पार्ने विद्या बुद्धि दिई श्रृष्टिको पालना गर्ने र पापीहरूको दमन गरी श्रृष्टिको संहार गर्ने हुन्छ । यस्ती त्रिमुखी देवीको भक्तिपूर्वक पूजा, अर्चना तथा भाकल गरेमा मनोइच्छा पूर्ण हुने अथवा

वर दिने भएकीले यी देवी वरदादेवीको नामबाट प्रख्यात भएकी हुन् ।[१३] यिनै देवीका कारणले अछामी लोक देउडा यसरी जनमानसमा गुञ्जिएको छ ।

बान्नीगढी बरदादेवी कोटघर कालिका ।

अछाम त बैकुण्ठ रैछ धन्य हो मालिका ॥

### २.४.५ षोडशादेवी

अछाम जिल्लाको बिम्कोटको टाकुरामा श्री षोडशादेवीको प्राचीन मन्दिर रहेको छ । यी देवी विमकोटे राजाकी इष्टदेवीको रूपमा प्रसिद्ध छिन् । यहाँबाट मालिका जाँदा फल प्राप्तिको लागि डोटीबाट आउने तिर्थालु तथा भक्तजनहरूले राजाको दर्शन गरेर र केही भेट गरेर देवीको दर्शन गरी जाब्लामा बास बस्नुपर्छ भन्ने मान्यता र परम्परा रहिआएको छ । त्यसकारण षोडशादेवी पनि अछामको धार्मिक स्थलमा पर्दछ ।

### २.४.६ खापरमाडौं

अछाम जिल्लाको १५/२० दराको मेललेख नजिकै मानिसको खप्पर आकारमा कडा चट्टानद्वारा निर्मित थुम्को छ । त्यसैको माथि प्राचीन खापरमाडौं छ । यहाँ बली चढ्दैन । त्यसैले यस भित्र पुजारी र धामी बाहेक अन्यलाई प्रवेश मिल्दैन । कसैलाई लागू-भागू भएमा बाहिरबाट नै पूजा अर्चना गर्ने चलन छ । खापरदेव धामी मार्फत अदालतका झैं मुद्दा हेर्ने, फैसला गर्ने गर्दछन् । कसैले माडौंमा आई अन्याय गऱ्यो भनी कसैका विरुद्ध उजुर गरेमा धामीले उजुरी सुन्छ र तारिख दिन्छ । धामीले सबैकुरा सुनेपछि फैसला गरिदिन्छ । यदि त्यो फैसला नमानेमा अप्रत्यक्ष रूपमा सताउँछ भन्ने विश्वास छ । खापरदेवसँग अन्यायीहरू निकै डराउँछन् ।[१४]

### २.४.७ डौंठेगडो

अछामका विभिन्न धार्मिक स्थल मध्येको एक डौंठेगडो पनि हो । यहाँ प्रत्येक साल कार्तिक पूर्णिमाका दिन दसैं मान्ने चलन रहिआएको छ । गाँज्राको डौंठे गडामा कार्तिक पूर्णिमाका दिन राँगोलाई छाडी हान्ने (दगुराई काट्ने) चलन अद्यापि रहेकै छ । यो अछाम जिल्लाकै प्रसिद्ध मेलाका रूपमा हेर्ने गरिन्छ । त्यो मेला हेर्ने हजारौं संख्यामा मानिसहरूको भीड लाग्ने गर्दछ । साँझको समयमा राँगालाई दौडाएर काटिन्छ भने त्यसपछि रातभर देउडा खेल खेल्दै युवायुवतीहरू रमाइलो गर्दछन् ।

### २.४.८ पञ्चदेवल

वि.सं. १३३९ मा राजा अक्षय मल्लले निर्माण गरेका देवललाई पञ्चदेवल भनेर चिनिन्छन् । अछाम जिल्लाको  २ नं. क्षेत्र विनायक स्थित पञ्चदेवल धार्मिक दृष्टिकोणले प्रख्यात छन् । विनायकका ती पञ्चदेवलमा शिवलिङ्ग स्थापित भएर भक्तजनहरूले पूजा अर्चना गर्ने गरेको भए पनि हाल ती देवलहरूमा शिव लिङ्ग छैनन् ।[१५]

---

[१३] सुरत बहादुर शाह, **झारखण्ड वैद्यनाथ क्षेत्र**, (अछाम : वैद्यनाथ क्षेत्र, २०६४), पृ. २० ।

[१४] **ऐजन**, पृ. १८ ।

[१५] राजाराम सुवेदी, **कर्णाली प्रदेशमा मध्यकालीन डोटी राज्य**, (भोजपुरः रणबहादुर राई, २०५९), पृ. ३२ ।

## २.५ ऐतिहासिक परिचय

वि.सं. २०१८ को भौगोलिक वर्गीकरण अनुसार अधिराज्यभरिका ७५ जिल्लाहरूमध्ये अछाम जिल्ला पनि ऐतिहासिक दृष्टिकोणले गौरवशाली देखिन्छ । मध्यकालमा अछाम जिल्ला दर्ना, विम्कोट तथा घुघुरकोट राज्यहरूमा विभाजित थियो । वि.सं. २०१८ पूर्व अछाम जिल्ला डोटी र दैलेखमा मिसिएको थियो । नेपालको पश्चिम एकीकरण पूर्व अछाम एक स्वतन्त्र राज्य थियो । अछाम राज्यको इतिहासलाई अत्रिका सन्तान गोपाल ऋषिसँग जोडिएको छ । त्यस अनुसार उनका माइला छोरा बिलल्ल डोटी हुँदै कोल्टी पुगेर सिंजापति महाराजकी छोरी हार्मता मैयाँसँग विवाह गरी जुम्लाको सामल चौरमा घरबार गरी बसे । वि.सं. १०७२ असोजको दसैंमा हार्मताका कोखबाट देवचन्द्र बालकको जन्म भयो. । सिंजापति महाराजले लालुलोखडा राखमदेखि दुल्लुको स्युबागसम्म दक्षिण मलवाराका २२ गाउँ, पश्चिम निगालीबोट , सेती चौखुट्या, उत्तर भगवती ढुङ्गो अन्तर्गतको राज्य नातिलाई दिए । भनिन्छ त्यो राज्य वि.सं. १८४९ सम्म कायम रह्यो । देवचन्द्र शाहका साथमा चिउने बिष्ट, घोडासैनी ब्राह्मण, नदुकानी संकेते थापा, अमुगाजरो बोहरा, पास्तोली चलाउने सहित वि.सं. ११११२ मा बुढीथर्पूमा गएर बस्न थाले । देवचन्द्रकी रानी सुखावती थिइन् । त्यसपछि अछाम राज्यको राजधानी बूढीथर्पूबाट बान्नीगढीमा सारियो ।[१६]

ऐतिहासिक स्थलका रूपमा ‘बाइसी राज्यको ऐतिहासिक रूपरेखा’ भन्ने पुस्तकमा बिम्कोट, घुघुरकोट र दर्नालाई मात्र तोकिए पनि अछामी लोक इतिहासमा प्रचलित वर्णनका आधारमा प्राग ऐतिहासिक कालमा नौखूवाको नामबाट हालको अछाम क्षेत्र प्रख्यात थियो ।[१७] नौखूवा भन्नाले अछामको नौ खण्डको विभाजन भन्ने बुझिन्छ र ती खण्डमा छुट्टाछुट्टै नाइकेहरूका स-साना राज्यहरू थिए । तीखा, पातला, कोटबाडा, बाइकोट, सुनघट, भुलकोट, सुराइकोट, जनालीकोट, छातासैन र कुइका कोट गरी नौवटा राज्यका अलग-अलग राजाहरूले त्यहाँ राज्य गर्दथे । उपर्युक्त राज्यका राजाहरूले प्राकृतिक सिमाना बाँधेर आ-आफ्ना क्षेत्रमा रैथाने भई बसेका हुनाले तिनीहरूलाई एकै नाम नौखूवाका राजा भनिन्थ्यो । नेपालको एकीकरणपछि अछाम बाइसी राज्यहरूबाट छुटकारा भई हाल एक स्वतन्त्र जिल्लाका रूपमा रहेको छ ।

## २.६ सामाजिक अवस्था

अछाम जिल्लाको सामाजिक अवस्थालाई जातपात, धर्म एवं भाषा, रहनसहन एवम् लवाइ खवाइका आधारमा चिनाउन सकिन्छ । तिनीहरु निम्नानुसार छन् :–

### २.६.१ जातपात

अछाम जिल्लामा विभिन्न वर्ग, जाति, पेशा, उमेर, लिङ्ग रङ्ग र आकृतिका मानिसहरू बसोबास गर्दछन् । अछाममा विभिन्न जातिहरू छन् । ती जातिहरूका विभिन्न थरहरू छन् । परम्परागत रूपमा जातिलाई ब्राह्मण वैश्य र शुद्र गरी चार

---

[१६] राजाराम सुवेदी, **बाइसी राज्यको ऐतिहासिक रुपरेखा** (काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५५) ,पृ. ३५ ।

[१७] राजाराम सुवेदी, पूर्ववत्, पृ. २४ ।

भागमा विभाजन गरेको पाइन्छ । वर्तमान अवस्थामा त्यसरी वर्गीकरण नगरी गैर दलित जाति र दलित जाति अन्तर्गत वर्गीकरण गर्नु उपयुक्त हुन्छ । अछाम जिल्लामा गैरदलित र दलित जातिहरू बसोबास गर्दछन् । गैरदलित जातिहरू अन्तर्गतका ब्राह्मण र क्षत्री जातिहरू अछाममा बसोबास गर्दछन् भने दलित अन्तर्गतका कामी, दमाई, सार्की र बादीहरू बस्दछन् । अछाममा बस्ने गैरदलित र दलितका थरहरू निम्नानुसार छन् :–

**गैरदलित जातिहरूका थरहरू**

(क) ब्राह्मणका थरहरू :- तिमिल्सेना, रेग्मी, बजगाई, ढकाल, रिमाल, भण्डारी, देवकोटा, घोडासैनी, ढुङ्गाना, उपाध्याय, जोशी, तिवारी, अधिकारी, सुवेदी, मुढभरी, धमाला, भट्टराई, बूढाजैशी, भट्ट, कट्टेल, खनाल, लामिछाने, धिताल, न्यौपाने, ओझा, सापकोटा आदि ।

(ख) क्षत्रीका थरहरू : विष्ट, बोगटी, सिंह, बडाल, बुढा, हमाल, रावत, शाह, कुँवर, थापा, शाही, बडुवा (सिंजापति) कार्की, खड्का, स्वाँर, अधिकारी, ढकाल, भण्डारी, सोडारी, रावल, महरा, साउँद, देउवा, बोहरा कडायत, कुमाल, पाण्डे, चौहान, चाँड, दानी ठकुल्ला बुढाथापा, वली, बलायर आदि ।

(ग) जनजातिका थरहरू :- माझी, राई, घर्ती, तमोली, रोक्का, घटाला आदि ।

**दलित जातिका थरहरू**

(क) कामीका थरहरू : सुनार, विश्वकर्मा, कटुवाल, तिरुवा, लोहार, टमट्टा, कँसारा, मिझार, कोली, कँडारा, चुनारा, आदि ।

(ख) दमाईका थरहरू : ढोली, आउजी, हुड्क्या, नगर्ची, देउकाँडी, नगरकोटी दास, परिवार, सुनाम, कुश्मा, नेपाली आदि ।

(ग) सार्कीका थरहरू : सार्की, भूल, चमार, चमोड आदि ।

(घ) बादीका थरहरू : बादी, भाँड, सारङ्गे, पातर, कटुघोप्टे, गायन, गन्धर्व, पोडे, आदि ।

उपर्युक्त जातिहरू अछाम जिल्लामा आ-आफ्नो संस्कारमा चलिरहेका छन् । ब्राह्मण जातिलाई अन्य जातिले प्रायः गुरु भनेर सम्बोधन गर्छन् । क्षत्रीहरूमा थरको पछाडि जी थपेर सम्बोधन गर्दछन् ।

अछामका प्रमुख जातजातिको जनसंख्या प्रतिशत निम्नानुसार छन् :[१८]

| | |
|---|---|
| क्षत्री | : ५३.२२% |
| कामी | : १३.४५% |
| ब्राह्मण | : १०.७१% |
| दमाई | : ६.३६% |

[१८] ऐजन ।

दलित (नखुलेको) : ३.९९%

## २.६.२ धर्म एवम् भाषा

अछाम जिल्लामा अधिकतम जनताहरू हिन्दूधर्म मान्दछन् । अछाममा ९९.८३ प्रतिशत जनताले हिन्दूधर्म, ०.०४ प्रतिशत बौद्ध धर्म, ०.०७ प्रतिशतले मुस्लिम धर्म, ०.०२ प्रतिशतले क्रिश्चियन धर्म र ०.०१ प्रतिशतले किराँत धर्म मान्दछन् भने अन्य धर्म मान्नेहरू ०.०४ प्रतिशत छन् ।[१९]

अछाम जिल्लामा नेपाली भाषा बोल्ने जनता ९९.३३ प्रतिशत छन् । त्यसै गरी मगर भाषा ०.३० प्रतिशत मैथली भाषा ०.०७ प्रतिशत हिन्दी भाषा, ०.०५ प्रतिशत र शेर्पा भाषा ०.०१ प्रतिशत अछाम जिल्लामा बोलिन्छन् । अरू भाषा बोल्नेको जनसंख्या प्रतिशत नगण्य रूपमा देखिन्छ ।

अछाम जिल्लामा बोलिने भाषा नेपाली भाषा हो तर यहाँ बोलिने भाषा नेपाली भाषाको ओरपच्छिमा वर्गको भाषिका अन्तर्गतको अछामी लोकभाषा हो । अछाममा बोलिने भाषालाई विद्वान्हरूले ओरपच्छिमा वर्गको उपभाषिका अन्तर्गत राखेका छन् । अछाममा बोलिने स्थानीय भाषा र मानक भाषाको उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ :–

| स्थानीय भाषाका शब्दहरू | | मानक भाषाका शब्दहरू | स्थानीय भाषाका शब्दहरू | | मानक भाषाका शब्दहरू |
|---|---|---|---|---|---|
| छकाल | – | बिहान | केन/क्यान | – | किन |
| बासा | – | बेलुका | कइल | – | कहिले |
| बेलि | – | हिजो | बहुरानी | – | भाइबुहारी |
| अगेठो | – | चुलो | बरो | – | डोरी |
| कुन्टा | – | कुना | छ्यौलो | – | खोल |
| कविला | – | परिवार | जैस्यालो | – | ज्योतिषी |
| कठेरु | – | मलामी | बुयको | – | छरेको |
| आँसी | – | हँसिया | ठौर | – | ठाउँ |
| कानु | – | अन्धो | नाप | – | थोरै |
| इम्भिनु | – | उभिनु | भिक्कै | – | धेरै |
| उकेरा | – | ढिस्को | बाउसो | – | कोदालो |
| खुनु | – | फुकाउनु | डोब्बल | – | खाल्टो |
| उराइटो | – | उराठ लाग्दो | नाउलो | – | कुवा |
| गाड | – | खोला | निको | – | राम्रो |
| छाटा | – | छिटो | भैंसो | – | भैंसी |
| माठा | – | ढिलो | प्याउनु | – | ब्याउनु |
| गादो | – | पोल्टा | मुन्टो | – | टाउको |
| कनइ | – | कसैले | मणो | – | मुर्दा |

[१९] ऐजन ।

| | | | | | |
|---|---|---|---|---|---|
| गड्यान | – | जग्गा | राइनु | – | चिन्नु, जान्नु |
| कोल्थो | – | बोरा | पिट्को | – | खटिरा |
| गल्याऊ | – | दाम्लो | रिथि | – | मालिक |
| चीड्को | – | चट्याङ | रला | – | लहरा |
| कदु | – | फर्सी | सौरास | – | ससुराली |
| चन्डी | – | निधार | तमी | – | तपाई, हजुर |
| कलाँ | – | केराउ | तम्रा | – | तपाईका |
| चोब्डी (चोपरी) | – | कापी | हेइथी | – | यहाँनिर |
| कौडी | – | लोटा, अम्खोरा | क्या हद्दो छई ? | – | के गर्दै छस् ? |
| चुफी | – | टुपी | काँ जानेई ? | – | कहाँ जान्छस् ? |
| फाँको | – | खाजा | हड (हण) | – | शरीर |
| फस्कनु | – | जानु | हेउँडो | – | यहाँ |
| छप्कनु | – | चुप लाग्नु | तेउँडो | – | त्यहाँ |
| बुकै | – | सुख्खा | मुन्छे | – | मान्छे |
| बोउजु/बउजु | – | भाउजु | घामउणो | – | घाममा |
| बडाज्यू | – | ससुरालाई बुहारीले सम्बोधन गर्ने शब्द | रुडा | – | अनावृष्टि |
| जीउ | – | सासू | सात्या | – | साथी |
| काउजू | – | काका/कान्छा बुबा | हरू | – | गरु |
| गोसाइँ | – | देवर | कच्चो | – | घाउ |
| गोसी | – | नन्द | सुप्पो | – | नाङ्लो |
| लादो/लाधो | – | पेट भुँडी | लिस्नु | – | भऱ्याङ |
| छोरेट्टो | – | केटो, तन्नेरी | सैनो | – | सिस्नो |
| छोरेट्टी | – | केटी, तरुनी | सिरात्या | – | तकिया |
| साँटा/छाँटा | – | छिटो/चाँडो | सैना | – | सपना |

### २.६.३ रहनसहन एवम् लवाइ खवाइ

अछाम जिल्लाका जनताहरू प्रायः संयुक्त परिवारमा बस्दछन् । घरको मूली पुरुष नै हुन्छ । किनमेलदेखि घरको सबै कामकाजको निर्णय पुरुषले नै गर्छन् । महिलाहरू घरभित्रको काममा बढी जिम्मेवारी हुन्छन् । महिलाहरू घाँस, दाउरा, मेलापातमा बढी व्यस्त रहन्छन् । पुरुषहरू हलो जोत्ने र अन्य महिलाले नसक्ने खालका गाह्रा कामहरू गर्छन् । अन्य अधिकांश कामहरू महिलाले नै गर्छन् । घरमा सासू वा जेठी बुहारीले खाना पकाउने काम गर्छन् भने चूलो चौकोको धन्दा सधैं बुहारी वा कान्छी बुहारीले गर्नुपर्छ । पुरुषहरूको मुख्य पेशा कृषि नै हो भने अधिकांश अशिक्षित पुरुषहरू भारतमा नोकरी गर्न जान्छन् । अछामका ९१.३६ प्रतिशत जनताको पेशा कृषि हो भने गैर कृषिमा बाँकी जनता संलग्न छन्

अछामका पुरुषहरूले लगाउने लुगाहरू टोपी, भोटो, आस्कोट, चोट्को (कोराको तौलिया जत्रो रुमाल) कन्धनी ठाडो धोती र जामा हुन् । त्यस्तै मुन्द्रा, औंठी, सिक्री, बाला, सुनदाँत, गहनाको रूपमा प्रयोग गर्दछन् ।

महिलाले प्रयोग गर्ने मुख्य लुगाहरू चोली, पछ्यौरा, पटुका, गुन्यू, फरिया, घाघर र खास्टो हुन् भने गहनाहरू, सूर्यफूल, शिरबन्दी, खन्टो (फुली) नत्थन, बुलाकी, चाप्की, कल्ली, पाउजू, लुड्की, ढुङ्ग्री, बाली, तिलहरी, हार, मङ्गलसूत्र, नौगेडी, चूरा, बाला, डोरी, रिबन, कम्मरपेटी र किलिपि आदि हुन् ।

अछाममा खाने मुख्य खाद्य परिकारहरु आलु, पिंडालुको तरकारी, रायो, बसाले (तोरी) पालङ्गो, निहुरो, अल्लो, फाप्रेको साग, सर्स्यूको साग, सिस्नो र तोरीको राप्लो वा कापो (सिस्नोको कलिला मुन्टा उसिनेर कनिका मिसाइएको सिस्नोको राप्लो, तोरीको साग सानो गरी काटी कनिका मिसाइ पकाएको तोरीको राप्लो), फाँडो (मासका दाना भिजाई पिसेर बनाइएको बाक्लो दाल) राइतो (काँक्राको गुदी र फर्सीलाई पकाएर दहीमा मसाला मिसाई बनाइएको तरकारी) माछेगाभा (चामलको पिठोमा मसाला र घिउ राखेर गाभाभित्र पिठो हालेर बेर्दै भाँडामा राखी माथि पातले छोपेर गोल राखेर पकाउने परिकार) खट्टे (चामल वा सिरौंला भुटेर मह मिसाई बनाइएको खाजा), माडा (चामलको पिठो लेदो बनाई तावामा पकाइने रोटी), भुक्चानो रोटो (चामल पिसी घिउ हालेर बाक्लो लेदो बनाई तावामा पात राखेर पकाउने रोटो), उँमा (हरियो गहुँ पोलेर दाना हातमा माँडेर निकालेको दाना), चिउरा, खिचडी, लावन (पुरी) बाबर (सेल) खीर, पिनापानी, आँप, पुदुनाको चटनी, फुलो (रायो भुटेर बनाइएको चटनी), तीलको चटनी तथा अन्य तरकारी हुन् ।

### २.६.४ संस्कार

अछाम जिल्लामा जन्मदेखि मृत्युसम्म विभिन्न संस्कारहरू मनाइन्छन् । ती संस्कारहरू निम्नानुसार छन् :–

(१) जातकर्म (२) नामकर्म (३) अन्नप्राशन (४) कर्णवेध (५) विद्यारम्भ (६) चूडाकर्म (मुण्डन) (७) उपनयन (ब्रतबन्ध) (८) विवाह र (९) अन्त्येष्टि ।

(१) जात कर्म : जातकर्ममा बालक जन्मने बित्तिकै नाल काट्ने, तामाको भाँडामा नुहाउने काम गरिन्छ ।

(२) नामकर्म : नामकर्म गर्दा बालक जन्मेको ७ दिनमा ज्योतिषको घरमा गएर ग्रह हेराएर नाम राख्ने काम गरिन्छ । ज्योतिषको घरमा जाँदा एक्लै नगई २ जना (जोलो) भएर जानुपर्छ भन्ने मान्यता छ । ९ देखि ११ दिनमा न्वारान गर्छन् । न्वारनमा बालकको बुबालाई दुबोको माला पहिराई, फेटा बाँधी वा पगरी बाँधी टीका लगाउने गरिन्छ । टीका लगाउँदा पैसा राख्ने चलन छ । यसलाई बालो हाल्ने भनिन्छ । टीका लगाउँदा विभिन्न आशीर्वाद दिइन्छ । नवजात शिशुलाई भोटो पहिराइन्छ । सालको पात, मसाला राखेर बालकलाई काँठो लगाइन्छ । यस दिन आइमाईहरू मागल गाउँछन् । दमाईहरू बाजा बजाउने र हुड्के नाच समेत गर्छन् र राती देउडा खेल खेल्छन् ।

(३) अन्नप्राशनः बालक जन्मेको ६ महिनामा नयाँ लुगा लगाई खानाको विविध परिकार टपरीमा राखि बाबु, जेठो मान्छे वा ज्योतिषले जुराएको व्यक्तिद्वारा असर्फी (सुनको सिक्का), चाँदी वा तामाको सिक्काले अन्नप्राशन गरिन्छ । बालकलाई दूबोको माला पहिराई टीका लगाएर आशीर्वाद दिई पैसा राखिन्छ ।

(४) कर्णवेधः डेढ वर्षदेखि पाँच वर्षभित्र कर्णवेध कर्म गरिन्छ । प्रायः वसन्त पञ्चमी पारेर कर्णवेध कर्म गरिन्छ ।

(५) विद्यारम्भ : वसन्त पञ्चमी वा श्रीपञ्चमीका दिन गुरुहरूबाट विद्यारम्भ कर्म गरिन्छ ।

(६) चूडाकर्म (मुण्डन) : ज्योतिषले तोकेको दिन ५ वर्षदेखि ७ वर्षभित्र मन्दिर वा नदीको किनारमा बालकलाई लगेर मामाद्वारा मुण्डन गरिन्छ ।

(७) उपनयन (ब्रतबन्ध) : अछाममा ९ वर्षदेखि १५ वर्षभित्र ब्रतबन्ध, यज्ञोपवित, वेदारम्भ, मन्त्रदान, ब्रह्मचर्यको शिक्षा दिइन्छ, तर आजभोलि भने २५ वर्षसम्म पनि ब्रतबन्ध गर्ने चलन छ । ब्रतबन्धको क्रममा बटुकलाई भिक्षा दिएर गुरुकहाँ पठाउँछन् । भागेका बटुकलाई आमाले फिर्ता गराउँछन् । भागेका बेलामा बुबा, आमा, दाजु, भाउजु, काका, काकीले जग्गा, सुन, चाँदी आदि दिउँला भनेर फर्काउने गर्छन् । त्यतिबेला बोलेको कुरा उसलाई नै दिइन्छ । यसलाई ब्रतबन्ध सम्पत्ति वा पेवा मानिन्छ ।

(८) विवाह : अछाममा मगनी विवाहको चलन छ । ब्राह्मणमा पहिले-पहिले ब्रह्मविवाहको चलन थियो । आजभोलि यो हटेको छ । ब्राह्मण र क्षत्रीमा केटाकेटीलाई वर वधु हेर्न लगाई स्वयम्बर गराई विवाह गर्ने चलन छ । अन्य जातिमा प्रेम विवाह र मगनी विवाह उत्तिकै चलेका छन् ।

मगनी विवाहमा दुलहीको घरमा जन्तीहरू दुलही लिन जान्छन् । दुलहीले दुलाहालाई स्वयम्बर गर्छिन् । त्यस दिन दुलाहाको घरमा आइमाईहरू रत्यौली खेल्छन् । त्यो राती छिमेकका आइमाईहरू दियो र १ माना चामल दुलाहाको घरमा लिन्छन् । यसलाई दियोमानु दिने भनिन्छ । विवाहमा आफ्नो क्षमता अनुसार बाजागाजा बजाउने, हुड्केनाच गर्ने, भोज खुवाउने चलन छ । डोलीपूजा, दुलही गृह प्रवेश, दुलहीको मुख हेर्ने, चौथी कर्म (चतुर्थी कर्म) आदि कार्य गरिन्छ ।

(९) अन्त्येष्टि : अन्त्येष्टि कर्ममा कसैले बाजा बजाएर कसैले शंख मात्र फुकेर शवलाई घाटमा लिएर दाहसंस्कार गरिन्छ । ब्रतबन्ध नगरेकालाई गाड्ने चलन पनि छ । १३ दिनमा अन्त्येष्टि कर्म पूरा गरिन्छ । क्षमता अनुसार ४५ दिन ६ महिना देखि १ वर्षसम्म वर्षी वारिन्छ । ब्राह्मण क्षत्रीले १ वर्षसम्म वर्षी वार्छन् । अन्य जातिमा पनि कसै कसैले छिटफुट मात्रामा वर्षी वारेको पाइन्छ ।

### २.६.५ शैक्षिक अवस्था

अछाम जिल्लामा २००७ भन्दा पहिले गुरुकुल शिक्षाप्रणाली थियो । वि.सं. २००७ सालमा प्रजातन्त्र आएपछि चण्डिका गा.वि.स. को बयलपाटामा र कालिकास्थान गा.वि.स. को कुच्चीमा दुईटा स्कुल स्थापना भएका थिए । ती स्कुलहरूको नाम हाल महेन्द्र मा.वि. बयलपाटा र ऋषिकुल नि.मा.वि. कुच्ची रहेको पाइन्छ ।

अछाम जिल्लामा जम्मा ४३८ प्राथमिक विद्यालय १२५ निम्न माध्यमिक विद्यालय र ७४ वटा माध्यमिक विद्यालय छन् ।[२०]

२०६६ साल श्रावणसम्म उच्च माध्यमिक विद्यालयबाट सम्बन्धन प्राप्त गरेका अछाम जिल्लामा २३ वटा उच्च माध्यमिक विद्यालय छन् । हाल अछाम जिल्लामा उच्च माध्यमिक विद्यालयको संख्या पनि बढ्दै गएको छ । त्रि.वि.बाट सम्बन्धन प्राप्त गरेका ६ वटा स्नातक तहका क्याम्पस रहेका छन् ती हुन्:– जनता क्याम्पस बयलपाटा, अछाम क्याम्पस मंगलसेन, पञ्चदेवल क्याम्पस विनायक त्रिपुरा सुन्दरी बहुमुखी क्याम्पस श्रीकोट, कैलाश बहुमुखी क्याम्पस कालागाउँ र मेल्लेख बहुमुखी क्याम्पस मेल्लेख रहेका छन् ।

अछाम जिल्लामा प्राथमिक, नि.मा.वि., मा.वि. र उ.मा.वि. तहमा विद्यार्थीको संख्या निम्नानुसार रहेको छ ।[२१]

| | | | |
|---|---|---|---|
| प्राथमिक तह | – छात्रा २२,६६६ | छात्र २२,४९० | जम्मा ४५,१५६ |
| नि.मा.वि. तह | – छात्रा ३,५०४ | छात्र ५,४१८ | जम्मा ८,९२२ |
| मा.वि. तह | – छात्रा १,३७४ | छात्र २,५११ | जम्मा ३,८८५ |
| उ.मा.वि. तह | – छात्रा २१६ | छात्र ४२६ | जम्मा ६४२ |

अछाम जिल्लामा प्रा.वि. तहमा १,९०५ शिक्षक छन् जसमध्ये ३८४ जना महिला शिक्षिका र १,५२१ जना पुरुष शिक्षक रहेका छन् । नि.मा.वि. तहमा १६ महिला र २२० पुरुष गरी २३६ शिक्षक छन् । मा.वि. मा २ महिला र १४० पुरुष गरी जम्मा १४२ शिक्षक छन् भने उ.मा.वि.मा १० महिला र ८८ पुरुष गरी जम्मा ९८ शिक्षकहरु रहेका छन् ।

अछाम जिल्लामा सामुदायिक विद्यालयहरुमा प्रा.वि. तह (१-५) मा विद्यार्थीहरूको संख्या छात्रा २२,१३३ र छात्र २२,०८२ गरी जम्मा ४४,२१५ छ । त्यसै गरी नि.मा.वि. मा छात्रा संख्या ३,३९७ र छात्र ५,२३४ गरी जम्मा ८,६३१ रहेको छ । मा.वि. मा छात्रा संख्या १,३६९ र छात्र २,४७५ गरी जम्मा ३,८४४ रहेको छ भने उ.मा.वि.मा छात्रा संख्या २०२ र छात्र ४०९ गरी जम्मा ६११ रहेको पाइन्छ ।[२२]

उपर्युक्त तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने अछाम जिल्लामा महिला शिक्षाको अवस्था न्यून रहेको पाइन्छ । प्रा.वि. तहमा छात्र भन्दा छात्राको संख्या बढी भए पनि नि.मा.वि., मा.वि. र उ.मा.वि. मा छात्र भन्दा छात्राको संख्या कम हुँदै गएको पाइन्छ । नि.मा.वि. तहमा १६ जना मात्र महिल शिक्षिका हुनु पनि दुर्भाग्य नै हो । यति मात्र नभई स्कुल जाने उमेरका केटाकेटीको संख्यालाई अध्ययन गरेर एकिन गरेको खण्डमा

[२०] फ्ल्यास १ रिपोर्ट २०६६, गभर्नमेन्ट अफ नेपाल, मिनिष्ट्री अफ एजुकेशन, डिपार्टमेन्ट अफ एजुकेशन, सानोठिमी: भक्तपुर, एनेक्स : III-ए, पृ. ८ ।

[२१] **ऐजन**, पृ. २५, ९५ ।

[२२] **ऐजन**, पृ. २९, १०६ ।

धेरै बालबालिकाहरू स्कुले शिक्षाबाट स्कुले शिअझै बञ्चित रहेको पाउन सकिन्छ । हाल अछाममा १४ वटा स्रोत केन्द्रहरू रहेका छन् ।[२३]

## २.७ यातायात, सञ्चार तथा जलविद्युतको अवस्था

अछाम जिल्ला यातायातको दृष्टिले पिछडिएर रहेको थियो तर अहिले भने तीव्र रूपले विकास भइरहेको छ । अछामको सदरमुकाम मंगलसेनमा २०६२ साल चैत्रमा बस पुगेको थियो । कच्ची बाटोका कारण पहिले साँफे-मंगलसेन बस सेवा हिउँदमा मात्र सञ्चालित हुन्थ्यो । हाल सो बाटो पक्की भइरहेकोले बस सेवा सञ्चालनमा आइ नै रहेको हुन्छ । अछाम र डोटीको सिमाना चौखुट्यादेखि साँफे बगर सम्म लगभग ३५/३६ कि.मि. बाटो केही वर्ष अघि नै पक्की भइसकेको थियो । अहिले साँफेबाट मंगलसेन जाने बाटो कैलाश खोला २८ कि.मि. पक्की भइसकेको छ भने अरू बाटोको काम सुचारु रूपले अघि बढी रहेको छ । त्यस्तै गरी साँफे बगरबाट बाजुरा जिल्लामा जाने रोड पनि दुई जिल्लाको सिमानामा पर्ने इकडी खोला १५ कि.मि. मध्ये १० कि.मि. ताँसीसम्म पक्की भई सकेको छ । अछाम जिल्लामा जी.टी. जेड संस्था, योजना कार्यालय तथा गा.वि.स.ले सडक यातायातको निर्माणमा ठूलो योगदान पुऱ्याउँदै आएको छ । जी.टी.जेड संस्थाले मंगलसेन-बेलखेत-कमलबजार, बस्ती, जनाली वण्डाली, तुर्माखाँद, कैलाशखोला, रामारोशन जस्ता सहायक मार्गहरू निर्माण गर्ने कार्य केही पूरा गरिसकेको र केही निर्माणाधीन अवस्थामा छन् । बेलखेत घाट ( कर्णाली नदी) मा फेरी परिसकेको छ । यसले सदरमुकाम मंगलसेनलाई कर्णाली राजमार्गसँग जोड्ने काम गरेको छ । बेलखेत घाटमा फेरी परेर कर्णाली राजमार्गसँग जोडिएको सहायक मार्ग बेलखेत - मंगलसेन-डोटी, डडेल्धुरा-अत्तरीया-कोहलपुर सुर्खेत हुँदै पुनः बेलखेत पुग्ने हुनाले यसलाई समग्र रूपमा सुदूरपश्चिम रिङरोड पनि भन्न सकिने मत पनि छ । साँफे बगरबाट मंगलसेनसम्म योजना कार्यालयको सहयोगबाट बाटो निर्माण भइरहेको छ । यसै संस्थाले साँफे बगरबाट बाजुरा जिल्लाको सदरमुकाम मार्तडी सम्म बाटो निर्माण गरिरहेको छ । त्यस्तै गरी सिद्धेश्वर र बुढाकोट गा.वि.स. को सहयोगले साँफे बगरबाट दयगडा, बुढाकोट हुँदै खप्तड सम्मको बाटो निर्माण भइरहेको छ । घुघुरकोट र देवस्थान गा.वि.स.को सहयोगले पनि ठाँटी, घुघुरकोट, देवस्थान हुँदै खप्तड सम्मको यातायात सञ्चालन हुने रोड बनिरहेको छ । समान ओसार-पसार गर्नको निम्ति अछाममा हेण्डलद्वारा सञ्चालन हुने ३ वटा ग्राइभेटी रोपवे पनि सञ्चालनमा आएका छन् ती निम्न ठाउँहरूमा रहेका छन् :–

१. सिद्धेश्वर गा.वि.स.को जिजाडीगाड मुसेखेतीबाट- घुघुरकोट गा.वि.स. को बेतालमाण्डौं ।

२. घुघुरकोट गा.वि.स.को ठाँटी, बूढीगंगाबाट- हात्तीकोट गा.वि.स.को थापागाउँ ।

३. बुढाबगर, बूढीगंगा- कुष्कोट ।

यसले अछामका धेरै बासिन्दालाई समान ओसार पसार गर्नमा मद्दत पुऱ्याएको छ ।

---

[२३] **शैक्षिक सूचना एक झलक**, काठमाडौं : शिक्षा मन्त्रालय केशर महल, २०६६), पृ. ११८ ।

अछामको साँफेबगरमा हवाइ मैदान छ र अहिले हवाइ सेवा बन्द रहेको छ । पहिले साँफेबगरबाट, नेपालगञ्ज, धनगढी, टीकापुर, महेन्द्रनगर सम्मको दैनिक उडान हुन्थ्यो भने आवश्यकता अनुसार अन्य ठाउँमा पनि उडान हुन्थ्यो तर त्यो हवाइ मैदान अहिले पूर्ण रूपमा बन्द रहेको र पुनः सञ्चालनमा आउने हेतुले भवन निर्माणको कार्य भइरहेको छ । त्यस्तै अछामको कमलबजारमा पनि एउटा कच्ची हवाइ मैदान निर्माण भई उड्ने अवस्थामा पुगेको थियो । उद्घाटन हुन नपाउँदै माओवादी जनयुद्धका कारण स्थगित हुन गई हाल उक्त हवाइ मैदानमा रुख र झारहरू उम्रेका छन् ।

अछाम जिल्लामा प्रजातन्त्रको पुर्नस्थापना पछि हरेक इलाकामा टेलिफोन सुविधा रहेको थियो । माओवादी जनयुद्धमा सबै ध्वस्त भई केवल मंगलसेनमा टेलिफोन सेवा उपलब्ध थियो । हाल प्रायः जसो अछाम जिल्लाका मुख्य-मुख्य ठाउँहरू र गा.वि.स.मा सी.डी.एम.ए. टेलिफोन सेवा छ भने सबैको हात-हातमा मोबाइल फोन सेवा पनि उपलब्ध भइसकेको छ ।

अछाम जिल्लामा जिल्ला हुलाक र इलाका हुलाक लगायत जम्मा ७२ वटा हुलाक कार्यालयहरू रहेका छन् । अछाममा ०.५ प्रतिशत जनताले टेलिभिजन सुविधा उपयोग गरेका छन् भने ४४ प्रतिशत जनाले रेडियो उपयोग गर्दछन् ।[२४]

अछाम जिल्लाको बयलपाटा, सिद्धेश्वर गा.वि.स., तिमिल्सेन गा.वि.स., वलिगाउँ र अछामको सदरमुकाम मंगलसेनका जनताले कैलाश खोला जलविद्युत केन्द्रबाट उत्पादित विद्युत उपभोग गरिरहेका छन् । लयाँटी गा.वि.स.मा विनायकी गाडबाट निकालिएको जलविद्युत उक्त गा.वि.स.का २ वडा सम्मका जनताले उपभोग गरेका छन् । हाल अछाम जिल्लामा धेरै जसोले सोलार पावरको उपभोग गरिरहेका छन् । त्यसैले त्यहाँका बासिन्दा जलविद्युत भन्दा सोलारको उपभोगले लाभान्वित भएका छन् ।

## २.८ साहित्यिक अवस्था

अछाम जिल्लाले साहित्यको क्षेत्रमा प्राचीन कालदेखि नै प्रतिनिधित्व गर्दै आएको छ । प्राचीनकालका शिलालेख, ताम्रापत्र र लोकगाथाहरू साहित्यका रूपमा देखा पर्दछन् । त्यसपछि माध्यमिक कालमा पनि पहलमानसिंह स्वाँरले नाटकमा मौलिकता दिएर अछामी र अछामको साहित्यलाई चिनाउने काम गरे । यसरी प्राचीन कालदेखि हालसम्म अछामबाट नेपाली साहित्यमा योगदान पुग्दै आएकाले अछामको साहित्यिक यात्रा उल्लेख्य छ भन्न सकिन्छ । केही अछामी साहित्यकार र तिनका कृतिहरू यसप्रकार छन् :–

### (क) पहलमानसिंह स्वाँर (मटेना) का कृतिहरू

अकेन्द्रशंखर, प्रेमामृतवचन, अटलबहादर, आनन्दराज, किष्किन्धाकाण्ड, सुन्दरकाण्ड, एकलाखको चोरी, विमलादेवी, के सन्तोष राख्न सकिन्छ ? लालुभागा, लघु व्याकरण, श्लोक संग्रह, अभिज्ञानशाकुन्तल, खोररहस्य, रत्नावली, विष्णुमाया, स्वाँरका कुरा र अछामका चाडपर्व ।

[२४] राजाराम सुवेदी, **पूर्ववत्**, पृ. २४ ।

**(ख) दण्डी स्वामीको कृति** - अछामको होरी ।

**(ग) हर्षप्रसाद भट्ट**

मेरो कल्पना (कविता संग्रह, २०२९), हिमाली सन्देश (कविता संग्रह, २०३१), दुई थोपा आँसु (चम्पु काव्य, २०४८), अछाम रुदैछ (कविता संग्रह, २०५९), प्याउली गुलाफ (गीति खण्डकाव्य, २०६१), दरवारको आत्मकथा काव्यञ्जली, २०६३), तुर्माखादको जात्रा साहित्यको यात्रा (२०६४) ।

**(घ) महेश विक्रम शाह (कालिमाटी) का कृतिहरू**

सटाहा (२०५३), सिपाहीकी स्वास्नी (२०५९), अफ्रिकन अमिगो (२०६०), छापामारको छोरो (२०६३), व्यवसायिक कृति-फोटोग्राफी र भौतिक सबुद सङ्कलन तथा संरक्षण ।

**(ङ) नृपबहादुर स्वाँर (रिडिकोट) का कृतिहरू**

सेतीको मन्दिर, स्वाँरको चिनारी, गोठाले ठिटो, कुसुमी र चिनो ।

**(च) ललिजन रावल (सुगाली) का कृतिहरू**

यसपटक पनि, केही गजलहरू र मरुभूमिमाथि समकालीन नेपाली गजल (सम्पादन) ।

**(छ) यदुनाथ शर्मा (भागेश्वर) का कृतिहरू**

गीतगुच्छ ।

प्रकाशोन्मुख कृतिहरू

टुहुरी चरी (खण्डकाव्य) कलाकमल (खण्डकाव्य) नारी (खण्डकाव्य)

**(ज) देवेन्द्र प्रसाद दीप्त (घुघुरकोट ) का कृतिहरू**

परिस्थिति (कवितासंग्रह, २०५९)

तीनतन्त्र (उपन्यास, २०६४)

## २.९ राजनैतिक अवस्था

अछाम जिल्ला एक राजनैतिक चेतना भएको जिल्ला हो । राणा कालदेखि जनआन्दोलन भाग-२ सम्मका विभिन्न आन्दोलनहरूमा अछामी जनताको सक्रिय सहभागीता रहेको पाइन्छ ।

### २.९.१ प्रशासनिक विभाजन

अछामी राजाको पालामा राजाद्वारा राज्य व्यवस्थाको दृष्टिकोणले अछाम जिल्लालाई ९ वटा दरामा विभाजित गरिएको थियो । ती दराहरू आठसय दरा, पन्ध्रबीस दरा, पाँचसय दरा, आठ बीस दरा, छ बीस दरा, सातसय दरा, नौ बीस दरा, तल्लो भैंसोले दरा, माथिल्लो भैंसोले दरा हुन् ।[२५]

---

[२५] रामाराम सवेदी, **पूर्ववत्**, पृ. ३४५ ।

वर्तमान अवस्थामा अछाम जिल्लामा ७५ वटा गा.वि.स. १३ इलाका र २ वटा संसदीय निर्वाचन क्षेत्र छन् ।

### २.९.२ जनसंख्या तथा स्वास्थ्य

राष्ट्रिय जनगणना २०५८ अनुसार अछामको कुल जनसंख्या २,३१,२८५ रहेको छ । यस मध्ये १,२२,२८७ महिला र १,०८,९९८ पुरुष छन् । अछामको जनघनत्व (प्रति वर्ग कि.मि.) १.३८ छ भने वार्षिक जनसंख्या बृद्धिदर १.५४ प्रतिशत रहेको पाइन्छ । पुरुष महिला अनुपात ८९.१३ रहेको छ ।[२६]

अछाम जिल्लामा जिल्ला अस्पताल लगायत ७५ वटा स्वास्थ्य संस्था छन् । प्रति स्वास्थ्य संस्थाको जनसंख्या ३,०८४ रहेको पाइन्छ । परिवार नियोजनका साधन प्रयोग गर्नेहरूको जनसंख्या ११.६१ प्रतिशत रहेको छ । पहिलो विवाह गर्दाको औसत उमेर पुरुषको २०.६४ वर्ष र महिलाको १८.३३ वर्ष रहेको छ । यस जिल्लामा १५.३ प्रतिशत जनताले शौचालयको प्रयोग गर्दछन् ।[२७] विभिन्न एन.जी.ओ. र आइ.एन.जी.ओ. ले सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रम र समयको गतिसँगै अछाम जिल्लाको स्वास्थ्य अवस्थामा क्रमशः सुधार हुँदै गएको देखिन्छ ।

## २.१० निष्कर्ष

समुद्र सतहदेखि ५४० मिटरबाट ३,८२० मिटरसम्मको उचाइँमा अवस्थित अछाम जिल्ला सेती अञ्चलको एउटा मध्य पहाडी जिल्ला हो । १६,२९२ वर्ग कि.मि. क्षेत्रफल रहेको अछाम जिल्ला क्षेत्रफलका दृष्टिले वा भौगोलिक दृष्टिले सेती अञ्चलको सबैभन्दा सानो जिल्ला हो । प्राचीन कालमा लिच्छवि शासन अन्तर्गत रहेको मानिने अछाम पछि जुम्लाको अधिनमा वा जुम्लाको खस राजाको प्रान्तीयको रूपमा रहेको पाइएको छ । जुम्ली खस राजा सिंजापति महाराज समुद्रपालले आफ्ना नाती (हार्मता का छोरा) लाई नौखूवा अछाम दाइजो दिएदेखि नेपाल एकीकरण सम्म अछाममा विभिन्न राजा रजौटाहरूले शासन गरेको पाइन्छ । अछामी राजाका पालामा अछामलाई नौ वटा दरा भनी नौ वटा प्रादेशीय क्षेत्रमा विभाजन गरिएको पाइन्छ ।

अछाम जिल्लामा खप्तड राष्ट्रिय निकुञ्ज, रामारोशन क्षेत्रका बाह्र वण्ड र अठार खण्ड, कर्णाली नदी, बूढीगंगा, कैलाश खोला, जिजाडी गाड, प्रभाली गाड, खप्तड लेक, काला लेक, मौरे लेक, भिर्कु लेक, विभिन्न हरियाली जङ्गलहरू देव देवीका मठ मन्दिरहरू पर्यटकीय स्थलहरू अनेक किसिमका फलफूल र विभिन्न रोगलाई निर्मुलीकरण पार्ने जडीबुटी पाइने अछाम जिल्ला प्राकृतिक सौन्दर्यले भरिपूर्ण रहेको पाइन्छ । अछाममा विभिन्न जातजाति र धर्म संस्कृतिका मानिसहरूको बसोबास रहेको पाइन्छ । तिनीहरूले आ-आफ्नो संस्कृतिलाई औंधी माया गर्दै विभिन्न वेषभूषामा सजिसजावट भएर चाडपर्व मनाउने गर्दछन् । अछाममा क्षत्रीको संख्या सबैभन्दा बढी रहेको छ भने सम्पूर्ण दलितहरूको संख्या दोस्रोमा आउँछ । ब्राह्मणको संख्या सबैभन्दा कम छ । सबै जातिहरूको बोल्ने भाषा नेपाली नै हो र सबैले नेपाली नै बोल्दछन् ।

---

[२६] ऐजन ।

[२७] ऐजन ।

अछाममा ९९.८३ प्रतिशत जनताले हिन्दू धर्म मान्दछन् । सबै धर्म र जातिमा सुमधुर सम्बन्ध रहेको छ ।

वि.सं. २०४६ सालपछि शिक्षा, स्वास्थ्य, यातायात तथा सञ्चारको क्षेत्रमा तीब्र रूपमा विकास हुन थालेको छ । वि.सं. १९३५ मा रिडिकोट (मटेना) मा जन्मेका पहलमानसिंह स्वाँरले लेखेको 'अटलबहादुर' नाटक अछामी उपभाषिकामा लेखिएको नाटकले अछामीलाई साहित्यप्रति जागरुक बनाएको पाइन्छ । त्यसपछि अछाममा दण्डी स्वामी, हर्षप्रसाद भट्ट, महेश विक्रम शाह, नृपबहादुर स्वाँर, ललजिन रावल, यदुनाथ शर्मा, देवेन्द्रप्रसाद 'दीप्त' जस्ता थुप्रै साहित्यकारहरू देखिँदै आएका छन् । अछाम जिल्लामा विभिन्न लोक साहित्यका विधाहरू प्रचलित छन् । अछाममा प्रचलित लोकगाथा, लोककाव्य, लोककथा जस्ता विधाहरू वर्तमान अवस्थामा लोपोन्मुख हुँदै आएका छन् । यस्ता विधाहरूलाई बचाएर राख्नु अति आवश्यक देखिन्छ । यस्ता विधाहरूको शोधखोज गरी सङ्कलन गरेको खण्डमा नेपाली लोक साहित्यलाई सहयोग पुग्न सक्ने कुरामा दुईमत देखिदैन ।

# अध्याय तीन

## लोकगीतका परिप्रेक्ष्यमा भुओ पर्वगीत

### ३.१ पृष्ठभूमि

भुओ पर्वगीत एक महत्त्वपूर्ण लोकगीत हो । यो लोक साहित्यको एक महत्त्वपूर्ण विधाका रूपमा परिचित छ । लोक साहित्य 'लोक' र 'साहित्य' को समासबाट बनेको शब्द हो । यसको अर्थ हो 'लोकको साहित्य', लालित्ययुक्त तथा भावपूर्ण भाषिक कलाका रूपमा साहित्यलाई परिभाषित गरिएको छ । लोक साहित्यमा लोक शब्द मूलतः दुई अर्थमा प्रयोग भएको पाइन्छ । (१) स्थानका रूपमा र (२) सामान्य जनताका रूपमा । स्थानवाचक शब्दका रूपमा स्वर्ग लोक र मर्त्यलोक जस्ता शब्द प्रचलित छन् ।[२८] लोक साहित्यमा साहित्यका कतिपय विशेषता छँदाछँदै पनि त्यो साहित्य भन्दा केही भिन्न छ । लोक साहित्यले सामान्यतः रागात्मक भाषामा व्यक्त गरिने जीवन जगत्का हितकारी र कलात्मक अभिव्यक्तिलाई बुझाउँछ । यसमा महाकवि देवकोटादेखि एउटा सामान्य लोक गायन सम्मका अभिव्यक्ति अटाउँछन् । साहित्यले मौखिक र लिखितको भेदभाव पनि गर्दैन र शिष्ट/परिष्कृत वा लोकस्तरीय मध्ये कुनै एकको मात्र माग गर्छ । साहित्य विधा भएकाले यसमा साहित्यिक विशेषता त अवश्य नै रहन्छन् तर लौकिक पक्षको उपस्थिति र मौखिक अभिव्यक्ति अनिवार्य मानिन्छन् । त्यसैले साहित्यका क्षेत्रमा लोक साहित्य आफ्नो विशिष्ट अर्थ सहित प्रचलित छ र अंग्रेजी फोक लिटरेचर (Folk Literature) को पर्याय वा लोकको साहित्यका रूपमा सुपरिचित छ ।[२९]

साहित्यको पूर्वपद भएर आउने 'लोक' शब्द वैदिककाल वा सो भन्दा पनि पूर्वदेखि नै प्रयोग भई आएको छ । यो शब्द संस्कृतको 'लोकृदर्शने' धातुमा 'घञ्' प्रत्यय जोडेर बनेको हो । यस धातुको अर्थ हेर्नु वा देख्नु हुन्छ । जसको लट् लकारमा अन्य पुरुष एक वचनको रूप 'लोकते' हुन्छ । यसकारण लोक शब्दको अर्थ हुन्छ देख्ने अर्थात् देखिने वाला । यसरी ती समस्त जनसमुदाय जो यस कार्यलाई गर्दछन् त्यसलाई लोक भनिन्छ अर्थात् देखिने दुनियाँ संसार नै लोक हो । यस प्रकार जनसामान्यको अर्थबोध गराउने यस शब्दको प्रयोग ऋग्देवमा पनि अनेक स्थानमा साधारण जनताकै अर्थमा गरिएको छ । लोक साहित्यको परम्परालाई हेर्दा के बुझिन्छ भने आदिम मान्छेको जीवन सरल, सहज, स्वभाविक र अकृत्रिम थियो । त्यहीबाट नै लोक साहित्यको आरम्भ भयो । निरक्षर लोक जीवनका जीवन र जगत्का भोग, बोध, पीडा, व्यथा र मर्म तथा अनुभूतिको अभिव्यक्ति पनि लोक साहित्य हो । यो लोक जीवनको अलिखित सामाजिक एवम् सांस्कृतिक भावनात्मक इतिहास हो । देश, जाति र राष्ट्रिय संस्कृतिको स्पन्दन हो । यो निजी पेवा नभएर लोकको साझा सम्पत्ति हो । लोक भावनाको स्वस्फूर्त मौखिक अभिव्यक्ति प्रवाहबाट लोक साहित्यको निर्माण हुन्छ । औपचारिक साहित्यमा झैं लोक साहित्यमा कुनै व्यक्ति विशेषको छाप वा प्रभावभन्दा सामूहिक योगदान महत्त्वपूर्ण रहेको हुन्छ । मौखिक परम्परा,श्रुतिपरम्परा र समूह

---

[२८] चूडामणि बन्धु, **नेपाली लोक साहित्य**, (काठमाडौं: एकता प्रकाशन, २०५८), पृ. १३ ।

[२९] जीवेन्द्रदेव गिरी, **लोक साहित्यको अवलोकन**, (काठमाडौं : एकता प्रकाशन, २०५७), पृ. १९ ।

परम्परा जीवत रहँदै एक व्यक्तिबाट अर्को व्यक्तिमा एक पुस्ताबाट अर्को पुस्तामा सर्दा र स्थानान्तरित रहँदा भाषाशैली र त्यसका केही कथन प्रकारमा भिन्नता देखिनु स्वभाविक हो ।[३०] लोक साहित्यमा जनताको जीवनशैली इतिहासका तथ्य तथा लोकका दर्शन र विश्वास हुन्छन् । गाउँ-गाउँमा बस्ने अशिक्षित जनसमूहका बीचमा पनि मीठा-मीठा गीत गाथाहरू गाइनु, कथा भनिनु, नाटक हेरिनु र लोकोक्तिको सुन्दर प्रयोग भइरहनु लोक साहित्यले दिएको ठूलो उपलब्धि हो । लोक साहित्य आफैमा जीवित रहने विषय हो । यो हरेक समाजको सुख दुःखले भरिएको मौलिक इतिहास हो, अलिखित काव्य कुञ्ज हो ।[३१]

## ३.२ लोकगीत

लोकगीत लोक साहित्यको सर्वप्रिय र प्रमुख विधा हो । नेपाली लोक साहित्यमा लोकगीतको स्थान प्रमुख रहेको छ । लोकगीत भनेको लोक जीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो ।[३२] यसमा लोक जीवनका सुख, दुःख, आँसु, हाँसो र आशा-निराशाका साथै लोकको चालचलन, विधि, व्यवहार, आस्था र मान्यताहरूको चित्रण प्रस्तुत भएको हुन्छ । लोकको संस्कृति यसैमा अभिव्यक्त हुन्छ । केही विद्वान्हरूले लोकगीतको परिभाषा निम्नानुसार दिएका छन् :–

"लोक साहित्यरूपी पारिजातमा कुसुमित फूलको वरदान भनौ प्रचुर गुदी भएको स्वादिलो, मधुरो र रसिलो फल हो लोकगीत ।"

- पूर्णप्रकाश नेपाल 'यात्री' ('विचारमञ्च', **मधुपर्क**: ३९)

"जनजीवनका आधारभूत संस्कारहरू र मार्मिक भाव तथा सङ्कलित चेतनाको उपज हो लोकगीत । लोकगीत नै हाम्रो काव्य परम्पराको प्रारूप पनि हो ।"

- डा. वासुदेव त्रिपाठी ('मन्तव्य', नेपाली राष्ट्रिय लोकगीत क १०)

"लोकगीत लोकसंस्कृतिको महत्त्वपूर्ण अङ्ग हो । लोकगीतका भाका र भावले जातीय परम्परालाई चिनाएर राष्ट्रिय एकताको गाँठो कस्ने काममा ठूलो मद्दत पुऱ्याउन सक्छन् ।"

- प्रदीप रिमाल (**कर्णाली लोकसंस्कृति**, खण्ड ५:१)

"काव्य सुलभ अभिव्यक्ति, हृदयग्राही भाव, हृदयावर्जक शैली र कोमल पद रचनाले गर्दा लोककाव्यको प्रतिष्ठित आसन लोकगीतले पाएका छन् ।"

- ठाकुर पराजुली (नेपाली साहित्यको परिक्रमा : ८६)

आदिम मानिसले वाणीको पहिलो साक्षात्कार गीतका रूपमा गऱ्यो भनेर मात्र होइन कि लोकगीतको विशाल संख्या र प्रचुर व्यक्तिले पनि यस भनाइको पुष्टि गर्दछन् । बालबालिकाका रूपमा बुर्कुसी मार्दै वा तिनैलाई झोलुङगोमा हल्लाउँदै जाँतो-ढिकी चलाउँदै वा खेतबारी र वनपाखामा ढल्किदै अनि मेलापातमा रमाउँदै र

---

[३०] ठाकुरप्रसाद पराजुली, **नेपाली साहित्यको परिक्रमा**, दो.सं. (ललितपुरः साझा प्रकाशन, २०५६), पृ. ४४ ।

[३१] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, (काठमाडौं : वीणा प्रकाशन, २०५७), पृ. २७ ।

[३२] चूडामणि बन्धु, **पूर्ववत्**, पृ. १५५ ।

चाडपर्वमा रौसिदै लोकगीतका भाकाहरू गाइन्छन् । यसरी नै शोक र वियोगका सुस्केरा पनि लोकगीतका रूपमा सुसेलिन्छन् । राष्ट्रिय र जातीय गौरव, सांस्कृति क्रियाकलाप, धार्मिक पूजाआजा आदि पनि लोकगीतले टिपेकै हुन्छन् । नारी होस् वा पुरुष, बालक होस् वा प्रौढ सबैजना लोकगीत सुन्न हुरूक्कै हुन्छन् । यसमा विद्यमान शृङ्गार करुण, वीर, हाँस्य, शान्त आदि रसका भावातिरेकमा लोकगायक र स्रोताले आफैलाई बिर्सिदिन्छन् । त्यसैले लोकगीत कुनै पनि देश, समाज र जातिको गेयात्मक अभिव्यक्तिमा आउने ठूलो सांस्कृतिक सम्पत्ति मानिन्छ ।[३३]

नेपाली लोकगीतको विषयक्षेत्र विशाल छ । भाव र भावनाको संकेत सरल तथा स्वतः स्फूर्त भएर पनि भावविधान गहिरो छ । अनि लय माधुर्य भरिलो छ । यिनले कतै-कतै मसिनो दार्शनिक गोरेटो समाती मानवीय जीवन सत्यलाई अथवा भक्तिको भावलाई पनि समेट्न खोजेको पाइन्छ । जीवनको नश्वरता, सांसारिक मायामोहको अवास्तविकता अनि यहाँका माया ममता र बन्धु बान्धव आफ्नो पराई आदि भन्ने कुराको जन्जाल पनि झुटमुट हो इत्यादि । दार्शनिक सुक्ष्म संकेतका गहिराइसम्म पनि लोकगीत घुसेको हुन्छ । यसैले वस्तुतः माया मोहको यो मरिमेटाइ र स्वार्थ लोभको लुब्ध्याँइ आदि निःसार हो र क्षणिकता हो भन्ने पनि लोकगीत र लोक कविताले झल्काएका छन् ।[३४] लोक मानसले आफ्ना सुख-दुःख, हर्ष-विस्मात, उल्लास एवम् विरहका अभिव्यक्तिहरू लोकगीतको माध्यमबाट व्यक्त गरेको पाइन्छ । लोकगीतले पहाड, तराइ, लेक, बेंसी, मैदान, वन, चौर आदिलाई एकसाथ घन्काउँदै लोक जीवनलाई समृद्ध एवम् सुसम्पन्न पार्न ठूलो मद्दत पुऱ्याएका छन् । देशको सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक, सांस्कृतिक, धार्मिक आदि अनेक महत्त्वपूर्ण पक्षहरू झल्किने लोकगीतमा पारिवारिक जीवनको आदर्श, भाइबहिनीको स्नेह साथी संगिनीको माया एवम् हार्दिकता, दाम्पत्य जीवनका सुख-दुःख, आँसु, हाँसो, बिलौना र उन्माद जस्ता क्रियाकलापहरूको प्रशस्त छनक पनि पाइन्छ । लोक साहित्य भित्र लोकगीतले जे जति वनपाखा, देउराली, भन्ज्याङ, चौतारी, उकाली, ओरालीका भाका पाउँछ । त्यति यसका अन्य शाखाहरूले पाउन सक्दैनन् । यसर्थ पनि लोकगीत समाजको ऐना हो जसको सहाराले लोक जीवनको छविलाई उतार्न सकिन्छ ।[३५]

लोक साहित्यको एक विधा लोकगीतको एक भेदलाई आज लोककाव्य पनि भनिन थालेको छ । काव्य सुलभ अभिव्यक्ति, हृदयग्राही भाव, हृदयाकर्षक शैली र कोमल पदरचनाले गर्दा लोक काव्यको प्रतिष्ठित आसन ती लोकगीतले पाएका छन् । साहित्यको महत्ता यदि मानवीय भाव र उसका आकाङ्क्षालाई वाणी दिनुमा छ भने लोक साहित्य पनि यस भन्दा बाहिर छैन । लोक साहित्यको सिर्जना नैसर्गिक सहजता र सरल जीवनको बीचबाट भएको हुँदा यसका सरल र चुट्किला अभिव्यक्तिहरूले हाम्रा कोमल र नैसर्गिक मानसलाई सबभन्दा बढी स्पर्श गर्दछन् । त्यसैले यस्ता अभिव्यक्तिहरू जीवनका कृत्रिम र बौद्धिक सम्पर्कबाट टाढै रहे । विना पूर्व योजना हाजिरी जवाफकै रूपमा लोकगीतको सिर्जना हुने भएकाले सहजता र सरलता यसका

[३३] जीवेन्द्रदेव गिरी, **पूर्ववत्**, पृ. २५ ।

[३४] हंसपुरे सुवेदी, "लोककविता संक्षिप्त चर्चा", **वाङ्मय**, पूर्णाङ्क ७, वर्ष १३ (२०५३/५४), पृ. ४३ ।

[३५] ज्ञाननिष्ठ ज्ञवाली, "लोक साहित्य तीजका गीत र नारीका पीडा", **कुञ्जिनी**, वर्ष १३, अङ्क १० (२०६३), पृ. ६२ ।

नैसर्गिक गुण हुन्छन् । त्यसैले भन्न सकिन्छ लोकगीतहरू आँसुप्रतिभाका सहज उपलब्धि हुन् ।[३६]

### ३.२.१ लोकगीतका तत्त्वहरू

कुनै वस्तुको निर्माणका लागि आवश्यक पर्ने सामग्री विशेषलाई तत्त्व भन्ने गरिन्छ । तत्त्वलाई घटक, संरचक, उपकरण, अवयव, अङ्ग, संरचना आदि पनि भनिन्छ । लोकगीतको निर्माणमा पनि विभिन्न प्रकारका लोकगीतलाई संगीत रत्नाकरमा श्रोताहरूको हृदयलाई आनन्दित पार्ने लयबद्ध मधुर स्वर समूह भनेर चिनाइएको छ । यहि परिभाषा भित्र पनि लोकगीतका मुख्य तत्त्वहरू भेट्टाउन सकिन्छ । हृदयाह्लादक श्रुतिमधुरता र लयबद्धता यसका परिभाषाबाट देखिने तत्त्व हुन् । चूडामणि बन्धुका अनुसार लोकगीतका तत्त्वहरू यस प्रकार रहेका छन् :–

#### ३.२.१.१ कथ्य

लोकगीत कुनै न कुनै कथ्य वा सन्देश भएको अभिव्यक्ति हो, जसमा व्यक्त गर्नेले केही न केही भनेको हुन्छ । यसमा भनिएको कुरो नै कथ्य हो र त्यस कथ्यलाई सुन्नेले बुझ्दछ । लोकगीतको संगीत तत्त्वले गर्दा कहिलेकाहीँ कथ्य नबुझिए पनि श्रोतालाई आनन्दको अनुभव हुन्छ । गीतमा कुनै न कुनै सन्देश हुन्छ नै । त्यही सन्देश नै त्यस गीतको कथ्य विषय हो ।[३७]

#### ३.२.१.२ भाषा

गीतको कुनै न कुनै भाषा हुन्छ । नेपाली भाषा र नेपालका भाषाहरूमा जस्तै संसार भरिका भाषामा गीतहरू छन् तर गीतको भाषा सामान्य बोलचालको भन्दा फरक हुन्छ । केही गीतहरू धेरै समयदेखि मौखिक रूपमा हस्तान्तरित हुँदै आएका छन् । विशेष गरी धमारी, फाग, मागल, भोलाउलो, पडेली आदि गीतहरूमा भाषाको पुरानो रूप बाँकी रहेको भेटिन्छ ।[३८]

#### ३.२.१.३ चरन वा पद

गीतका चरन वा पाउ हुन्छन् । गीतको एक चरन एक पाउ हो र यो गीतको स्वरूप अनुसार छोटो वा लामो हुन सक्छ । प्रायः एउटा चरनको अर्को चरनसँग तुक मिलाइएको हुन्छ । यी दुई चरनमा पनि पहिलालाई फेद र दोस्रो चरनलाई टुप्पो भनिन्छ । केही गीतहरूमा दुवै चरन प्रासङ्गीक रूपले सम्बद्ध देखिन्छन् भने केही गीतमा ती असम्बद्ध पनि देखिन्छन् ।[३९]

---

[३६] ठाकुरप्रसाद पराजुली, **पूर्ववत्**, पृ. ६१ ।

[३७] चूडामणि बन्धु, **पूर्ववत्**, पृ. ११६ ।

[३८] **ऐजन** ।

[३९] **ऐजन** ।

### ३.२.१.४ स्थायी र अन्तरा

स्थायी भनेको त्यो भाग हो जो पटक-पटक दोहोऱ्याइन्छ । गीत गाउँदासम्म भट्याउनेहरूले यसैलाई भट्याउँछन् । यसैलाई रिटक, दुआ र छोपुआ पनि भनिन्छ । कतै-कतै यसलाई टेको भनिन्छ । गीतको क्रमैसँग अघि बढ्दै जाने अंशलाई अन्तरा भनिन्छ । अन्तरा दोहोरिँदैन, एक जनाले भट्याउँछ र स्थायीका निम्ति मात्र अडिन्छ । यस्ता शब्दलाई संगीतशास्त्रका शब्दावलीमा स्तोभ भनिन्छ ।[४०]

### ३.२.१.५ रहनी, बथन र थेगो

लोकगीतका बीच-बीचमा आउने शब्दलाई रहनी, बथन वा थेगो भनिन्छ । यस्ता शब्दहरूमध्ये कति सार्थक हुन्छन् भने कतिको शब्दार्थ खुट्याउन गाह्रो पनि पर्न सक्छ । यिनमा केही सम्बोधनका रूपमा देखिन्छन् र केही चाहिँ अनुकरणात्मक र उद्गार बोधक शब्द पनि हुन्छन् । यस्ता बथन र रहनीले गीत प्रवाह र छन्द निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्छन् । उदाहरणका निम्ति ए कान्छी, साइँली, निर्माया, रेलीमाइँ आदिलाई लिन सकिन्छ ।[४१]

### ३.२.१.६ लय वा भाका (छन्द)

लय वा भाका भनेको लोकगीतको स्तर संगठन हो । एउटा गीतलाई विभिन्न लय वा भाकामा गाउन सकिन्छ । लोक जीवनमा खास गीत गाउने शैली नै भाका हो । लोकगीतमा भाका वा लय निर्धारण गर्दा यति गतिको संयुक्त स्वरूप निर्धारण हुन्छ । लोकगीतमा भाव वा विचारलाई अभिव्यक्त गर्ने र सम्प्रेक्षण गर्ने काम लयमा आबद्ध पदावलीले गर्दछ । थेगाहरूका आधारमा ए ठूली, राइझुमा, जौ पात, साँफिका झोलुङ्गे पुल आदि भाकालाई चिनाउन सकिन्छ ।

## ३.३ लोकगीतका विशेषता

लोकगीतका विविध किसिम, स्वरूप र श्रृङ्खला हुन्छन् । त्यसमाथि प्रत्येक देशमा लोकगीतको परिवेश आफ्नै हुन्छ र त्यसमा त्यही देशका माटोको गन्ध आउँछ । यस स्थितिमा सबै देशका लोकगीतका विशेषता यिनै हुन् भनेर सर्लक्क तोक्न मिल्दैन । लोक जीवनका विविध अवसरहरूमा गाइने लोकगीतका विशेषता किटान गर्न गाह्रो विषय हो तर पनि केही खास-खास विशेषतालाई केलाई बुँदागत रूपमा देखाउन सकिन्छ ।

### ३.३.१ मौखिक परम्परा

लोक साहित्य एक पुस्ताबाट अर्को पुस्तामा क्रमशः मौखिक रूपमा सर्दै आइरहेको छ । लोकगीत एक जिब्रोबाट अर्को जिब्रोमा, एक बिसौनीबाट अर्को बिसौनीमा एक खोलाबाट अर्को खोलामा एक ऋतुबाट अर्को ऋतुमा एक युगबाट अर्को युगमा सर्दै प्रवाहित हुँदै आउँछ । लोक सिर्जनाका चिल्ला बान्की थप्दै मौखिक परम्परामा हुर्कनु नेपाली लोकगीतको प्रमुख विशेषता हो ।

---

[४०] ऐजन ।

[४१] ऐजन ।

### ३.३.२ अज्ञात रचयिता

रचनाकार अज्ञात हुनु पनि लोकगीतको विशेषता हो । लोकगीत समय सीमालाई नाघेर निरन्तर प्रवाहमा बग्दै जान्छ र यसको स्रष्टाचाहिँ पार्श्वभूमिमा नै छिपेको हुन्छ । लोकगीतका रचयिता तत्काल गीत सिर्जन्छन् जनतालाई सुम्पन्छन् र त्यसपछि आफू अदृश्य नै रहन्छन् । कुनै पनि लोकगीतलाई जहाँ जसले गाएको भए पनि लोकले आफ्नै गीत ठान्दछ । यसरी रचयिता र गीतकार अज्ञात रहनु नेपाली लोकगीतको एउटा विशेषता हो ।

### ३.३.३ सामूहिकता

लोकगीत समाजको सम्पत्ति हो । नेपाली लोकगीतमा सामाजिक मूल्य र मान्यता अभिव्यक्त गर्ने शक्ति रहेको हुन्छ । करुणा, प्रेम, नम्रता, धैर्य, परिश्रम र एकताको भावना भरेर समूहमा परिणत हुने गुण यसमा पाइन्छ । यो पनि लोकगीतको अर्को विशेषता हो ।

### ३.३.४ स्वच्छन्दता

लोकगीत शास्त्रीयगीत नभएकाले स्वच्छन्द किसिमको हुन्छ । लोकगीत सामान्य लोक समाजको भएका कारण यसले कुनै पनि नियमको पालना नगरी स्वच्छन्द किसिमले अघि बढ्छ । लोकगीतको अभिव्यक्ति पनि स्वच्छन्द हुन्छ । स्वच्छन्दता नेपाली लोकगीतको सहज गुण हो, उल्लेख्य विशेषता हो ।

### ३.३.५ साङ्गीतिकता

लोकगीतमा संगीतमयता हुन्छ । यो गेयात्मक र लयात्मक हुन्छ । यसको संगीतमयतालाई वाद्यवादनले अझ बृद्धि गर्दछ । मादल, खैंजडी, मुरली जस्ता बाजाहरू कतिपय लोकगीत गाउँदा प्रयोग गरिन्छन् । मागल, न्याउले गीत भने वाद्यवादनको प्रयोग विना नै गाउने गरिन्छ ।

### ३.३.६ सहजता र सरलता

लोकगीत जहिले पनि लोकभावनामा आधारित हुन्छ । यसको अभिव्यक्तिको आधार पनि लोकभावनालाई अँगालिने सरलता र सहजता नै हो । सामान्य भन्दा सामान्य व्यक्तिले पनि लोकगीत गाउन सक्छ । जीवनका घटना आदिलाई अँगालेर जुनसुकै बेलामा पनि लोकगीत गाउन सकिने भएकाले लोकगीतमा सरलता र सहजता हुन्छ । त्यसकारण यो लोकगीतको विशेषता हो ।

### ३.३.७ परिवर्तनशीलता

लोकगीत कुनै एक व्यक्तिद्वारा रचिने भए पनि यो लिखित भई स्थिर नहुने र सट्टामा मौखिक रूपमा यो एक व्यक्तिबाट अर्को व्यक्ति र समयअनुसार लोकगीतमा परिवर्तन हुँदै जान्छ । यही समय सापेक्ष परिवर्तनशीलताको गुणले यो लोक प्रिय हुन्छ । अतः परिवर्तनशीलता लोकगीतको अर्को विशेषता हो ।

## ३.४ लोकगीतका प्रकार

लोकगीत भन्नाले सबै एकै प्रकारका हुँदैनन् । लोकगीत लय, भाका, विषयवस्तु, ऋतु, व्रत, संस्कारसम्बन्धी अलग-अलग हुने गर्दछन् । लोक जीवनका साझा अभिव्यक्तिलाई सुनेर, बटुलेर केलाएर लोक साहित्यको अध्ययन अवलोकन प्रति आकृष्ट हुने जिज्ञासा वर्तमान पुस्तामा जागृत हुन थालेको छ । यस दिशामा लोक साहित्यमा अभिरुचि लिने विद्वान् संलग्न छन् र लोकगीतको वर्गीकरण तथा विश्लेषण गर्ने कार्य सक्रियतापूर्वक भइरहेको छ । भारतीय विद्वान् डा. कृष्णदेव उपाध्यायले लोकगीतलाई छ प्रकारमा विभाजन गरेका छन् :–

(क) संस्कार सम्बन्धी (ख) ऋतु सम्बन्धी (ग) व्रतसम्बन्धी

(घ) जातिसम्बन्धी (ङ) श्रमसम्बन्धी (च) विविध विषय सम्बन्धी

त्यस्तै नेपाली विद्वान् डा. चूडामणि बन्धुले आफ्नो 'नेपाली लोक साहित्य' भन्ने पुस्तकमा लोकगीतलाई तीन आधारमा विभाजन गरेका छन् :–

(क) सहभागिताका आधारमा

(अ) एकल गीत (आ) दोहोरी गीत (इ) समूह गीत ।

(ख) लय वा भाकाका आधारमा

(अ) कालिपारे, बन्दीपुरे आदि (स्थानका आधारमा)

(आ) वाद्यीगीत, दमाईगीत, गाइने गीत आदि (जातका आधारमा)

(ग) प्रकार्यका आधारमा

(अ) सामान्य गीत - झ्याउरे, संगिनी, देउडा, आदि ।

(आ) विशेषगीत धार्मिक गीत - धमारी, फाग, भोलाउलो आदि ।

अनुष्ठानमूलक - मागल, खाँडो, रत्यौली आदि ।

(इ) ऋतु तथा पर्वगीत- जेठे, असारे, तीज, भुओ, होरी, गौरा आदि ।

(ई) श्रमगीत- गोडालो, बाली,रोपाइँ, दाइँ आदि ।

अर्का विद्वान् दयाराम श्रेष्ठका अनुसार

(क) संस्कार सम्बन्धी गीत (ख) ऋतु सम्बन्धी गीत

(ग) क्रियासम्बन्धी गीत (घ) विविध गीत ।

धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार

(क) सामान्य गीत (ख) संस्कार गीत (ग) ऋतु वा व्रतसम्बन्धी गीत

(घ कर्मसम्बन्धी गीत (ङ) पर्वसम्बन्धी गीत (च) लोक नृत्य वा नृत्यगीत

(छ) विविध गीत ।

कालीभक्त पन्तका अनुसार

(क) राष्ट्रभाषा, स्तरीय गीत (ख) जिल्लास्तरीय गीत (ग) ग्रामस्तरीय गीत

(घ जातिस्तरीय गीत (ङ) जातिभाषा स्तरीय गीत (च) पर्वस्तरीय गीत

(छ) लोक नाट्य स्तरीय गीत (ज) कर्म स्तरीय गीत (झ) ऋतुस्तरीय गीत ।

जीवेन्द्रदेव गिरीका अनुसार

(क) श्रमगीत (ख) प्रेमगीत (ग) शोकगीत (घ) संस्कार गीत (ङ) भक्तिगीत ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलका अनुसार गीतका वर्गीकरणका आधार

(क) क्षेत्रीय आधार (ख) जातिय आधार (ग) लिङ्गको आधार

(घ) उमेरको आधार (ङ) सहभागिताको आधार (च) बनोटको आधार


(छ) आकारको आधार (ज) समयको आधार

कृष्णप्रसाद पराजुलीका आधारमा गीतका वर्गीकरणका दृष्टि

(क) क्षेत्रको दृष्टि (ख) जातिय दृष्टि (ग) उमेर वा लिङ्गको दृष्टि


(घ) कार्यावस्थाको दृष्टि (ङ) स्वरूपको दृष्टि (च) प्रस्तुतिको दृष्टि

पराजुलीको विषयात्मक वर्गीकरण भने यस्तो रहेको छः–



### ३.५ अछामी लोकगीत

अछाम जिल्लामा प्रख्यात लोकगीतका रूपमा भुओ, होरी, देउडा, हुड्क्या, फाग, धमारी, चाँचरी, मागल आदि रहेका छन् । अछामी लोकगीतका प्रकारहरूलाई निम्नानुसार आरेखमा देखाउन सकिन्छ :




### ३.५.१ पर्वगीत

नेपाली समाजका विभिन्न चाडपर्वका अवसरमा गाइने गीतहरू नै पर्वगीत हुन् । अछाममा वर्षमा धेरै चाडपर्वहरू मनाइन्छन् । त्यस्ता चाडपर्वहरूमा गाइने गीतलाई पर्वगीत भन्ने गरिन्छ । त्यस्ता पर्वगीतहरू भुओ, होरी, जन्माष्टमी, पुत्ला, तीज, गौरा, भैंलो, देउसी आदि हुन् । पर्वगीतको नेपाली समाजमा निकै महत्त्व रहेको छ । विभिन्न चाडपर्वहरूमा घर र आफन्त कहाँ जाने, आउने, रमाइलो गर्ने, मीठो खाने अनि नयाँ लुगा लगाउने गरिने हुनाले पर्वगीतहरू महत्त्वपूर्ण मानिन्छन् । अछामी चाडपर्वहरूसँग सम्बन्धित पर्वगीतहरूको संक्षिप्त परिचय यसप्रकार छ :

#### ३.५.१.१ भुओगीत

अछामी लोकगीत र तिनका प्रकारहरूलाई छुट्याएर केलाउँदा भुओगीत सहभागिताका आधारमा समूह गायनका आधारित पर्वगीत हो । यस्तै प्रस्तुतिकरणका आधारमा वाद्य, नृत्य, दुवैमा प्रस्तुत हुने गीत हो । यस्तै लय वा भाकाका आधारमा गद्य लय भएको गीत हो भने प्रकार्यका आधारमा भुओ पर्वका रूपमा देखिएको विशेष गीत हो ।

नेपाली समाजका विभिन्न चाडपर्वका अवसरमा गाइने गीतहरू नै पर्वगीत हुन ।[४२] अछामको सांस्कृतिक परम्परा अनुसार वर्ष दिनका बाह्र महिनाहरूमा विभिन्न चाडपर्वहरू मनाइन्छन् । ती विभिन्न चाडपर्वहरू मध्ये भुओ पनि एक हो । यो सुदूरपश्चिमका अछाम, बाजुरा, बझाङ, डोटी र मध्यपश्चिमका हुम्ला, जुम्ला लगायत अन्य जिल्लाहरूमा पनि मनाइन्छ । त्यसैले भुओ पश्चिम नेपालको एक चर्चित चाड हो । अछाममा भुओलाई भुओ, भस्सो र भस्सी पनि भनिन्छ । यहाँ भुओ पर्व पौषको भैंले पूर्णिमाबाट औंसीसम्म मनाइन्छ । भुओ समूह खेल हो । यो गोल घेरामा आबद्ध भएर संगीतको धुनमा हातमा ढाल तरबार लिएर नाचिन्छ । यस खेलमा विशेष किसिमको पहिरन पनि हुन्छ । त्यस पहिरनलाई जामा पगडी भन्ने गरिन्छ । भुओगीत पुरुषप्रधान गीत हो र यस गीतका केही देउडा भने भाउजु सम्बन्धी बनाइएका पाइन्छन् । भुओ खेल खेल्दा दफ्फे र मूल गरी २ समूहमा बाँडिन्छन् र आ-आफ्नो क्षेत्रको पट्कानी वा खुला चौरमा गएर खेलिन्छ । कृष्णपक्ष र द्वादशीमा थलो मान्न जान्छन् । त्रयोदशीमा पनि यसै रित सित खेल्दै जोगी सिंगारूको प्रदर्शन देखाई एउटैमा मिसिएर जम्मा भै खेल्छन् र मानमर्यादाकासाथ टीका, पिठायो पहिरेर आफ्नो स्थानमा जान्छन् । फेरी, चौदशीको दिन त्यही प्रक्रिया अनुसार जोगी सिंगारू प्रदर्शनको साथसाथै धा, जवानी, कवाज खेली एउटैमा मिसिएर आ-आफ्नो गाउँको परिक्रमा गर्नुको साथै प्रत्येक रुम्टाको पटकानीमा चाल खेलेर पिठायो पहिरेर गुरुको सम्मान गरिन्छ । साँझ पख खड्ग पूजा गरिन्छ । पण्डितहरूले पूजा समापन हुने बेला बोकाको बली दिन्छन् त्यहाँ नेर भस्सो भनेर पण्डितले दिएका अक्षता, काठका टुक्रा होमन गरिएको अग्निमा सरमकारीहरू आहुती दिन्छन् अनि रातभर विभिन्न खेल चालहरू खेल्दै, भोस्याउने, माडाहाल्ने गर्दछन् । यसरी सुरुवात भएको भुओ कतै कतै महिना भरिनै खेलिन्छ भने कतै ७ दिन कतै ९ दिन र कतै १५ दिनसम्म खेलेर टुङ्ग्याइन्छ । यसरी आनन्द र उल्लासको अभिव्यक्तिका रूपमा मनाइने महान पर्व हो ।

### (१) भुओगीतका विशेषता

नेपाली गाउँसमाजमा परम्परादेखि गाइँदै र खेलिँदै आएको भुओगीत मुख्यतः पर्वगीत हो । गाउँ समाजमा लोकसंस्कृतिका आधारमा विभिन्न गीतहरूको रचना भएका हुन्छन् । ती मध्ये केही गीत निश्चित समय सीमामा बाँधिएका हुन्छन् भने केही गीतहरू समय सीमामा नबाँधिएर जुनसुकै बेला पनि गाउन सकिने खालका हुन्छन् । यिनै र यस्ता विशेषताहरूलाई लिएर भुओ गीतका विशेषता केलाउन सकिन्छ । अछामी भुओगीत पुरुष प्रधान गीत हो । यसलाई पुरुषहरूले सजधजका साथ गोलघेरामा आबद्ध भएर खेल्छन् । यस गीतका विशेषताहरूलाई मूलभूत रूपमा निम्न बुँदाहरूमा देखाउन सकिन्छ ।

### (क) निश्चित समय सीमा

भुओगीत पर्वगीत भएका कारण यो जुनसुकै समयमा गाउन र खेल्न सकिँदैन । भुओगीत पौषको महिनामा हुने भैंले पूर्णिमाबाट सुरुवात भएर औंसीसम्म निश्चित

[४२] **ऐजन**, पृ. १२१-१२४ ।

समयमा मात्र गाइने र खेलिने भएकाले निश्चित समयसीमा यसको पहिलो र प्रमुख विशेषता हो ।

### (ख) पुरुषप्रधानता

लोकगीतहरू लोकका गीत हुन् । यिनमा नारीपुरुष दुवैको महत्त्व रहेको हुन्छ । लोकगीतहरूमध्ये केही नारी प्रधान र केही पुरुष प्रधान हुने गर्दछन् । पुतला, मागल, संगिनी र तीज आदि नारी प्रधान गीत हुन भने अछामको भुओगीत पुरुष प्रधान गीत हो । नारीहरू यसका दर्शक र श्रोता मात्र हुन्छन् ।

### (ग) सामूहिकता

लोकगीतहरू गायनमा सहभागिताका दृष्टिले विविध प्रकारका हुन्छन् । कुनै गीतहरूमा एकल गायन हुन्छ भने कुनै गीतहरू समूहमा गाइन्छन् । भुओगीत पर्वगीत भएका कारण यसमा समाजको लोकसंस्कृति झल्केको हुन्छ । समाजमा रहेका सम्पूर्ण व्यक्तिहरू यसका हकदार हुन्छन् र यसमा आफ्नो सहभागिता जनाउँछन् । गोलघेरामा आबद्ध भई हातमा ढाल र तरबार लिई तालमा ताल मिलाउँदै दायाँ-बायाँ भित्र बाहिर घुम्दै खेलिने भुओगीतको विशेषतामा सामूहिकता पनि पर्दछ ।

### (घ) मनोरञ्जनात्मकता

अछाम जिल्लाको लोकसंस्कृति अनुसार दर्शकलाई मनोरञ्जन प्राप्त गर्नका निम्ति भुओ खेलमा विभिन्न किसिमका सिंगार पटारमा जोगी सिंगारू बनाई दुई पक्षमा विभाजित हुन्छन् । एक पक्षकाले अर्को पक्षकोलाई गिज्याउने झैं झगडा झैं अभिनय गरेर दर्शकलाई पूर्णरूपमा मनोरञ्जन प्राप्त गर्दछन् । तसर्थ यो मनोरञ्जनात्मकता भुओगीतको उल्लेखनीय विशेषता हो ।

### (ङ) साङ्गीतिक प्रयोग

संगीत भन्नाले बाजागाजा र गायन भन्ने बुझिन्छ । भुओगीतमा पनि गायनका साथै नाच र बाजाहरूको प्रयोग भएको हुन्छ । यसमा प्रयोग हुने बाजाहरू ट्याम्को, दमाहा, नरसिंगा झ्याम्टा र सनाई हुन् ।

### (च) परम्परागत वेशभूषा

पौष महिनामा हुने भैंले पूर्णिमाबाट सुरुवात हुने भुओ पर्वमा आ-आफ्नो टोल वा गाउँको पटकानी (आँगन) मा परम्परागत वेशभूषामा सुसज्जित भएर खेल खेलिन्छ । यस परम्परागत वेशभूषामा जामा, पगडी, सेता लुगा तथा घाँटीमा फूलका मालाहरू पर्दछन् । यसको पगडी एक दिन बाँधेपछि केही दिनसम्म बाँध्नु पर्दैन । यसको बधाँई विशेष किसिमको हुन्छ । शिरदेखि पयरसम्म सेतो पहिरनले गर्दा भुओ खेलमा अझ उभङ्ग भरिएर आउँछ ।

### (छ) खुलामञ्चको प्रयोग

भुओखेल खेल्नका निम्ति गाउँका यताउता छरिएर रहेका सबै मान्छेहरू एक ठाउँमा जम्मा हुन्छन् । त्यसपछि उनीहरू कुनै खुला आँगन, पटकानी, चौर वा खुल्लामञ्चमा भुओगीतको आयोजना गरिन्छ । यसको लागि कुनै औपचारिक मञ्चको आवश्यकता भने पर्दैन । गीतको लयमा नायकले भट्याउन फेरेपछि बाजागाजा र

नाचमा हाउभाउको भूमिका पनि फेरिन्छ । भुओको अन्तिम दिनमा अन्य दिनको भन्दा अलि धेरै फराकिलो ठाउँ चाहिन्छ । त्यस दिन सरमकारीहरूले बाजागाजाका साथ आफूभन्दा ठूलाको सम्मान गर्दै भुओ फट्का हाल्दै नाच्ने गर्दछन् । त्यसकारण खुल्लामञ्चको प्रयोग भुओगीतको विशेषता हो ।

### (ज) मौखिक अभिव्यक्ति

लोक साहित्यका अन्य विधा जस्तै भुओगीत पनि मौखिक अभिव्यक्तिका रूपमा रहेको छ । यो गीत मौखिक परम्परामा जीवित छ । प्रारम्भमा भुओगीत कसैद्वारा रचिएको अवश्य हो । परन्तु पुस्तौं पुस्तादेखि विभिन्न व्यक्तिहरूमा मौखिक रूपमा परिवर्तन हुँदै जाँदा यसका विभिन्न मौखिक रूपहरू पनि परिवर्तन भई आज अछामको भुओगीतमा विविधता आएको छ । हिजोआज भुओका गीतहरूलाई सङ्कलन गरेर राखिएका भए पनि लोकसमुदायमा यसका मौखिक अभिव्यक्तिहरू जीवित र प्रचलित नै छन् ।

### (झ) स्थानीयता

भुओ पर्व अछाममा मात्र नभएर अन्यत्र पनि मनाइन्छ । स्थानअनुसार प्रचलन फरक-फरक देखिन्छ । कुनै समाजमा भुओपर्वमा जामा, पगडी र फूलका मालाहरू लगाएर खेलिन्छ भने कुनै समाजमा सेतो पहिरनमा खेलिन्छ । साथै १०, १५ वर्षका केटाकेटीले सरमकारीहरूलाई अमलाका दानाहरूले गोलीको रूपमा हान्ने गर्दछन् । त्यस गोलीलाई छेक्नको निम्ति सरमकारीहरू ढालको प्रयोग गरेर भुओ धुमधामसँग मनाउने प्रचलन रहिआएको छ । यसलाई स्थानीय संस्कृतिको परिणाम मान्न सकिन्छ । यसमा प्रयोग हुने भाषा रीतिरिवाज संस्कृतिमा स्थानीय क्षेत्रको चित्रण पाइन्छ । त्यस कारण स्थानीयता भुओगीतको विशेषता हो ।

### (२) भुओगीतको संरचना

कुनै पनि वस्तुको संरचनामा अनेक तत्त्वहरू हुने गर्दछन् । भुओगीतका पनि आफ्नै प्रकारका तत्त्वहरू छन् जुन तत्त्वबाट भुओगीत निर्माण भएको छ । भुओगीतका तत्त्वहरूमा लय वा भाका स्थायी र अन्तरा, भाषा, भाव, गेयता र कथन पद्धति पर्दछन् ।

### (क) लय वा भाका

लय लोकगीतको अनिवार्य तत्त्व त हुँदै हो । साथसाथै लय नै लोकगीतले अँगाल्ने गेय छन्द पनि हो । लोकगीतमा भाव र विचारलाई अभिव्यक्त गर्ने र सम्प्रेष्य बनाउने काम लयमा आबद्ध पदावलीद्वारा हुन्छ ।[४३] भुओगीतमा आफ्नै प्रकारका लयहरू छन् । त्यसकारण लय भुओगीतको प्रमुख तत्त्व वा संरचना हो ।

[४३] कृष्णप्रसाद पराजुली, **पूर्ववत्**, पृ. ७२ ।

### (ख) स्थायी र अन्तरा

स्थायी र अन्तरा भुओगीतका तत्त्व हुन् । भुओगीतको अगाडि आउने ओ ! बोउजु स्थायी हो भने त्यसपछि आउने गीत अन्तरा हो । स्थायी पटक-पटक दोहोरिरहन्छ भने अन्तराले स्थायी भावलाई अगाडि बढाउने काम गर्दछ ।

### (ग) भाषा

भुओगीत लोक जीवनले बोल्दै सुसेल्दै आएको लोकभाषामा आधारित छ । यस भुओगीतमा स्थानीय समाजमा प्रचलित अछामी भाषिकाको प्रयोग भएको पाइन्छ । तलको नमुना हेरौं :

| | | |
|---|---|---|
| ओ ! बोउजु | – | भस्सो |
| ए, वर्खा लाग्यो पानी पड्यो | – | भस्सो |
| ओ ! बोउजु | – | भस्सो |
| ए ! बरो बाट्याको नाई | – | भस्सो |
| ओ ! बोउजु | – | भस्सो |
| ए ! बोउजु तमी बाइजानी भैं | – | भस्सो |
| ए सौराई काट्याकी नाई[२] | – | भस्सारे |

यी उदाहरणमा प्रयोग भएका बोउजु, वर्खा, पड्यो, बरो, बाट्याको, नाई, तमी, बाइजानी, काट्याकी जस्ता अछामी भाषिकाका शब्दहरू हुन् ।

### (घ) भाव

भाव हरेक गीतको प्राण भएजस्तै भुओगीतको प्राण हो । भाव विना कुनै पनि गीतहरू नीरस मानिन्छन् । भुओगीतका प्रमुख गीतहरूको रूपमा लिइएका भस्सो गीतहरूमा निहित भावलाई केलाउँदा पौराणिक तथा ऐतिहासिक घटनाक्रमको श्रृङ्खलाबद्ध अभिव्यक्तिका रूपमा यी आएका पाइन्छन् । यस्तै अन्याय तथा अत्याचारले एक दिन घरायसी हुनुपर्छ र सत्यको सधैं जित हुन्छ भन्ने भावना यिनमा अन्तर्निहित छ । त्यसैले धर्म युद्ध गरेर युद्ध जित्ने वीरहरूको ख्यातिको खम्बा युग युगान्तरसम्म रहिरहन्छ भन्ने देखाउनु नै प्रस्तुत भस्सो गीतको मूल भाव हो ।

### (ङ) गेयता

गेयता गीतलाई सञ्चारित गर्ने तथा श्रोतालाई प्रभावित पार्ने अनिवार्य तत्त्व हो । लोकगीतमा संगीत र सुर हुने भएकाले यो गेयतत्त्व अत्यन्त आकर्षक हुन्छ र प्रवल पनि रहन्छ ।[४४] भुओगीत पनि गीतका रूपमा गाइने भएकाले यसमा श्रोतालाई प्रभावित पार्ने गेय तत्त्व हुन्छ ।

---

[४४] **ऐजन**, पृ. ७८ ।

### (च) कथनपद्धति

गीतमा घटना, स्थान, व्यक्ति आदिलाई श्रृङ्खलाबद्ध तरिकाले प्रस्तुत गर्नु कथन पद्धति हो । भुओगीतमा श्रृङ्खलाबद्ध घटना, स्थान र व्यक्तिको प्रस्तुति भएको हुन्छ । यस गीतलाई सामूहिक रूपमा कथ्ने गरिन्छ ।

### (३) भुओगीतको महत्त्व

भुओगीतले आफ्नो छुट्टै महत्त्व बोकेको छ । भुओगीतसँग विभिन्न विषय जोडिएर आएका छन् । ती विभिन्न विषयले भुओको महत्त्व बोध गराउँछन् । भुओगीत पौराणिक, ऐतिहासिक र सामाजिक आदि विषयसँग सम्बन्धित रहेको पाइन्छ ।

### (क) पौराणिक महत्त्व

पौराणिक विषयवस्तुमा भुओलाई विजय उत्सवका रूपमा देवता तथा स्वयम् पाण्डवहरूले मनाएको कुरा उल्लेख छ । पौराणिक कालमा महाभारतको युद्ध हुनु, त्यो युद्ध गर्ने पाण्डव र कौरवहरूको उत्पत्ति कथालाई समेत गीतले आफ्नो वर्णनीय विषय बनाउनु, युद्ध विजेता पाण्डवहरूले आपसी सरसल्लाह गरी भुओ मनाउने उपयुक्त समय छान्नु, त्यस समयमा भुओलाई पर्वको रूपमा के कसरी मनाइने हो सो कुराको सरसल्लाह गर्नु आदि यस गीतको पौराणिक महत्त्व हो ।

### (ख) ऐतिहासिक महत्त्व

वि.सं. ११, १२ औं शताब्दीतिर दक्षिण पश्चिमको मार्ग हुँदै मुगल साम्राज्यवादीहरूको मुकाविला गर्दा गर्दै धर्मरक्षाका खाँतिर पहाडका कुना कन्दरा छिचोल्दै पूर्खाहरू यस धर्ती वा भूमिमा अवतरण भएपछि हालको पश्चिम सिंजागढमा सिंजापति महाराजको शासन व्यवस्था पनि सफल भएको जयसिंहदेवका सन्ततिहरूले लडाइँबाट बच्न बचाउन ढाल र तरबारको प्रयोग गर्दै आएको कुराको ऐतिहासिक घटना क्रमलाई गीतमा वर्ण्य विषय बनाइएको छ । सर्वप्रथम भुओ कहाँबाट आयो र त्यहाँबाट क्रमशः अरू ठाउँमा के कसरी पुग्यो भन्ने कुराको बयान यसमा पाइन्छ । यसरी गाउँघरमा भुओ आइपुगेको इतिहास भस्सो गीतमा पाइने हुनाले यसले ऐतिहासिक महत्त्वलाई समेटेको छ भन्ने आधार देखिन्छ ।

### (ग) सामाजिक महत्त्व

भुओले गाउँघरमा दुःखमा परेका दुःखीलाई उसका दुःखको मर्म प्रस्तुत गरेर रुवाउने गर्दछ । सुखका गीत गाउँदै हौंस्याउने तथा हँसाउने कार्य पनि गर्दछ । अझ समाजका बूढा, वयस्क, नायक जस्ता व्यक्तिलाई सामाजिक विकासका लागि अगुवा मान्नु सामाजिक एकताको भावना बढाउनु, समाजमा मिलेर काम गर्न प्रेरित गर्नु जस्ता धारणाको विकास गराउनु आदि यस गीतका विशेषता हुन् । यिनलाई यी गीतले अँगालेको सामाजिक महत्त्व हो भन्न सकिन्छ ।

यसैगरी भुओगीत भित्र कौरवहरूले छलकपटद्वारा पाण्डवहरूमाथि गरेको अन्याय तथा अत्याचार पाण्डवले बुझेर पनि सहेको देखाउनु 'सत्यमेव जयते' भन्ने भावनाको सन्देश फिँजाउनु सत्ता तथा राजनीतिको कुशल ढंगको प्रयोगलाई देखाउनु,

वीरहरूको धर्म युद्ध र कौशल देखाउनु, सानाले ठूलाको आदर गर्न तथा धार्मिक महत्त्व पनि भुओगीतभित्र रहेको देखिन्छ ।

### ३.५.१.२ होरी

फागु वा होरी पर्वको अवसरमा गाइने गीतलाई होरीगीत भनिन्छ । होरीका अवसरमा भगवान् शिवको स्तुति, रामलीला र कृष्णलीलाका कथालाई गीतका रूपमा गाइन्छन् तिनै शिव स्तुति र गीति कथा नै होरी गीत हुन् । यी गीतहरू केवल होरी पर्वको अवसरमा मात्र गाइने गरिन्छन् । अछाममा होरी शिवरात्रीदेखि प्रारम्भ भई फागु/होली पूर्णिमासम्म खेलिने यस पर्वमा जनजीवन चुर्लुम्म डुबेर होरीका देउडा गाउँछन् ।[४५] होरी समूहगीत हो । यसको गायन समूहमा हुन्छ । गोल घेरामा आबद्ध भएर दुई पक्ष बनेर खेलिने अथवा गाइने होरी गीतमा एउटा गीत भन्ने व्यक्ति हुन्छ र होरीको गीत भन्ने व्यक्तिलाई देउड्या भनिन्छ । यस गीतको गायनमा अथवा खेलाइमा विशेष किसिमको पहिरन हुन्छ । त्यस पहिरनलाई जामा पगडी भनिन्छ । होरीगीत मुख्यतः पुरुषगीत हो तर आजभोलि नारीहरूद्वारा पनि सहभागिता जनाइएको पाइन्छ । होरी सबैले एउटै ताल र पैतला मिलाई खेलिन्छ । होरी गीतको एक नमुना यसप्रकार छ :

अइसो सपनु भयो रे महतज्यू, अइसो सपनु भयो

लैकर ज्योती बिन्तीकर सीता ।

यी मेरी कली विनदित माद महतज्यू ॥ अइसो सपनु भयो

### ३.५.१.३ जन्माष्टमी गीत

जन्माष्टमी भाद्रकृष्ण पक्षको अष्टमी तिथिलाई भन्ने गरिन्छ । अछाम जिल्लामा भगवान् श्रीकृष्णको जन्मको खुयालीमा यो पर्व मनाउने चलन परम्परादेखि चलिआएको छ । प्रायः हिन्दु धर्मावलम्बीहरूले जन्माष्टमीको दिन निराहार रहेर उपासना र भजन कीर्तन गर्दछन् । अछाममा जन्माष्टमी पर्वमा एक छाक रोटी खाएर देउडा गीत गाउने प्रचलन रहिआएको छ । यी देउडाको भाका र खेलाई होरी गीतसँग मिल्ने गर्दछन् । जन्माष्टमीलाई अछामी स्थानीय भाषामा 'जरमाइठी' भन्ने गरिन्छ । यो पर्व कम्तीमा पनि ३, ४ दिन मनाइने गरिन्छ । यो पर्वमा अछामका माँडी र माडौंका परिसरमा धामीहरू देउता नाच्ने गर्दछन् । यो पर्व अछामको घुघुरकोट, प्रभा, बाब्ला र पायल आदि स्थानमा प्रचलित छ । विशेष किसिमले जन्माष्टमी बाब्लामा हुने गर्दछ । जन्माष्टमीको एक नमुना यसप्रकार छ :–

केटा :– तमी कैकी छोरी हो ?

केटी :- मोहरकी छोरी हामी, बालीमोहर ।

केटी :- तमी कैका छोरा हो ?

केटा :- चुड्यालका छोरा हामी, संगीमोहर

यहाँ गीतका माध्यमबाट केटा-केटी बीच परिचय भएको छ ।

---

[४५] चुडामणि वन्धु, **पूर्ववत्**, पृ. २०३ ।

### ३.५.१.४ रनपुत्लागीत

रनपुत्ला नारी पर्वगीत हो । यो चेलीहरूका कण्ठबाट घन्कने गर्दछ । यसमा पुरानो वर्षको पीडा बिर्साउने गरी नयाँ वर्षको खुसियाली प्रकट गरिएको हुन्छ । विभिन्न रङ्गका कपडाका टुक्राले मानवाकार पुत्ला बनाएर एउटा घरमा स्थापना गरी आ-आफ्नो गाउँको पटकानीमा 'पुत्ला' खेल प्रारम्भ गरिन्छ र चैत्र मसान्तको रात्री पुत्लाको विवाह गराइन्छ । यसरी विवाह गरी राखिएका पुत्लालाई डोलीमा राखेर पञ्चैबाजाका साथ बिलौनापूर्ण पुत्लागीत गाउँदै महिलाको अगुवाइमा पुरुषसहितको जुलसले नदी वा पानीमूलमा सेलाउने वा विसर्जन गर्ने परम्परा छ ।[४६] यो खेल पोइल जान लागेको वर्षलाई पोइल जाने छोरीको रूपमा कल्पना गर्दै दुःखका साथ विदाई गरी नयाँ वर्षको आगमनको शुभकामना स्वरूप सम्झने गरिन्छ । रनपुत्ला गीतको नमुना यसप्रकार छ :–

बट्टीजाओ दिदी बहिनी पुतला खेलन लागु ।

नै रे हाम्रा पिता जीउली पाटा मण्डल थापी देव ॥ रनपुतला ।

### ३.५.१.५ तीजगीत

तीजको प्रचलन विभिन्न पौराणिक कथा र किंवदन्तीसँग सम्बद्ध छ । वर्षको भाद्रशुक्ल द्वितीयादेखि पञ्चमीसम्म मनाइने तीजको परम्परा पौराणिक कथासँग जोडिएर आएको छ । तीजको अवसरमा विवाह भएकी छोरी चेली जति टाढा भए पनि माइत आउने चलन छ । घरको बुहार्तनबाट वाक्क भएको अवस्थामा नौली पौली मात्र होइन छोराछोरी पाइसकेकी बुहारी समेत लोग्ने र सासूससुराले बिदा नदिए पनि अत्तालिँदै आधारातको अवसरमा दर भेटाउन माइत पुग्ने गरेको पाइन्छ ।[४७] त्यही तीज पर्वको अवसरमा नारीहरूद्वारा गाइने गीत नै तीज गीत हो । तीज गीतको नमुना निम्नानुसार छः–

तीजको लहरै आयो वरि लै ।

म त माइत जान्छु स्वामी बाबा भेटन ॥

### ३.५.१.६ देउसी

देउसी भैलोकै एक भेद हो । देव + आशीषबाट पछि गएर देउसी बनेको उल्लेख पाइने देउसी 'देववर्ती' माऊ शब्दबाट बनेको भन्ने मत पनि पाइन्छ । यसका साथै यसको व्युत्पत्ति देव + वर्ति $\rightarrow$ देउती $\rightarrow$ देउशि भएको भन्ने भनिन्छ । यसको अर्थ देवताको बत्ती वा देवताका नाममा बालिएका बत्ती अर्थात् झलमल्ल उज्यालो भन्ने हुन्छ । यो खेल युवा युवतीद्वारा गोलाकार रूपमा पंक्तिबद्ध भई गाइन्छ र खेलिन्छ । यसमा एकजना नाइके हुन्छ उसले गीत भट्याउने गर्दछ अरू सबैले मादलको तालसँगै तालमा ताल मिलाउँदै देउसी रे भन्दछन् । देउसीको बारेमा एउटा किम्बदन्तीअनुसार बलिराजाले धन सङ्कलन गर्न पठाएको पनि भनिन्छ । त्यसैले

---

[४६] सुरतबहादुर शाह, **अछामका चाडपर्व**, (अछामः वैद्यनाथ क्षेत्र, २०६५), पृ. १७८ ।

[४७] कृष्णप्रसाद पराजुली, **पूर्ववत्**, पृ. १७६ ।

गीतमा पनि हामी त्यसै आएका होइनौं बलिराजाको हुकुम पाई, आएका हामी, भनेर भट्याउने गरिन्छ । यसको नमुना यसप्रकार छ :–

| | | |
|---|---|---|
| ए ! भन भन भाइ हो | – | देउसी रे |
| ए ! स्वर मिलाइ भन | – | देउसी रे |
| ए ! रातो माटो | – | देउसी रे |
| ए ! चिप्लो बाटो | – | देउसी रे |
| ए ! लड्दै पड्दै | – | देउसी रे |
| ए ! आएका हामी | – | देउसी रे |

### ३.५.२ संस्कार गीत

संस्कार स्वच्छता शुद्धतालाई अँगाल्ने प्रक्रिया हुँदा यसले परम्परालाई मात्र नलिएर वर्तमानको चेतनात्मक स्थिति र भविष्यको मङगलकारी भावनालाई पनि इङ्गित गरिएको हुन्छ । आ-आफ्ना जीवनशैली, चिन्तन र व्यवहारिक कुरा सबै संस्कारकै परिणति हुन् । यस सन्दर्भमा विचारणीय के छ भने आफूलाई अनुकूल हुने गरी नयाँ संस्कारको निर्माण पनि हुँदै जान्छ । यिनै विविध संस्कारका क्रममा गाइने गीत संस्कार गीत हुन् । संस्कार गीतकै कारण कतिपय संस्कार जीवित रहेका छन् र आफ्ना अतीतलाई सम्झाउँदै वर्तमानमा गीत गुँजाइरहेका छन् ।[४८] यही गुँजाइका क्रममा अछाममा गाइने गीत रत्यौली, सगुन,फाग र मागल हुन् । यहाँ रत्यौलीको मात्र परिचय, दिइएको छ । बाँकी अरूको पछाडि अनुष्ठानपरक गीतमा उल्लेख गरिएको छ ।

#### ३.५.२.१ रत्यौली

अछाम जिल्लामा रत्यौली दुलाहा दुलही लिन गएको रातमा नारीद्वारा मनाइन्छ । त्यो रात सबै वर परका आफ्ना नातेदार अथवा नजिकका सबै छिमेकीहरू १ माना चामल र ५ रूपैयाँ त्यहाँ दिन्छन् । त्यसलाई ‘दियो मानु’ भनिन्छ । रात्रीमा कुचोको मानवाकारको एउटा पुतला बनाउँछन् र नचाउँछन् । पछि सबै महिलाहरू रातभर जाग्राम बसेर देउडा खेल खेल्दै रमाइलो गर्दछन् । देउडा खेल खेल्दा कोही-कोही महिला पुरुषले लगाउने लुगा ढाकाटोपी, सर्ट, पाइन्ट लगाएर र नक्कली जुँगा बनाएर खेल खेल्दछन् । यो अछाममा प्रचलित संस्कार गीत हो । रत्यौलीमा गाउने देउडा गीतको नमुना यसप्रकार छ :–

फूलफूली भत्कन लाग्यो पैरन्या कोही छैन ।
बालो वैंस विस्तरा खाली सुतन्या कोइ छैन् ॥

### ३.५.३ धार्मिक गीत

धार्मिक गीत भन्नाले विभिन्न लोक देवता र शास्त्रीय देवताहरूलाई खुसी बनाउने हेतुले गाइने गीतहरू धार्मिक गीत हुन् । धार्मिक गीत एउटा निश्चित

---

[४८] **ऐजन**, पृ. २२२ ।

समयमा मात्र गाउन सकिन्छ । जस्तै धामी चढ्दा गाइने गीत अर्थात् पडेली धार्मिक गीत हो । धार्मिक गीत अन्तर्गत अनुष्ठानपरक गीत पर्दछ ।

### ३.५.३.१ अनुष्ठानपरक गीत

अनुष्ठानपरक गीत भन्नाले यज्ञयज्ञादि पूजाआजा जस्ता धार्मिक संस्कारयुक्त कर्मलाई बुझिन्छ । अछामी लोकगीत भित्र यस्ता अनुष्ठान गीतहरू थुप्रै रहेका छन् । जसमा मागल, सगुन र फाग मुख्य रहेका छन् । हुन त मागल, सगुन, फाग भनेर एउटै गीतलाई स्थानान्तरमा बुझिने गरिन्छ । तर फरक-फरक अवसरमा अलग-अलग गीत गाइने भएकाले भिन्नाभिन्नै रूपमा हेरिनु उपयुक्त हुन्छ ।

**(१) सगुन गीत**

सगुन धार्मिक, सामाजिक र पारिवारिकसँग सम्बन्धित गीत हो । सन्तानको जन्म हुँदा, सुतकबाट चोखिंदा, मृतकको वर्षदिनको काम सकिँदा छेवर एवम् ब्रतबन्ध गर्दा र दुलाहा अन्माउँदा सगुन गाउने परम्परा नेपाली समाजमा छ । गणेश र बृहस्पतिको स्तुतिद्वारा मङ्गलोच्चारण गर्दै सगुन गाइन्छ । सौभाग्य समृद्धिको कामना गर्दा र व्रतादि गर्न थाल्दा आफ्नो कुल परम्परा अनुसार सगुन गाउने र सगुन खुवाउने प्रचलन अद्यापि चलिरहेको देखिन्छ ।[४९] सगुनको नमुना हेरौं:

गोडा धुँदाको सगुन

छालबुबु छालबुबु पाउ छालिदिए
पाउछालि शिरमाथि हाल
देवता खुलास हुन्ना, पितर खुलास
होइजालो वैकुण्ठ बास ।[५०]

**(२) मागल/फाग गीत**

फाग जन्मदेखि विवाहसम्मका जीवन, जात्रा, पर्व, उत्सव, यज्ञ, पूजापाठ आदि अनेकौं अवसरहरूमा नारीहरूद्वारा सामूहिक रूपमा गाइने परम्परागत अछामी लोकगीत हो । विभिन्न माङ्गलिक अवसरहरू सित यसको घनिष्ट सम्बन्ध रहने हुनाले यसलाई मङ्गलगीत पनि भनिन्छ । सगुन, मागल र फाग एउटै किसिमका गीत हुन् । मागलको एउटा नमुना हेरौं:

पञ्चदेव तमी दाइनाभया
पञ्चकलश तमी दाइनाभया
दही गाबु सागपात सगुनौ तमी दाइना भया
भारेभुरे जन्ती भाइऔ मुड्यौलीऔ तमी दाइना भया
साथी संगिनी सात्यौ तमी दाइना भया ।[५१]

---

[४९] **ऐजन**, पृ. २२४ ।

[५०] जयराज पन्त, **अञ्जुली भरि सगुन पोल्टाभरि फाग**, (काठमाडौं: ने.रा.प्र.प्र. २०५५), पृ. ५९ ।

[५१] जितानन्द अधिकारी, **अछामी मागल र पर्वगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (त्रि.वि. मा प्रस्तुत एम्.ए. शोधपत्र), पृ. ३५ ।

### ३.५.४ बारमासे गीत

लोकले समयको कुनै बन्धनमा नपरी जुनसुकै समय र अवसरमा गाउने गीत नै बारमासे गीत हुन् । अर्को शब्दमा यसलाई सदाकालिक गीत पनि भनिन्छ । सदाकालिक वा बारमासे गीत मनले चाहेपछि कुनै विशेष अवसर नपर्खी जुनसुकै बेला मौकामा गाउन सकिन्छ । त्यसकारण यस गीतलाई सामान्य गीतको सूचीमा राखेको पाइन्छ । अछाममा बारमासे लोकगीतमा देउडा प्रमुख रहेको छ ।

#### (१) देउडा गीत

देउडा खसभाषी समाजको आफ्नै अपनत्वको मौलिक लोक संस्कृति हो । देउडालाई विभिन्न विद्वान्हरूले आ-आफ्नै ढङ्गले परिभाषित गरेको पाइए पनि समग्रमा १४-१४ अक्षरका अर्थयुक्त दुई लाइन र चार पाउ भएको गीतलाई छोटो वा लामो लयमा गाइने र खेलिने प्रक्रियालाई देउडा भनिन्छ ।[५२] देउडागीतका रचनाकारहरू प्रकृतिप्रदत्त विशेषताले युक्त आँसुकवि हुन् । गीत रचना गर्दा एकान्त बास र एकाग्र चित्तको संयोजन गरिँदैन । यसको रचना त सवाल जवाफका क्रममा तत्काल खेल्दा खेल्दै गरिन्छ । देउडा गीतको सिर्जना खास गरेर गाउँमा लाग्ने देउताका भव्यजात्रा, रत्यौली र मेलामा देउडा खेल्ने केटा र केटीका बीचमा आर्थिक रूपमा नैतिक रूपमा भन्दा को भन्दा को कम भन्ने अवस्थामा हुन्छ । देउडा गीतलाई कतै कतै अलग्गै नाम न्याउलेले चिनिन्छ । देउताका भव्य जात्रा, मेला, रत्यौली आदिमा गाइने देउडा गीतको विषयवस्तु खासगरी माया प्रेम र अन्य विषय पनि रहने गर्दछ । तिनमा प्रायः सामाजिक परिवेशका सुख दुःख तथा प्रेम सम्बन्धी विषय प्रस्तुत हुने गर्दछन् भने स्थान,जाति रहनसहन र वेशभूषा पनि त्यहाँ हुन्छन् । देउडामा गीतका साथै लय र समूहगानमा पनि ध्यान दिइन्छ । देउडाका लय, स्थान, अनुसार फरक-फरक भए पनि मूल रूप एउटै हुन्छ । स्थानीय व्यक्तिहरूका अनुसार जति व्यक्ति र तिनका भावना छन् त्यति नै देउडा हुन्छन् ।[५३] देउडा गीतको नमुनाका रूपमा प्रदेशिएको पति र गृहिणीको सवाल-जवाफका रूपमा रहेका तलका गीतहरू प्रस्तुत छन् :–

गृहिणी : तेल छैन कसरी बलोस् पानसको बाती ।
कोइ छैन जीवनको साथी बार बजे राती ॥

प्रदेशी : त्यहाँ त्यसै यहाँ यसै बार बजे राती ।
साथी छन्, दुई थोपा आँसु पोलिन्छ है छाती ॥[५४]

---

[५२] मोतीराज बम, **देउडा गीत उत्पत्ति सवाल जवाफ र भावार्थ**, गरिमा, (वर्ष २६, अङ्क ५), पृ. १०६ ।

[५३] गोविन्दप्रसाद पाण्डे, "लोक साहित्यभित्रको एउटा पाटो देउडा", **मधुपर्क**, (वर्ष ३९, अङ्क ४), पृ. १२४

[५४] हर्षप्रसाद भट्ट, **दुई थोपा आँसु**, (बम्बईः हर्षप्रसाद भट्ट, २०४८), पृ. १०-२२ ।

## ३.६ निष्कर्ष

भुओगीत एक महत्त्वपूर्ण लोकगीत हो । यो लोक साहित्यको एक महत्त्वपूर्ण विधाका रूपमा परिचित छ । यस गीतले दुःख-सुख, हाँसो-आँसु, आशा-निराशाका साथै लोकको-चालचलन, विधि व्यवहार आस्था र मान्यताहरूको चित्रण गरेको छ । शोक र वियोगका सुस्केरा पनि लोकगीतका रूपमा सुसेलिन्छन् । राष्ट्रिय र जातीय गौरव, सांस्कृतिक क्रियाकलाप, धार्मिक पूजाआजा आदि पनि लोकगीतले टिपेको नै पाइन्छ । नारीहोस् वा पुरुष बालकहोस् वा प्रौढ सबैजना लोकगीत सुन्न हुरूक्कै हुन्छन् । लोकगीतमा श्रृङ्गार, वीर, करुण, हास्य, शान्त जस्ता नवौं रस तथा अलङ्कारको प्रयोग गरिएको हुन्छ । त्यसैले भन्न सकिन्छ कि लोकगीतहरू आँसुप्रतिभाका सहज उपलब्धि हुन् ।

लोकगीतका विभिन्न तत्त्व, विशेषता र प्रकार जस्तै भुओगीतका पनि विभिन्न विशेषता, संरचना र महत्त्व रहेका छन् । यिनै तत्त्वहरूको आधारमा भुओ पर्वगीतको अध्ययन गरिएको छ । भुओको पौराणिक, ऐतिहासिक र सामाजिक महत्त्व बुझ्नु निकै नै आवश्यक देखिन्छ । त्यस्तै अछामी लोकगीतको बारेमा शोध खोज तथा अध्ययन अनुसन्धान गर्दै जाँदा लोपोन्मुख लोक साहित्यको पनि तीव्र रूपमा विकास हुन पुग्छ ।

# अध्याय चार

## अछाम जिल्लामा प्रचलित भुओ पर्वगीतको सङ्कलन

### ४.१ परिचय

अछामी लोकगीतको परम्परामा भुओगीतले महत्त्वपूर्ण स्थान ओगटेको छ । यो एकातिर अछामी लोकसंस्कृतिको अभिन्न अङ्ग बनेको छ भने अर्कातिर यसले त्यस भेकका लोकगीतहरूको मौलिकतालाई झल्काउने कार्य पनि गरेको छ । अछामी लोकसंस्कृतिको उपजस्वरूप देखापर्ने त्यहाँको लोकसाहित्य सङ्गीत र कलाको प्रदर्शन पनि भुओ गीतले गर्दै आएको छ ।

प्रायः नेपालको पश्चिमी भेकमा प्रचलित भुओ के हो र यसको प्रचलन समाजमा कसरी भयो भन्ने विषयमा एकमत देखिँदैन । गण्डकी पूर्वका अञ्चलहरूमा जसरी तीजपर्व मान्ने चलन छ । त्यसरी नै यसलाई पनि मान्दछन् तर यसलाई दुर्गाष्टमी पर्व र कतै भुआउत्सव पनि भन्दछन् ।[५५] यहाँ गौराउत्सव र भुआउत्सव एउटै हुन् भन्ने मत देखाइएको छ । दैलेखतिर प्रचलित भुओगीतका आधारमा भुओको सुहाउँदो नाम राख्ने हो भने यसलाई पुरुषवर्गको रत्यौली मान्न सकिन्छ भन्ने मत छ ।[५६] यसको गाउने तरिका, खेल्ने तरिका वाद्यवादनको तालका साथै पात्रहरूको अभिनय कौशलको अध्ययन पश्चात् यस्तो विचार व्यक्त गरिएको हो । भेरी अञ्चलका विभिन्न भेगमा सार्वजनिक स्थलमा खुल्ला प्रतियोगितामा लड्न पाएको अश्लील साहित्यको नमुना मानिएको पाइन्छ ।

जनश्रुतिअनुसार अघि गढवाल (भारतभूमि) का पहाडियाहरूलाई दिल्ली जित्न आउने चाहिँ मुसलमान हुन भन्ने थाहा थिएन । त्यसैले उनीहरू खालि हस्तिनापुरमा भुओ (एकभूत हो कि पिशाच के हो) आएर राजा, रानी, गाइ, मानिस आदि सबै खाएको तथा मन्दिर र आइमाई पनि बाँकी नराखेको कुरा गर्थे । पछि कालान्तरमा मुसलमान गढवालमा पनि आई अधिकार गरेपछि भाग्नेजति पूर्वतिर लागे नभाग्ने जति वनमा गई खाडल खनी पुरुषहरूले आगो दन्काई दिने र स्त्रीजातिले प्रशस्त घडामा पानी भरी 'भुओ' आएमा पुरुषले अगुल्टाले हान्ने र स्त्री जातिले पानी खन्याई दिने सरसल्लाहले बसें । त्यसबेला पुसे औंसीको जाडो पर्थ्यो तर त्यहीं पनि 'भुओ' (मुसलमान) आई खैलाबैला पारेकाले ती पनि पूर्वतिर लागे । त्यसैबेलाका सम्झनामा भुओगीत तयार भएको हो भन्ने पन्तको भनाइ छ ।[५७] यस प्रसङ्गमा उल्लेख गरिए अनुसार भुओ भनेको एक प्रकारको आम विनाशकारी भूत हो र त्यस भूतले लखेटेको घटनाका सम्झनामा गाइने गीतहरू नै भुओगीत हुन् । जनश्रुतिअनुसार प्राचीन पुर्खाहरू रहेको भू-भागमा भूत-प्रेतले सताउन थालेपछि सबैले मिलेर हातमा हतियार लिई त्यसलाई मार्न गएका हुनाले यसको प्रारम्भ भएको र अहिले पनि गाउँघरमा भूत-

---

[५५] पूर्णप्रकाश नेपाल 'यात्री', **पूर्ववत्,** पृ. ३४९ ।

[५६] **ऐजन**, **भेरी लोकसाहित्य**, (काठमाडौं : ने.रा.प्र.प्र., २०४१), पृ. ३४९ ।

[५७] कालीभक्त पन्त, **हाम्रो सांस्कृतिक इतिहास,** (काठमाडौं : लेखक स्वयम्, २०४३), पृ. २३१-२३२ ।

प्रेतले प्रवेश नपाओस् भनेर यो खेलिन्छ भन्ने कुरा थाहा पाइन्छ ।[५८] भुओ एक प्रकारको भय हराउन गाउने र रमाइलो गरिने गीत हो भन्ने पनि धारणा छ ।

भुओ भनेको भूत नै हो र यसबाट बच्नका लागि नै हतियार हातमा लिएर खेल्ने गरिन्छ भन्ने कुरा बताइएको छ । भुओ भनेर सम्भवतः भूतलाई नै भनिएको हो किनभने एउटा भुओमा विभिन्न ठाउँमा पुगेर भुओले उत्पात मच्चाएको वर्णन छ ।[५९] यहाँ पनि भुओ भनेको भूत नै हुन सक्छ भन्ने कुराको सम्भावना देखाइएको छ । भुओ खेल्ने प्रचलनलाई महाभारतको युद्धको झलकका रूपमा पनि लिइन्छ ।[६०] भुओ सम्बन्धी यसभन्दा अगाडि प्रस्तुत गरिएका विचारहरूसँग यस भनाइले त्यति मेल खाएको देखिँदैन । यहाँ भुओलाई महाभारतजस्तो पौराणिक कथावस्तु भएको महाकाव्यको युद्धकलाको प्रस्तुति भनिएको छ । सबै जात र वर्गका नरनारीहरू सहभागी भएका देखिए पनि खासगरी वृषल क्षत्रीय जातिका पुरुषहरूको पर्व हो ।[६१] नारीहरूले घरबाहिर गएर स्वतन्त्र रूपमा मनपरी गरी मनोरञ्जन गर्ने अवसर पुत्र विवाहको जन्ती गएका दिनको राती आयोजना गरिने रतेली हो भने पुरुषहरूको यो पर्व हो । भुओ गीतको बारेमा विद्वान्हरूले पाँचवटा अर्थ वा परिभाषा दिएका छन् ती मध्ये काली-कर्णाली खण्डका मानिसहरूले मनाउने शैली र यस भुओको स्वरूपसँग पाँचवटा शब्दमध्ये मुख्य गरी कुन शब्दले मेल खान्छ भनी विचार गर्दा पक्ष, तिथि, बार, नक्षत्र, योग तथा महिनाका आधारमा निर्धारित पूण्यकाल भनी तिथिलाई समेत किटानी गरी परिभाषा लगाइएकोले यस खण्डमा मनाइने भुओ खास तिथि, ठाउँअनुसार फरक तिथि र फरक महिना भए पनि आखिरी तिथिकै आधारमा मनाइने हुँदा यसलाई एउटा पर्व मान्नु उपयुक्त देखिन्छ । यहाँ मनाइने भुओको स्वरूप अनुसार यसलाई 'भुओ खेल' पनि भन्न सकिन्छ ।[६२]

प्राचीनकालमा राजकाज गर्दा युद्ध भइरहने तलबी सेना नहुने तर युद्ध गर्नुपर्दा क्षत्रीहरूले होमिनुपर्ने अवस्थालाई दृष्टिगत गरी त्यतिबेलाका राणा शासकहरूले कमसेकम वर्षको एकपटक क्षत्रीहरूलाई हतियार (ढाल तरबार) द्वारा गरिने युद्धकलाको अभ्यासद्वारा पुर्नताजगीमा ल्याई इनटेकमा राख्ने नीति अन्तर्गत नै यो प्रथाको सुरुवात गरे गराएको हुनुपर्दछ । जुन कालान्तरमा हिन्दूसमाजको विशिष्ट संस्कृतिको एक अंगको रूपमा चाडपर्वमा परिणत भयो ।[६३] अर्को शब्दमा भन्नुपर्दा त्यतिबेलाको समाजमा सदैव अघोषित युद्धको भय रहने हुँदा आजकलको सुरक्षा फौजले गर्ने गरेको 'प्रत्यास्मरण तालिम' झैं समाजलाई जागरुक गराई राख्ने अभ्यास नै भुओपर्वको रूपमा स्थापित हुन गयो ।

---

[५८] कृष्णप्रसाद पराजुली, **पूर्ववत्**, पृ. २०४ ।

[५९] चूडामणि बन्धु, **पूर्ववत्**, पृ. १७१ ।

[६०] उमाशंकर जोशी, **भुओ संक्षिप्त चिनारी**, (बझाङ्गी समाजको स्मारिकाः सौ प्रकाशन, २०३५), पृ. ३४९ ।

[६१] जयराज पन्त, **डोटेली भो पर्वका गीत र गाथाहरू**, (काठमाडौं : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र, २०६४), पृ. १ ।

[६२] रत्नाकार देवकोटा, **लोकसंस्कृति**, अनुसन्धानमूलक अर्द्धवार्षिक पत्रिका (काठमाडौं : नेपाल म्युजिक सेन्टर अनामनगर, वर्ष ४ अङ्क १, पूर्णाङ्क ६, २०६५-६६), पृ. १६ ।

[६३] सुरतबहादुर शाह, **पूववत्**, पृ. १३७ ।

यसरी यहाँ भुओगीतलाई चिनाउन माथि उल्लेख गरिएका विभिन्न खालका अभिमतहरू पाइन्छन् । यी मतहरूका आधारमा भुओ गीतलाई चिनाउँदा कसैले भुओ भनेको भूत-प्रेत हो र तिनैसँग सम्बन्धीत अश्लील साहित्यको नमुना हो भन्ने विचार प्रस्तुत गरेका छन् । कसैले धार्मिक, पौराणिक महत्त्व भएको महाभारत र त्यससँग सम्बन्धीत युद्ध कलाको ताजा स्मृति गराउने लोकसंस्कृतिको अश्लील साहित्य मानेका छन् । पन्तले नारीहरू घरबाहिर गएर स्वतन्त्ररूपमा मनपरी गरी मनोरञ्जन गर्ने रत्यौली जस्तै पुरुषको भुओ पर्व हो भनेका छन् । रत्नाकारले पक्ष, तिथि, बार, नक्षत्र, योग तथा महिनाका आधारमा गरिने पर्व हो भनेका छन् भने सुरत बहादुर शाहले प्राचीनकालमा राजकाज गर्दा युद्ध भइरहने तलबी सेना नहुने, युद्ध गर्दा क्षत्रीहरूले होमिनुपर्ने, राणाशासकहरूले क्षत्रीहरूलाई ढाल तरबार दिएर गरिने अभ्यास हो भनेका छन् ।

यी विचारहरूले हामीलाई कुन बढी प्रमाणिक आधार हो भनी किट्न अन्यौल सिर्जना हुन्छ । लोकसाहित्य भनेको मौखिक परम्परामा बाँच्दै आएको साहित्य भएकाले समाजको विश्वास तथा धारणालाई नै यस सम्बन्धी विचारहरू निश्चित गर्ने आधार मान्नु पर्ने हुन्छ । त्यसैले अछाममा प्रचलित भुओ शब्दको उत्पत्ति र परिचय दिन उपयुक्त विद्वान्हरूका साथसाथै त्यहाँको जनविश्वास, जनधारणा तथा परम्पराको आधार लिनु आवश्यक छ ।

## ४.२ भुओ शब्दको उत्पत्ति

'भुओ' शब्दोत्पत्तिको सम्बन्धमा घोत्लिंदा 'भू' धातु जसको अर्थ हुन्छ राज्य । त्यसमा पनि गायत्री मन्त्रको महाव्याहारमन्त्र 'भूर्भवः स्वः' अर्थात् 'पृथ्वी पाताल र स्वर्ग' को 'भूर्भव' बाट भूर्भुव-भूव-भुओ र 'भूर्भुवः स्वः' भूर्मवस्वबाट सम्प्रसारण समीकरणद्वारा भोस्सो वा भोस्सी भएको अनुमान हुन्छ ।[६४] यसै आधारबाट लडाईंमा 'राज्य वा भूमि जिते रजाइँ गर्ने, हारे वा भागेमा पाताल वा नरक पर्ने र लड्दा लड्दै मरेमा स्वर्ग जाइन्छ' भन्ने मान्यताका साथ फौंजीलाई उक्साउने प्रचलन अद्यापि छ ।

संस्कृत भाषा तथा वेदका विशिष्ट विद्वान् प्रा. डा. ऋषिराम पोखरेलका अनुसार "वेदमा भुओ शब्दले पृथ्वीलोकलाई लिइएको प्रसङ्गहरू प्रशस्त छन् । ती मध्ये 'भुओ यज्ञस्य रजश्चनेता' (यजुर्वेद् १३/१५) मन्त्र अनुसार अग्नि अथवा अत्यन्त समुज्वल तेज वा साहसको काम गर्ने व्यक्तिलाई 'भुओ नेता' अर्थात् भूमण्डलको श्रेष्ठ वा अगुवा व्यक्ति मान्न सकिने संकेत पाइन्छ । त्यसका साथै 'भूस्वामी' अर्थात् यो पृथ्वीमा शक्ति प्रदर्शन गरेर सबैलाई जित्ने व्यक्तिलाई पितृकार्य (श्राद्ध) मा "इदमन्न सजल एतत् भूस्वामी पितृभ्यो नमः" भनेर अन्नदान (सिदा) गर्ने परम्परा छ । सम्भवतः आफ्नो शक्तिले हातहतियार, तरबार खुँडा आदि चलाएर त्यस भूभागमा स्वामित्व प्राप्त गर्ने व्यक्ति नै भूस्वामी वा राजा हुने चलन प्राचीन कालमा रहेको हुँदा शस्त्रास्त्रको अभ्यास प्रदर्शनमा विजयी हुनेलाई सम्झनास्वरूप भूस्वामी पद दिने परम्पराको संस्मरण कर्णाली प्रदेशको डोटी, अछाम आदि जिल्लामा चलेको भुओ र भस्सोले दिलाएको हुनुपर्दछ । "भवति, भावयति वा भूस्तस्य भूवः" भन्ने व्युत्पत्ति अनुसार हातहतियार

[६४] ऐजन ।

चलाई अभ्यास गर्ने खेललाई भुओ भनिएको र त्यसमा विजयी हुनेलाई भूस्वामी भुस्सो-भोस्सोको रूपमा सम्मान दिएर गाइने गीत र नाचलाई "भोस्सो" भनिएको कुरालाई युक्तसंगत मान्नुपर्दछ । किनभने शतपथ ब्राह्मण (वेद) को ८।१।१।४ मा "अग्निवै भुवः नेता अग्नेर्हीद सर्व भवति" अर्थात् पृथ्वीको नेता अग्नि हो । आगोको प्रकाशमा नै भुओ खेलिन्छ । अतः भुओको सहभागी मध्ये सबैका बीचमा शोभायमान हुने बिजेताको सम्मानमा गाइने लय, ताल, सुर र स्वर मिलेको वीरगाथापूर्ण खेलको नाम "भोस्सो" हुन गएको कुरा स्वीकार गर्नुपर्ने देखिन्छ ।

## ४.३ अछामको भुओगीतको सङ्कलन

### ४.३.१ परिचय

अछाममा भुओ वि.सं. ११/१२ औं शताब्दीतिर दक्षिण पश्चिमको बाटो हुँदै मुगल साम्राज्यवादीहरूको मुकाबिला गर्दा गर्दै धर्मरक्षाका खाँतिर पहाडका कुना कन्दरा छिचोल्दै पुर्खाहरू यस भूमिमा अवतरण भएपछि हालको पश्चिम सिंजागढमा सिंजापति महाराजको शासन व्यवस्था पनि सक्रिय भूमिका साथ आफ्नो पराक्रम प्रदर्शन देखाई वैवाहिक सम्बन्ध गाँसी अछामको चार खुवा अर्थात् चार किल्ला भूभाग कब्जा गरी सकेपछि पूर्खा जयसिंहदेवका सन्ततिहरूले आफ्नो निशाना ढाल र तरबारको अस्तित्वलाई यथावत राख्न र अघोषित लडाइँबाट बच्न र बचाउनको लागि लडाइँमा देखाउने पराक्रमलाई यो भूमिको रक्षाका लागि युवा वर्गलाई दिइने तालिमलाई भुओपर्वको रूपमा मनाउँदै आएको पाइन्छ तर वास्तविकता भने फरक-फरक देखिएको छ । अछाम जिल्लाको सबैभन्दा उत्कृष्ट रूपमा मनाइने सिद्धेश्वर गा.वि.स. अछाम पर्वा हालको प्रभामा मनाइने भुओको सम्बन्धमा धेरैले सामान्य रूपमा परिचय दिएका छन् तर सारतत्त्व भने झल्काउन सकेको देखिँदैन । भुओ वीरगाथामा आधारित गीत हो । यसको प्रयोग विधिलाई कथनको पद्धतिका आधारमा प्रस्तुत गरिन्छ ।

### ४.३.२ परिवेश र दृश्य

सेती अञ्चल, अछाम जिल्लाको सबैभन्दा उत्कृष्ट र धेरै ठाउँबाट पुरस्कृत भएको सिद्धेश्वर गा.वि.स.को वडा नं. २ दयगडा अर्थात् श्री प्रभा धम्कोट उ.मा.वि.को प्राङ्गण; २०६७ साल पौष ६ गते भैंले पूर्णिमा तिथि, मंगलबार साँझ ९ बजेको समय देखि पौष २० गते औंसीका दिन दिउँसो १२ बजेबाट साँझ ७ बजेसम्मको कुरा रहेको छ । गाउँका मानिसहरू कोही भुओ हेर्न आएका छन् भने कोही बत्ती निभाइ सुतिसकेका छन् । यो भैंले पूर्णिमाबाट प्रारम्भ गरी औंसीको दिनसम्म खेलिन्छ । पूर्णिमादेखि एकादशीका दिनसम्म साँझ वा राती खेलिन्छ भने बाँकी दिन दिउँसो खेलिन्छ । यस पर्वमा त्यहाँको जनजीवन चुर्लुम्म आनन्दमा डुबेर भस्सोका गीत गाउन र खेल खेल्नमा व्यस्त रहन्छन् । अछाममा खेलिने भुओले ठूलो पर्वको रूप लिने र सबै खालका मानिसहरू घर फर्कने हुनाले त्यहाँको जनजीवन हर्षोल्लित भएको देखिन्छ । भुओखेलको सुरुवात गरिसकेपछि ठाउँ-ठाउँमा वा आ-आफ्ना रुम्टा, पटकानीमा गएर भुओखेल खेल्दछन् । भुओ खेल खेल्दा भूत-प्रेत र महामारीबाट बचिन्छ भन्ने विश्वास पनि रहेको छ ।

औंसीका दिन सबै ठाउँका मानिसहरू एक ठाउँमा भेला भएर भुओ खेल खेल्दछन् । भुओ खेल मुख्य रूपले दुई प्रकारले खेलिन्छ ।

(१) हतियारको क्रिया देखाएर वा चाल खेलेर

(२) गीत गाएर

गीतलाई पनि दुई किसिमले गाइन्छ :–

(१) आड्या भस्सो

(२) ठाडो भस्सो

यसरी माथि उल्लेख गरे बमोजिम अछाम जिल्लाको भुओ खेल खेलिन्छ ।

**४.३.२ सहभागीहरू**

सहभागीका रूपमा हेर्ने हो भने अछाम जिल्लामा प्रचलित भुओ पर्वमा मुख्यतः पुरुषहरूको नै सहभागिता रहन्छ । महिलाहरू दर्शकका रूपमा मात्र रहेका हुन्छन् । भुओ खेल खेल्दा एकजना मुख्य गुरु रहन्छ । अन्यले गुरुको नेतृत्वमा खेल खेल्दछन् । मुख्य गुरुका रूपमा कुल बहादुर कुँवर रहेका छन् । उनी सिद्धेश्वर गा.वि.स.वडा नं. १ का स्थानीय वासिन्दा हुन् । यिनी क्षत्री जातिका शिक्षित श्री प्रभा धम्कोट उ.मा.वि. का भूतपूर्व प्रधानाध्यापक हुन् । हाल यिनको उमेर ५८ वर्षको छ । यिनले आफ्ना पूर्खाहरूबाट भुओ खेल्न सिकेका हुनाले हाल सिद्धेश्वर गा.वि.स.मा भुओ खेल खेलाउँदै आएका छन् । सहायक गुरुका रूपमा जगत कुँवर र तगत कुँवर रहेका छन् । जुन गाउँमा भुओ खेलिन्छ, त्यहाँ भूत-प्रेत र महामारी कुनै पनि नआउने भन्ने परम्पराप्रति विश्वास गर्ने भएकाले भुओ खेल खेलिन्छ । गुरुहरूको नेतृत्वमा भुओ खेल खेल्नेहरूमा सुरत कुँवर, शंकर कुँवर, टंक कुँवर, ध्रुव कुँवर, कुल कुँवर, रघुनाथ कुँवर, भूपेन्द्र खड्का, विनोद कुँवर, लाल बहादुर बुढा, झंकर बुढा, दीपक बुढा, भीमबहादुर बुढा, कुलबहादुर बुढा, भरत बुढा, राजबहादुर रावत, जगत रावत, ध्वजबहादुर रावत, गगन सिंह बुढा, मोतीबहादुर बुढा, रंग ठकुल्ला, लोकेन्द्र ठकुल्ला, नृपबहादुर ठकुल्ला र अन्य थुप्रै सिद्धेश्वर वासिन्दाहरूको सहभागिता रहेको पाइन्छ ।

संगीत वा पञ्चेबाजा बजाउनेहरूमा मुख्य रूपमा सिद्धेश्वर गा.वि.स. वार्ड नं. २, वर्ष ४५ का सेते आउजी रहेका छन् । त्यस्तै अन्य बाजा बजाउनेमा जिते आउजी, पहल आउजी, करन आउजी, सर्जन आउजी जस्तै थुप्रै आउजीहरू रहेका छन् ।

भस्सो गीत गाउँदा पनि थुप्रै मानिसहरूको सहभागिता रहेको हुन्छ । यसमा पनि एक जना गीत भट्याउने नाइके हुन्छ भने अन्यले एउटै स्वर मिलाएर भस्सो भन्ने गर्दछन् । त्यसमा गीत भट्याउने नाइकेको रूपमा सिद्धेश्वर गा.वि.स. वडा नं. ९ का ३८ वर्षीय लालबहादुर बुढा रहेका छन् भने एउटै स्वर मिलाएर भस्सो भन्नेमा माथिका सबै खेल खेल्ने खेलाडी रहेका छन् ।

भैंलोका गीत भट्याउँदा पनि थुप्रै मानिसहरूको सहभागिता रहेको हुन्छ । यसमा पनि एकजना गीत भट्याउने नाइके हुन्छ । अन्य सबैले एउटै स्वरमा भैंलो भन्ने गर्दछन् । यो गीत भट्याउने नाइकेका रूपमा सिद्धेश्वर गा.वि.स. वडा नं. ९ का ३० वर्षीय झंकर बहादुर बुढा रहेका छन् भने भैंलो भन्नेमा पनि माथिका सबै भुओ खेल्ने सरमकारीहरू रहेका छन् ।

जिउनापुरी खेल खेल्दा मुख्य गुरुका रूपमा जिते आउजी रहेका छन् । अन्य सबै माथि उल्लेखित आउजीहरूले गीत गाउनेमा सहयोग गरेका छन् भने माथि नै

नाम किटान गरिसकेका सम्पूर्ण भुओ खेल खेल्नेले एउटै स्वरमा जिउनापुरी धारुभल भाइ भन्दछन् । त्यस्तै न्याउले खेल खेल्नेमा पनि माथि उल्लेखित व्यक्तिहरूले खेल खेल्ने खेलाउने गरेको पाइन्छ ।

दर्शकका रूपमा महिला, पुरुष, बालक, वृद्धा, सबै मानिसहरू र संकलनकर्ता रहेका छन् । यसभित्र शिक्षित अशिक्षित दुवै किसिमका ग्रामीण मानिसहरूको सहभागिता रहेको छ ।

माथि उल्लेख भएका सहभागीहरू कार्यको प्रारम्भदेखि अन्त्यसम्म उपस्थित थिए ।

### ४.३.४ उद्देश्य

भुओ पर्वको मुख्य उद्देश्य निम्नानुसार रहेको छ :–

(क) भुओ भनेको एउटा भूत प्रेत हो । यसले गाउँघरमा प्रवेश नपाओस् र त्यसबाट बच्नका निम्ति हात-हातमा सबैले ढाल तरबार लिएर भुओ खेल्नु यसको मुख्य उद्देश्य रहेको छ ।

(ख) भुओलाई महाभारतको युद्धको झलकका रूपमा पनि लिइन्छ ।

(ग) अघोषित लडाइँबाट बच्न र बचाउनको लागि लडाइँमा देखाउने पराक्रमलाई यो भूमिको रक्षाका लागि ढाल र तरबारद्वारा युवावर्गलाई दिइने तालिमलाई भुओ पर्वको रूपमा मनाउँदै आएको पाइन्छ ।

(घ) कौरव र पाण्डवबीच युद्ध हुनु, सो युद्धमा कौरवको हार र सत्यका हिमायती पाण्डवको विजय हुनु, त्यही विजय उत्सवको रूपमा भुओपर्व मनाउने गरिन्छ ।

(ङ) दुई पक्ष बीच जसरी युद्ध हुन्छ त्यसरी नै भुओ खेल पनि दुई पक्षमा विभाजित भएर अन्तिममा एउटैमा मिसिएर भुओ खेल खेलिन्छ ।

(च) दर्शकलाई मनोरञ्जनको निम्ति जोगी सिंगारुको प्रदर्शन देखाउनु पनि भुओपर्वको मुख्य उद्देश्य रहेको पाइन्छ ।

### ४.३.५ कार्यको क्रम

यस भुओ पर्वको कार्यको क्रम निम्नानुसार रहेको छ : –

#### ४.३.५.१ भैंलोगीत

भुओखेल भैंले पूर्णिमादेखि प्रारम्भ भएर औंसीको दिनमा समापन हुन्छ । भुओखेल खेल्नु अगाडि पञ्चे बाजागाजाका साथ भैंलोका माणाहरू फलाक्ने गर्दछन र त्यसपछि मात्र भुओखेलको सुरुवात हुन्छ । भैंलोका माणाहरू हाल्दा एक जनाले भट्याउने र अरू सबैले एउटै स्वरमा भैंलो भन्ने गर्दछन् । यी माणाहरू भन्ने मुख्य गुरु र सहभागीको नाम अगाडि नै आइसकेको छ । भैंलोका माणाहरू निम्नानुसार छन्:–

| एक जनाले भट्याउने माणा | सबैले एउटै स्वरमा भन्ने |
|---|---|
| ए ! भैं भैं त्यार[२] | भैंलो |
| ए ! भैंलो दिइहाल | भैंलो |
| ए ! भैंलेरा आया | भैंलो |
| ए ! भैंलो दिइहेल | भैंलो |
| ए ! दान दक्षिणा[२] | भैंलो |
| ए ! भैंलो दिइहेल | भैंलो |
| ए ! औंसीका बार[२] | भैंलो |
| ए ! गाइ तिहार[२] | भैंलो |
| ए ! जो देला मुठी[२] | भैंलो |
| ए ! भैंलेरा आया | भैंलो |
| ए ! उइको घुँणो फुटी | भैंलो |
| ए ! भैं भै त्यार | भैंलो |
| ए ! जो देला मानु | भैंलो |
| ए ! भैं भैं त्यार | भैंलो |
| ए ! भैंलेरा आया | भैंलो |
| ए ! उइको आँखो कानु | भैंलो |
| ए ! भैं भैं त्यार | भैंलो |
| ए ! जो देला पाथी | भैंलो |
| ए ! उइको सुनको छाती | भैंलो |
| ए ! जो देला मुरी | भैंलो |
| ए ! भैं भैं त्यार | भैंलो |
| ए ! भैंलेरा आया | भैंलो |
| ए ! उइको सुनको धुरी | भैंलो |
| ए ! भैं भैं त्यार | भैंलो |
| ए ! भैंलेरा आया | भैंलो |
| ए ! भैं भैं त्यार | भैंलो |

यसरी भैंलोका माणा हालिसकेपछि भुओ खेल खेल्न सुरु गरिन्छ । यो खेल कृष्ण पक्षबाट औंसीसम्म लगातार खेलिन्छ । भुओखेलको सुरुवात गरिसकेपछि ठाउँठाउँमा वा आ-आफ्ना रुम्टा, पटकानीमा गएर भुओ खेल खेल्दछन् । अन्तिम वा औंसीको दिनमा सबै ठाउँका मानिसहरू एक ठाउँमा जम्मा भएर जामा, पगडी र ढाल तरबारका साथ नाच्ने गर्दछन् । भुओ खेल एउटा संगीतको धुनमा खेलिने खेल हो । संगीत बजाउनेले संगीत बिगाऱ्यो भने सरमकारी वा खेलाडीलाई चोटपटक लाग्ने बढी सम्भावना रहन्छ । यो खेल गोल घेरामा खेलिन्छ । गोल घेरा भित्र संगीत बजाउने आउजीहरूको समूह रहेको हुन्छ । त्यसको बाहिर पट्टि खेलाडीहरू रहन्छन् । खेल खेलाउने एउटा मुख्य गुरु हुन्छ र अन्यले गुरुको नेतृत्वमा खेल खेल्दछन् । गुरु र खेल्ने खेलाडीहरूको नाम अघि नै दिइसकेको छ । गुरुले विभिन्न चालहरूको नाम भन्ने गर्दछ त्यही अनुसार खेलाडीले खेल्ने गर्दछन् भने संगीतकारले संगीतको धुन पनि चाल अनुसार बदल्दै जान्छन् त्यही अनुसार भुओ खेल खेलिन्छ ।

### ४.३.५.२ भुओगीतका चालहरू

भुओ गीतका चाल मुख्य रूपले ८ वटा रहेका छन् भने ती आठ वटा चालमा १६ वटा मुदा (मुद्रा) हरू रहेका छन् । ती जम्मै चालहरू संगीतको धुनमा मात्र खेलिन्छन् । भुओ खेल्दा सुरुमा पश्चिमतिर फर्केर गुरु अगाडि रहन्छन् र सरमकारीहरू ढाल, तरबार लिएर गुरुको पछाडि रहन्छन् । भुओका चालहरू निम्नानुसार रहेका छन्ः–

(क) फाँदो चाल
(ख) रिङ्ने तेपाया चाल
(ग) धान्ना चाल
(घ) कोल्टे चाल
(ङ) साङ्ले चाल
(च) नवाघरी चाल
(छ) बजुऱ्याली चाल
(ज) फुलहरी चाल

**(क) फाँदो चाल**

फाँदो चाल खेल्दा ५ गजामा नाचिन्छ । यस चालमा ढाल शिरमाथि राखिन्छ भने तरबारलाई पिठ्युमा राखिन्छ । जसलाई मुदो भनिन्छ । यस चालमा मुदो छिरिसकेपछि, अर्को चाल सुरु गरिन्छ । सरमकारीहरू खेल्दा-खेल्दा थकित हुने हुँदा गुरुले ठाडी भन्दछन् र सरमकारीहरूले ठाडी भई आफ्नो थकान मेटाउँछन् अनि त्यसपछि अर्को चालको सुरुवात गरिन्छ ।

**(ख) रिङ्ने तेपाया चाल**

रिङ्ने तेपाया चाल ७ गजामा नाचिन्छ । यो चाल खेल्दा बाहिर-भित्र सरमकारीहरू एकै तालमा ताल मिलाएर नाच्ने गर्दछन् । दायाँ हातमा तरबार र बायाँ हातमा ढाल सरमकारीहरूले आफ्नो काँधमाथि ठाडो पारि समातेर बाजाका साथमा पैतला मिलाएर यो चाल खेलिन्छ । त्यसपछि ढाल शिरमाथि र तरबारलाई पिठ्युमा राखेर मुदो छिर्दछन् । मुदो छिरिसकेपछि गुरुले सरमकारीलाई थकान मेटाउनका निम्ति ठाडी गराउँदछन् । ठाडी गराइसकेपछि यो चालको समाप्त हुन्छ र बाजा परिवर्तन भई अर्को चालको सुरुवात गरिन्छ ।

**(ग) धान्ना चाल**

धान्नाचाल ९ गजाको साथमा खेलिन्छ । यो चाल खेल्दा ९ गजामा भित्र र ९ गजामा बाहिर नाचिन्छ । यस चालमा सरमकारीहरूले ढाल र तरबार टाउको माथि ठड्याएर खेल्छन् । त्यसपछि ढाल शिरमाथि र तरबार पिठ्युमा राखेर मुदो छिर्दछन् । खेल खेल्दा-खेल्दा सरमकारीहरू थकित भएका कारण गुरुले पहिले भैं ठाडी भन्छन् र ठाडी भएर थकान मेटाउँछन् । त्यसपछि धान्ना चालको अन्त्य हुन्छ । बाजागाजाको धुन परिवर्तन हुन्छ र अर्कोचालको सुरुवात हुन्छ ।

### (घ) कोल्टे चाल

कोल्टे चाल २ गजामा खेलिन्छ वा नाचिन्छ । यो चाल खेल्दा सरमकारीहरू ढाल र तरबारका साथ दायाँ-बायाँ दुवैतिर कोल्टे फर्केर वा ढल्केर नाच्ने गर्दछन् । त्यसपछि ढाल शिरमाथि र तरबारलाई पिठ्युमा राखेर मुदो छिर्दछन् । मुदो छिरिसकेपछि पहिलेको चालमा झैं यस चालमा पनि गुरुले सरमकारीलाई ठाडी गराएर थकान मेटाउँछन् । त्यसपछि कोल्टे चालको अन्त्य हुन्छ । बाजागाजाको धुन परिवर्तनका साथ पुनः अर्को चालको सुरुवात हुन्छ ।

### (ङ) साङ्ले चाल

साङ्ले चाल पनि २ गजामा नै नाचिन्छ वा खेलिन्छ । यस चालमा खुट्टा र हातमा रहेको ढाल तरबारलाई साङ्ला (कैंची) पारेर दुई-दुई जनाको जोडीमा एक अर्काको मुखतिर फर्केर सिधै भित्र तिर नाच्ने गरिन्छ । यस चालमा पनि पहिले झैं गरी ढाल शिरमाथि र तरबारलाई पिठ्युमा राखेर मुदो छिर्दछन् । त्यसपछि गुरुले ठाडी गराएर सरमकारीले थकान भेटाउँछन् । अनि यस चालको अन्त्य हुन्छ र बाजागाजाको धुन परिवर्तनका साथै पुनः अर्को चालको सुरुवात हुन्छ ।

### (च) नवाघरी चाल

नवाघरी चाल ६ गजामा खेलिन्छ । यो चाल खेल्दा सरमकारीहरू शिर निहुराएर तीन पटक पाइला चाली कोल्टे फर्केर अघि बढ्दछन् भने तीन पटक छाती हल्लाएर पछाडि पाइला चाली ढाल र तरबारका साथ छाती फुलाएर खेलिन्छ । त्यसपछि पहिलेको प्रक्रिया झैं शिरमाथि ढाल र पिठ्युमा तरबार राखेर मुदो छिर्दछन् । ठाडी भएर सरमकारी आराम गर्दछन् । अनि यस चालको अन्त्य हुन्छ । बाजा गाजाको धुन फेरिन्छ र पुनः अर्को चालको सुरुवात हुन्छ ।

### (छ) बजुऱ्याली चाल

बजुऱ्याली चाल ३ गजामा खेलिन्छ । यो चाल सबै चाल भन्दा खतरनाक चाल हो । यस चालमा ठाडी गराएर ढालमा ढल्काई जम्प गरी खेलिने चाल हो । ढाल र तरबार ढल्काएर बाहिरभित्र गराउँदा पूर्व पश्चिममममा ठाडै भनेर जम्प गराएर खेलाउँदा दम, खोकी जस्ता अन्य रोगी कमजोरहरूले यो चाल खेल्न सक्दैनन् । पहिलेको झैं गरी ढाल तरबारको मुदो छिराएर र ठाडी भएर यो चालको पनि अन्त्य हुन्छ । बाजा गाजाको धुन फेरिन्छ र अर्को चालको सुरुवात हुन्छ ।

### (ज) फुलहरी चाल

फुलहरी चाल ३ गजामा खेलिने चाल हो । यो चाल खेल्न कम्मर सिधा पारी एक खुट्टो अगाडि र एक खुट्टो पछाडि २० इन्च जति खुम्च्याएर खेलिन्छ । यो चाल पनि अन्य चाल झैं खेल्न सजिलो नभई कठिनाई पर्ने भएकाले जुनसुकै सरमकारीहरूले यो चाल खेल्न सक्दैनन् । यो चालको निम्ति पोख्त, दक्ष, अनुभवी खेलाडी हुन आवश्यक देखिन्छ । यस चालमा पनि अन्य चाल झैं ढाल र तरबारको मुदो छिरी ठाडी भएर थकान मेटाउँदै बाजागाजाको धुन परिवर्तन गरी सम्पूर्ण चालको समाप्ती गरिन्छ ।

सुदुरपश्चिमको उत्कृष्ट भुओ खेलका निम्ति विभिन्न ठाउँबाट पुरस्कृत भएको अछाम जिल्लाको सिद्धेश्वरमा भुओ खेलिँदा दम्फे र मूल भनेर २ थरीका रुम्टा (टोल)

चतुरसाल, सिमलगाउँ एक समूह र माझरुम्टा, बस्तीगाउँ अर्को समूह भएर आ-आफ्नो क्षेत्रको पटकानी (खुलाठाउँ) मा खेलिन्छ । कृष्णपक्षको द्वादशीमा थलो मान्न दम्फेको मालिका मोठ र मूलको दयगडा जान्छन् । त्रयोदशीमा पनि यसै रित सित खेल्दै मालिका मोठमा जोगी सिंगारुको प्रदर्शन देखाई एउटैमा मिसिएर हाडासैनमा जम्मा भै खेल्छन् । मानमर्यादापूर्वक टीका, पिठायो पहिरेर आ-आफ्नो स्थानमा जान्छन् । चौदशीको दिन पनि पहिलेको प्रक्रिया अनुसार मालिका मोठमा जोगी सिंगारु प्रर्दनका साथै धा, जवानी, कवाज खेलि एउटैमा मिसिएर आ-आफ्नो गाउँको पूरा परिक्रमा गर्नको साथसाथै प्रत्येक रुम्टाको पटकानी (खुला ठाउँ) मा चाल खेलेर पिठायो पहिरेर, गुरुको सम्मान गरिन्छ । पहिलेको कथन अनुसार ढाल, तरबार गाउँमा फट्कायो भने भूत-प्रेत महामारीबाट बचिन्छ भन्ने विश्वास (धारणा) रहेको पाइन्छ, साँझपख खड्गपूजा गरिन्छ । हाडासैन माडौंमा पण्डितहरूले पूजा समापन हुने बेला बोकाको बली दिन्छन् । त्यहानेर भोस्सो .... भनेर पण्डितले दिएका अक्षता काठका टुक्रा होमन गरिएको अग्निमा सरमकारीहरू आहुती दिन्छन् । अनि रातभर विभिन्न खेल चालहरू खेल्दै भोस्याउने, माडा हाल्ने नमारहरू भस्सारे भस्सी अर्थात् भस्सो भन्दछन् ।

### ४.३.५.३ भस्सो गीत

भुओ पर्वमा गाइने गीत नै भस्सो गीत हुन् । भस्सोका गीत २ किसिमले गाइन्छन् ती निम्नानुसार छन् :–

(क) ठाडो भस्सो

(ख) आड्या भस्सो

### (क) ठाडो भस्सो

ठाडो भस्सोगीत छोटा-छोटा लयमा गाइन्छ । यस गीतमा भुओ कहाँबाट, कहाँसम्म, के कसरी आइपुग्यो र कहाँ-कहाँ के-के खेल खेल्दै सकियो भन्ने कुराहरू गीतका माध्यमबाट गाइन्छ । यसमा एकजना गीत भट्याउने नाइके रहन्छ भने अन्यले एउटै स्वरमा स्वर मिलाउँदै भस्सो भन्ने गरिन्छ । नाइके तथा भस्सो भन्ने व्यक्तिको परिचय अगाडि नै गरिएको छ । यो गीत गाउँदा बाजाको ताल कटान झ्यानी, झ्यानी, झ्यानी, कटान झ्यानी, झ्यानी, झ्यानी हुन्छ । यसका गीतहरू निम्नानुसार रहेका छन् :–

| नाइकेले भट्याउने गीत वा माणा | सबै जनाले एउटै स्वरमा भन्ने गीत |
|---|---|
| ए ! पैलो भुओ [२] | भस्सो |
| ए ! कहाँ उब्ज्यो | भस्सो |
| ए ! माल मदेश | भस्सो |
| ए ! पर्वत आयो | भस्सो |
| ए ! त्यापछि क्याभयो | भस्सो |
| ए ! कौरव र पाण्डवको | भस्सो |
| ए ! लडाइँ हुन लाग्यो | भस्सो |
| ए ! हातहातमा सबैले | भस्सो |

| | |
|---|---|
| ए ! ढाल तरबार लियो | भस्सो |
| ए ! कौरवले | भस्सो |
| ए ! छलकपट गरी | भस्सो |
| ए ! पासा खेल्यो | भस्सो |
| ए ! जुवा हरायो | भस्सो |
| ए ! बाह्र वर्ष | भस्सो |
| ए ! वन वास | भस्सो |
| ए ! एक वर्ष | भस्सो |
| ए ! गुप्त वास | भस्सो |
| ए ! पाँच पाण्डवले | भस्सो |
| ए ! बिताउनु पऱ्यो | भस्सो |
| ए ! भुआको | भस्सो |
| ए ! रजवारले | भस्सो |
| ए ! पाण्डवको | भस्सो |
| ए ! पूजागरी | भस्सो |
| ए ! दुनियाँ बोलायो | भस्सो |
| ए ! रजबारका घर गई | भस्सो |
| ए ! सबैले पिठायो | भस्सो |
| ए ! लायो[२] | भस्सो |
| ए ! त्यहाँबाट | भस्सो |
| ए ! मालिका मोठमा | भस्सो |
| ए ! ढाल, तरबार ढल्काई | भस्सो |
| ए ! दुई पक्षबाट | भस्सो |
| ए ! जोगी सिंगारु | भस्सो |
| ए ! प्रदर्शन गरी | भस्सो |
| ए ! रमाइलो ठट्टा | भस्सो |
| ए ! गर्दै नाच्दै | भस्सो |
| ए ! डिक्रेनी आई | भस्सो |
| ए ! भुआगडा नाच्दै | भस्सो |
| ए ! पिठायो पैरी | भस्सो |
| ए ! मुडा उठाउँदै | भस्सो |
| ए ! गैरा गाउँ गई | भस्सो |
| ए ! खेल खेली | भस्सो |
| ए ! पिठायो पैरी | भस्सो |
| ए ! माँडी गयो | भस्सो |
| ए ! त्यहाँ बाट | भस्सो |
| ए ! आँटी गयो | भस्सो |
| ए ! आँटी बाट | भस्सो |
| ए ! माँडी आई | भस्सो |
| ए ! बोकाबली दियो | भस्सो |

ए ! त्यहाँपछि भस्सो
ए ! भुआरेले भस्सो
ए ! ढाल तरबारको भस्सो
ए ! खड्ग पूजा गऱ्यो भस्सो
ए ! त्यहाँपछि भुओ[२] भस्सो
ए ! मध्यान्न राती भस्सो
ए ! दयगडा आई भस्सो
ए ! दफ्के र मूलको भस्सो
ए ! भुओ मिसियो भस्सो
ए ! त्यहाँपछि भुओ भस्सो
ए ! बाबैचुली कोट भस्सो
ए ! राँको लिई भस्सो
ए ! खोपाभित्र ठोस्यो भस्सो
ए ! त्यहाँपछि भुओ भस्सो
ए ! सुँगर खाल आई भस्सो
ए ! खाना पिना खायो भस्सो
ए ! खाना पिना खाई भस्सो
ए ! बाँसपाटा आई भस्सो
ए ! अम्लेमार लायो भस्सो
ए ! त्यहाँपछि भुओले भस्सो
ए ! चाली खेल्यो भस्सो
ए ! चाल खेलेपछि भस्सो
ए ! दौड्दै आयो भस्सो
ए ! दौड्दै दौड्दै भस्सो
ए ! सरम खेल्ने भस्सो
ए ! डाँडा आयो भस्सो
ए ! त्यसपछि भुओ भस्सो
ए ! दयगडा गयो भस्सो
ए ! खाली बस्यो भस्सो
ए ! त्यसपछि भुओ भस्सो
ए ! दुई भागमा बाड्यो भस्सो
ए ! पालै पालो गरी भस्सो
ए ! धा लाग्यो भस्सो
ए ! त्यसपछि भुओले भस्सो
ए ! आठ चाल खेल्यो भस्सो
ए ! त्यसपछि भुओले भस्सो
ए ! जिउनापुरी खेल्यो भस्सो
ए ! त्यसपछि भुओले भस्सो
ए ! न्याउल्या खेल्यो भस्सो
ए ! त्यसपछि भुओ भस्सो

| | |
|---|---|
| ए ! सक्की गयो | भस्सो |
| ए ! त्यसपछि भुओ | भस्सो |
| ए ! सक्की गयो | भस्सो |

**(ख) आड्या भस्सो**

आड्या भस्सो गीत लामा-लामा लयमा गाइन्छ । यो गीत गाउँदा पञ्चे बाजाको ताल अघिको झैं कटान झ्यानी, झ्यानी, झ्यानी, कटानझ्यानी, झ्यानी, झ्यानी रहेको हुन्छ । यस गीतमा पनि गीत भट्याउने एकजना नाइके रहन्छ भने अन्य सबैले एउटै स्वरमा भस्सो र भस्सारे भन्दछन् । गीत भट्याउने नाइके र भस्सो भन्नेको नाम अघि नै स्पष्ट भइसकेको छ । आड्या भस्सोका गीतहरू निम्नानुसार रहेका छन् :–

| <u>नाइकेले भन्ने वा भोस्याउने माणा</u> | <u>सबै जनाले एक स्वरमा भन्ने गीत</u> |
|---|---|
| ए ! चिउरी नाव विउरा पानी[२] | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! गतकी खनिजा | भस्सो |
| ए ! भोली तमी बाइजानी भैं | भस्सो |
| केही मकी भनिजा[२] | भस्सारे |
| ए ! जुपू खेल्ला लवामालि | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! धेक्कीदो दुल्लू है | भस्सो |
| ए ! बिर्सीजाऊ तोलाका सुन | भस्सो |
| ए ! सम्झीदो उल्लू भै[२] | भस्सारे |
| ए ! बोउजुको दही चामले भैंसो[२] | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! काट्या घाँस खाँदैन[२] | भस्सो |
| ए ! भोली तमी बाइजानी भैं[२] | भस्सो |
| ए ! म सौंराई काटिन[२] | भस्सारे |
| ए ! बोउजुको लड्यालो देवर | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! भोली तमलाई पुऱ्याउन्या हो[२] | भस्सो |
| ए ! बाबै चुली कोट[२] | भस्सारे |
| ओ ! बोउजु | भस्सो |
| ए ! बोउजुका रक्तया थाङना[२] | भस्सो |
| ए ! दोबाटा पोलन्ना | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! भोली तमी बाइजानी भैं[२] | भस्सो |
| बाबै चुली कोट[२] | भस्सारे |
| ओ ! बोउजु | भस्सो |
| बोउजु तमी बाइजानी भैं | भस्सो |

| | |
|---|---|
| ओ ! बोउजु | भस्सो |
| ए ! म कसरी रउँला[२] | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! कोइ शत्रु आयाका बेला[२] | भस्सो |
| ए ! ढाल तरबारले दिउँला[२] | भस्सारे |
| ओ ! बोउजु | भस्सो |
| राती-राती जन हिड्या[२] | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! कोइ शत्रु लागन्ना | भस्सो |
| ए ! तमीलाई पुऱ्याका दिनी[२] | भस्सो |
| दाई कसरी रन्ना ! | भस्सारे |
| ओ ! बोउजु | भस्सो |
| ए ! शरीरमा जामा छन् भने[२] | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! टाउकामा पगडी | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! कोइ हुन्छन् ठट्याउली वाला | भस्सो |
| ए ! कोइ हुन्छन् रहडी[२] | भस्सारे |
| ओ ! बोउजु | भस्सो |
| बायाँ हात ढाल ढल्किँदो | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! दायाँ हात तरबार | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| त्यसो किन गऱ्या बोउजु | भस्सो |
| ए ! बिग्री गयो घरबार[२] | भस्सारे |
| ओ ! बोउजु | भस्सो |
| ए ! भोली तमी बाइजानी भैं | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! बाबैचुली कोट | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! बाइगैं तमी एकोहरी | भस्सो |
| ए ! हाम्लाई लगाई चोट[२] | भस्सारे |
| ओ ! बोउजु | भस्सो |
| ए ! बहुमतको विजय भनि | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! बोउजु शब्द आयो | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! भुओ खेल चिनाउन भनी | भस्सो |
| यही शब्दले छायो[२] | भस्सारे |
| ओ ! बोउजु | भस्सो |

| | |
|---|---|
| ए ! भुओ खेल्ने दयगडा | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! अर्को थलो माडी | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! तमी बोउजु बाइजानी भैं | भस्सो |
| कइका भर छोडी[२] | भस्सारे |
| ओ ! बोउजु | भस्सो |
| ए ! कालिमाटी ठकुरीका | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! खेत पानी टल्काई | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! भुओखेल खेल्याका दिनी | भस्सो |
| ए ! ढाल तरबार ढल्काई | भस्सारे |
| ओ ! बोउजु | भस्सो |
| ए ! कति राम्रा सरम खेल्न्या | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! भुओखेल खेल्नलाई | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! बोउजु भोली बाइजानी भैं | भस्सो |
| ए ! माइतीघर बस्नलाई[२] | भस्सारे |
| ओ ! बोउजु | भस्सो |
| ए ! हिमाल हिउँपडी गयो | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! काँ गई डाँफे चरी | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! सुन्दा बसै बुझ्दा कोइनाई | भस्सो |
| ए ! मनका विलहरी[२] | भस्सारे |
| ओ ! बोउजु | भस्सो |
| ए ! प्रभा राम्रा दयगडा | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! पिपल चौडारी | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! बोउजुलाई लागिन होके | भस्सो |
| ए ! मलाग्ने सौडारी[२] | भस्सारे |
| ओ ! बोउजु[२] | भस्सो |
| ए ! विनायक राम्रा पञ्चदेवल | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! अछाम रामारोशन | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! तमी छाडी बाइजानी भैं | भस्सो |

| | |
|---|---|
| यहाँ मेरा कोछन्[२] | भस्सारे |
| ओ ! बोउजु | भस्सो |
| ए ! धर्मप्रति आस्था राख्ने | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! समाजसेवी पनि | भस्सो |
| ए ! सुन्दर भई चिन्निजा जिल्ला | भस्सो |
| ए ! भुओ खेलका धनी[२] | भस्सारे |
| ओ ! बोउजु | भस्सो |
| ए ! वर्खा लाग्यो पानी पड्यो | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! बरो बाट्याको नाई | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! बोउजु तमी बाइजानी भैं | भस्सो |
| ए ! सौंराई काट्याकी नाई[२] | भस्सारे |
| ओ ! बोउजु | भस्सो |
| ए ! बान्नी गढी वर्ता देवी[२] | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! कोटघर कालिका[२] | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! अछाम त बैकुण्ठ रै छ[२] | भस्सो |
| ए ! धन्य हो मालिका[३] | भस्सारे |
| ए ! काल्या आम गोरु बाखा | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! मैठ्या माणु सरू | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! मुन्टानी दौराको पुलो | भस्सो |
| म पो कसो हरू[२] | भस्सारे |
| ए ! बुढाकोट बाउल्या ढुङ्गा[२] | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! कोइऱ्यालीका बाँफ | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! दिनभरी गोरुको ग्वालो | भस्सो |
| म पो कसो हरू | भस्सारे |
| ए ! गैराहान्या गुदुरकींदो | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! प्रभालको दाइनो[२] | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! भोली तमी बाइजानी भैं | भस्सो |
| ए ! छाडी मेरा भाइना[२] | भस्सारे |
| ए ! रामहुँदी प्रभाका भुआ[२] | भस्सो |

| | |
|---|---|
| ओ ! बोउजु | भस्सो |
| ए ! बाब्ला जरमाइठी | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! बैकुण्ठ जाँदाका दिनी | भस्सो |
| ए ! भेट होलाकी काइँथी[२] | भस्सारे |
| काइँथी लाइछी कत्नो भइछी[२] | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| सुन्तलीका बोट[२] | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| भुआ खेलको राँको ठोस्न्या[२] | भस्सो |
| ओ ! बोउजु | भस्सो |
| ए ! बाबैचुली कोट[२] | भस्सारे |

यसपछि बिहान तीन बजे तिर पहिले गाउँभित्र र हाल दयगडामा दुवै थरी मिसिन्छन् । त्यतिबेलाको रमाइलो कार्य गर्दा सानो तिनो मुटु भएको मानिसले हेर्न सक्तैनन् भन्दथे पहिलेका पुर्खाहरू । दुईथरी मिसिएर राँको लिएर एक टोली माथि बाबैचुली कोटमा जान्छ अर्को टोली दयगडा रहन्छ । तिनीहरूले बाबैचुली कोट पुगेर खोपा भित्र राँको ठोसीसकेपछि तलकाहरूले पनि विश्राम लिन्छन् । औंसीको दिन दयगडाको पश्चिमपट्टि पर्ने बाबैचुलीकोट टोली र तलबसेकाहरूको टोलीहरू बीच बाटोमा मिसिन्छन् । त्यहाँ दुवै पक्षबीच औंले (अमला) मार हुन्छ । औंलेमार हुने ठाउँ बाँसपाटादेखि दयगडा १, २ किलोमिटरको दूरीसम्म १० देखि १५ वर्ष सम्मका केटाहरूले हैरान पार्दछन् । सरमकारीहरू ढालले त्यसलाई रोक्ने अथवा छेक्ने गर्दछन् ।

त्यसपछि रमाइलो चौढाल दोहोरो लाइन बाजाको धुनमा ढल्कँदै सरऊ खेल्ने डाँडामा पुग्छ । जसको नाम नै सरम खेल्ने डाँडो रहेको छ । प्रकृतिले पनि यस ठाउँलाई साथ दिएको छ । सरौ खेली कवाजका साथ दयगडा त्रिपुरा सुन्दरी देवस्थल हाल श्री प्रभा धम्कोट उ.मा.वि.को प्राङ्गणमा कवाजका साथ बाजाको धुनमा परिक्रमा गरेर दुई समूहमा विभाजित भएर धा र जवानी देखाइन्छ । यसमा प्रतिष्ठित तालिम प्राप्तहरू आफ्नो प्रदर्शन देखाउँछन् । धा, दुई जनाको बीचमा हुन्छ भने जवानी १ जनाले प्रदर्शन गर्दछन् । जसलाई थला जवानी र सूर्य जवानी भनेर चिनिन्छन् । त्यसपछि सामूहिक रूपमा भुओ खेलका सहभागीहरू माथिका आठ चाल मुख्य गुरुद्वारा खेलाइन्छ र अन्त्यमा जिउनापुरी र न्याउल्या खेलका साथै साँझ ६, ७ बजेतिर औंसीका दिन भुओ समापन हुन्छ ।

### ४.३.५.४ जिउनापुरी

जिउनापुरी अछामको भुओ पर्वमा खेलिने खेल हो । जिउनापुरीलाई अर्को अर्थमा भन्नुपर्दा धमारी वा भारी खेल पनि भनिन्छ । जिउनापुरी भन्नाले हामी सबै सधैं भरी यस भूमिमा सन्तोषका साथ बाँचियोस् र पुन: अर्को पटक पनि हाम्रो भेटघाट होस् । जुनी-जुनी सबैसँगै मिलेर रमाइलो गर्न पाउँ भन्ने रहेको छ । जिउनापुरी खेल खेल्दा आउजीहरू र क्षत्रीहरू मिलेर खेल्दछन् । यो गोलघेरामा खेलिन्छ । आउजीहरूको समूह भित्रपट्टि रहन्छ भने क्षत्रीहरूको समूह बाहिरपट्टि गोल घेरामा नै रहेको हुन्छ ।

जिउनापुरी गीत गाउँदा आउजीहरूको एक जना नाइके रहन्छ अरू आउजीहरूले उसलाई साथ दिँदै एउटै स्वरमा गाउँदछन् । क्षत्रीहरूले भने सबैजनाले एउटै स्वरमा जिउनापुरी धारु भल भाइ मात्र भन्दछन् । जिउनापुरी गीत गाउने नाइके तथा सहयोगी र क्षत्रीहरूको नाम भने अगाडि नै चर्चा भइसकेको छ । जिउनापुरीमा गाइने गीतहरू निम्नानुसार छन् :–

| **आउजी समूहले गाउने गीत** | **क्षत्रीहरूको समूहले भन्ने गीत** |
|---|---|
| जिउनापुरी धारु भल भाइ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, सल्यानका साइमहाराज[२] | जिउनापुरी धारु भल भाइ |
| ह, प्युठानकी रम्भाचेली[२] | जिउनापुरी धारु भल भाइ |
| ह, तिनै दुईको जरमाउलो[२] | जिउनापुरी धारु भल भाइ |
| ह, एकै दिन एकै बार[२] | जिउनापुरी धारु भल भाइ |
| ह, एकै घडी एकै मौरत[२] | जिउनापुरी धारु भल भाइ |
| ह, सल्यानका साइमहाराज[२] | जिउनापुरी धारु भल भाइ |
| ह, प्युठानकी रम्भाचेली[२] | जिउनापुरी धारु भल भाइ |
| ह, वाणन लाग्या वण्याली[२] | जिउनापुरी धारु भल भाइ |
| ह, एकै दिनका साइमहाराज[२] | जिउनापुरी धारु भल भाइ |
| ह, दुवै दिनका जैसा कठ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, दुवै दिनकी रम्भा चेली[२] | जिउनापुरी धारु भल भाइ |
| ह, तीनै दिनका जैसा कठ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, तीनै दिनका साइमहाराज[२] | जिउनापुरी धारु भल भाइ |
| ह, चारै दिनका जैसा कठ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, चारै दिनकी रम्भा चेली[२] | जिउनापुरी धारु भल भाइ |
| ह, पाँचै दिनका जैसा कठ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, पाँचै दिनका साइमहाराज[२] | जिउनापुरी धारु भल भाइ |
| ह, छ्यै दिन छैटी रात्री [२] | जिउनापुरी धारु भल भाइ |
| ह, छ्यै दिनकी रम्भा चेली[२] | जिउनापुरी धारु भल भाइ |
| ह, सातै दिनका जैसा कठ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, सातै दिनका साइमहाराज[२] | जिउनापुरी धारु भल भाइ |
| ह, आठै दिनका जैसा कठ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, आठै दिनका साइमहाराज[२] | जिउनापुरी धारु भल भाइ |
| ह, नवौं दिनका जैसा कठ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, नवौं दिन नवान्नी भयो[२] | जिउनापुरी धारु भल भाइ |
| ह, नवौं दिनका साइमहाराज[२] | जिउनापुरी धारु भल भाइ |
| ह, दशै दिनका जैसा कठ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, महिना दिन जैसा कठ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, महिना दिन साइमहाराज[२] | जिउनापुरी धारु भल भाइ |
| ह, साम्मन थुम्मन भया[२] | जिउनापुरी धारु भल भाइ |
| ह, वाणन वण्याली लाग्या[२] | जिउनापुरी धारु भल भाइ |
| ह, आँगन खेलन लाग्या[२] | जिउनापुरी धारु भल भाइ |

| | |
|---|---|
| ह, सल्यानका साइमहाराज[२] | जिउनापुरी धारु भल भाइ |
| ह, प्युठानकी रम्भाचेली[२] | जिउनापुरी धारु भल भाइ |
| ह, गोरुका ग्वाला भया[२] | जिउनापुरी धारु भल भाइ |
| ह, भैंसीका गोठाला भया[२] | जिउनापुरी धारु भल भाइ |
| ह, बाखाका बखाला भया[२] | जिउनापुरी धारु भल भाइ |
| ह, हटहट ग्वाला साथ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, गोरु लैजाऊ कसुवन[२] | जिउनापुरी धारु भल भाइ |
| ह, परिवन गोरु लिउँत[२] | जिउनापुरी धारु भल भाइ |
| ह, बगुली पियाको कठ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, उदीवन गोरु लिउँत[२] | जिउनापुरी धारु भल भाइ |
| ह, तितरीका घोल कठ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, हटहट ग्वाला साथ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, गोरु लैजा उदी वन[२] | जिउनापुरी धारु भल भाइ |
| ह, गोरु लाया, लामा तोला[२] | जिउनापुरी धारु भल भाइ |
| ह, सल्यानका साइमहाराज[२] | जिउनापुरी धारु भल भाइ |
| ह, आफू बस्या उँची ढुङ्गा[२] | जिउनापुरी धारु भल भाइ |
| ह, पारिउँदा गवली ल्यायो[२] | जिउनापुरी धारु भल भाइ |
| ह, गोरु लायो गैरी तोली[२] | जिउनापुरी धारु भल भाइ |
| ह, प्युठानकी रम्भा चेली[२] | जिउनापुरी धारु भल भाइ |
| ह, आफू बसी गैरी सेल[२] | जिउनापुरी धारु भल भाइ |
| ह, सल्यानका साइमहाराज[२] | जिउनापुरी धारु भल भाइ |
| ह, कन्डाहई बाँसुरी झिक्यो [२] | जिउनापुरी धारु भल भाइ |
| ह, तमी कैकी छोरी हौ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, प्युठानकी रम्भा चेली[२] | जिउनापुरी धारु भल भाइ |
| ह, गोजीहई बिनायो झिक्यो [२] | जिउनापुरी धारु भल भाइ |
| ह, विनायोका शबदले[२] | जिउनापुरी धारु भल भाइ |
| ह, तमी कैका छोरा हौ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, बाँसुरीका शबदले[२] | जिउनापुरी धारु भल भाइ |
| ह, सल्यानका साइमहाराज[२] | जिउनापुरी धारु भल भाइ |
| ह, विनायाका शबदले[२] | जिउनापुरी धारु भल भाइ |
| ह, प्युठानकी रम्भाचेली[२] | जिउनापुरी धारु भल भाइ |
| ह, बाँसुरीका शबदले[२] | जिउनापुरी धारु भल भाइ |
| ह, हाम्रा जाउँली भन्यो कठ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, हटहट ग्वाल्या साथ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, रम्भाचेली बिहाई लैजाऊ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, अद्द ग्वाला माइती होऊ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, अद्द ग्वाला पोइली होऊ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, रम्भाचेली बिहाई लैयाऊ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, बालुवा कसार बनाऊ[२] | जिउनापुरी धारु भल भाइ |
| ह, गोबरी ठेउकाका बाबरु हाल[२] | जिउनापुरी धारु भल भाइ |

ह, गहुँतको तेलु बनाऊ[२] जिउनापुरी धारु भल भाइ
ह, रम्भाचेली बिहाई लैजाऊ[२] जिउनापुरी धारु भल भाइ
ह, लवणीको डोला बनाऊ[२] जिउनापुरी धारु भल भाइ
ह, मुदुणीका सामा बनाऊ[२] जिउनापुरी धारु भल भाइ
ह, अद्द ग्वाला माइती होऊ[२] जिउनापुरी धारु भल भाइ
ह, अद्द ग्वाला पोइली होऊ[२] जिउनापुरी धारु भल भाइ
ह, रम्भाचेली बिहाई ल्याओ[२] जिउनापुरी धारु भल भाइ
ह, चिभेखाती अघि भाने[२] जिउनापुरी धारु भल भाइ
ह, छेपारो हुड्क्या जाला[२] जिउनापुरी धारु भल भाइ
ह, भ्यागुतो धनवीरे जाला[२] जिउनापुरी धारु भल भाइ
ह, हेरहेर नरलोकौ[२] जिउनापुरी धारु भल भाइ
ह, बेलीको उज्याली डोला[२] जिउनापुरी धारु भल भाइ
ह, आज डोला मस्क्याको क्याछ[२] जिउनापुरी धारु भल भाइ
ह, उदाबाट पुग्यापछि[२] जिउनापुरी धारु भल भाइ
ह, रम्भाचेली मरिगैछन्[२] जिउनापुरी धारु भल भाइ
ह, सल्यानका साइमहाराज[२] जिउनापुरी धारु भल भाइ
ह, तमी ग्वाला माइती भया[२] जिउनापुरी धारु भल भाइ
ह, तमी ग्वाला पोइली भया[२] जिउनापुरी धारु भल भाइ
ह, तमी ग्वाला बामन भया[२] जिउनापुरी धारु भल भाइ
ह, रम्भाचेली बिहाई ल्याया[२] जिउनापुरी धारु भल भाइ
ह, रम्भाचेली मऱ्यापछि[२] जिउनापुरी धारु भल भाइ
ह, तमी ग्वाला कठ्यारु होऊ[२] जिउनापुरी धारु भल भाइ
ह, तेलपारीका घाट लैजाऊ[२] जिउनापुरी धारु भल भाइ
ह, श्रीखण्डका दाउरा ल्याऊ[२] जिउनापुरी धारु भल भाइ
ह, तेलपारीका घाट लियो[२] जिउनापुरी धारु भल भाइ
ह, चिणो पनि चिनि हाल्यो[२] जिउनापुरी धारु भल भाइ
ह, दाख दिन्या बेला भयो[२] जिउनापुरी धारु भल भाइ
ह, भनभन नरलोकौ[२] जिउनापुरी धारु भल भाइ
ह, दाखु दिनु कसा ठौर[२] जिउनापुरी धारु भल भाइ
ह, कुरीकुच्चा दाखु दिउँत[२] जिउनापुरी धारु भल भाइ
ह, कुखुराका फुल जस्ता[२] जिउनापुरी धारु भल भाइ
ह, बनायाका मुगरी जस्ता[२] जिउनापुरी धारु भल भाइ
ह, घुँणा जोली दाखु दिउँत[२] जिउनापुरी धारु भल भाइ
ह, बनाया दियणी जस्ता[२] जिउनापुरी धारु भल भाइ
ह, जाँघ जेली दाखु दिउँत[२] जिउनापुरी धारु भल भाइ
ह, केलाका थुम्मन जस्ता[२] जिउनापुरी धारु भल भाइ
ह, कम्मरमा दाखु दिउँत[२] जिउनापुरी धारु भल भाइ
ह, कुमाल्नीको कण्ड कठ[२] जिउनापुरी धारु भल भाइ
ह, छाती जोली दाखु दिउँत[२] जिउनापुरी धारु भल भाइ
ह, चिठाका मुगरी जस्ता[२] जिउनापुरी धारु भल भाइ

ह, कुमजोली दाखु दिउँत[२] जिउनापुरी धारु भल भाइ
ह, इन्द्रका देवता जस्ता[२] जिउनापुरी धारु भल भाइ
ह, ओठ जोली दाखु दिउँत[२] जिउनापुरी धारु भल भाइ
ह, चिऱ्याका सिनका जस्ता[२] जिउनापुरी धारु भल भाइ
ह, दाँत जोली दाखु दिउँत[२] जिउनापुरी धारु भल भाइ
ह, दाडिमका बियाँ जस्ता[२] जिउनापुरी धारु भल भाइ
ह, आँखा जोली दाखु दिउँत[२] जिउनापुरी धारु भल भाइ
ह, परेवाका नेत्र जस्ता[२] जिउनापुरी धारु भल भाइ
ह, चण्डीजोली दाखु दिउँत[२] जिउनापुरी धारु भल भाइ
ह, ताछ्याका तराइना जस्ता[२] जिउनापुरी धारु भल भाइ
ह, कपालमा दाँखु दिउँत[२] जिउनापुरी धारु भल भाइ
ह, पलायाका पात जस्ता[२] जिउनापुरी धारु भल भाइ
ह, भनभन नरलोकौ[२] जिउनापुरी धारु भल भाइ
ह, दाखु दिनु कसाठौर[२] जिउनापुरी धारु भल भाइ
ह, निको बोल्न्या उही जिब्रो[२] जिउनापुरी धारु भल भाइ
ह, फुस्रो बोल्न्या उही जिब्रो[२] जिउनापुरी धारु भल भाइ
ह, जिब्रामा दाखु दियो[२] जिउनापुरी धारु भल भाइ
ह, जिब्रो पनि सल्की गयो[२] जिउनापुरी धारु भल भाइ
ह, चिणो पनि चम्की गयो [२] जिउनापुरी धारु भल भाइ
ह, हेरहेर नरलौकौ[२] जिउनापुरी धारु भल भाइ
ह, सल्यानका साइमहाराज[२] जिउनापुरी धारु भल भाइ
ह, राती तारा सधैं लाग्दा[२] जिउनापुरी धारु भल भाइ
ह, दिन तारा आजै लाग्या[२] जिउनापुरी धारु भल भाइ
ह, सबैले आकाश हेऱ्यो[२] जिउनापुरी धारु भल भाइ
ह, चिणो फट्टक हालिसक्यो[२] जिउनापुरी धारु भल भाइ
ह, सल्यानका साइमहाराज[२] जिउनापुरी धारु भल भाइ
ह, प्युठानकी रम्भाचेली[२] जिउनापुरी धारु भल भाइ
ह, सती रे सती हुन्या भया[२] जिउनापुरी धारु भल भाइ

### ४.३.५.५ न्याउल्या

भुओ पर्वमा जिउनापुरी खेल खेलिसकेपछि मनोरञ्जनका निम्ति खेलिने खेल न्याउल्या हो । यो खेलमा पनि सबैजना लामबद्ध रूपमा गोलघेरामा रहेर खेल्दछन् । यो खेल केटाकेटा बीच, केटाकेटीबीच र केटीकेटीबीच पनि खेल्न सकिन्छ । न्याउल्या खेलमा एकले अर्कोको बाउली जोड्दै सुरुदेखि अन्त्यसम्म डेढ स्टेपको चालमा खेलिन्छ । न्याउल्या खेल भन्नाले पहिलेको समाजले चराचुरूङ्गीको कण्ठबाट निस्केको मधुर स्वरलाई आत्मसात गर्दै आफू अनुकूल अर्थात् झ्याउँकिरीबाट झ्याउँरे बनाए झैं न्याउली चराको मनमोहक उफ्राई र स्वरले न्याउले शब्दको उत्पत्ति भएको हो ।

यसैबाट निर्देशित मानवको स्वस्फूर्तस्वर र चालबाट क्रमशः झ्याउरे गीत र नाच तथा न्याउले गीत र न्याउले खेलमा परिणत भएको हो ।[६५]

न्याउल्या देउडा गीतको एउटा प्रकार हो । न्याउल्यामा भगवान् तथा पृथ्वीमातालाई पुकार वा प्रार्थनाका रूपमा जुनगीत गाइन्छन् । तिनलाई नै देउडा भनिन्छ । न्याउल्या खेलको नाइकेलाई 'गीताउड्या' र नायिकालाई 'गीताउडी' विजेतालाई 'जिताउड्या' र जिताउडी भनिन्छ । अछामी भाषामा केटालाई छोरेट्टा केटीलाई छोरेट्टी भनिन्छ । प्राचीनकालमा यिनीहरूबीच समाजका हरेक विषयमा खुलारूपमा प्रतिस्पर्धा हुन्थ्यो । सामान्यतया भन्नुपर्दा अहिले वाला, वृद्ध, युवायुवतीले मनोरञ्जनको निम्ति न्याउल्या खेल खेल्दछन् । भुओ पर्वको अन्तिम दिन अन्तिम चरणमा साँझ ६, ७ बजेतिर जनमानसलाई मनोरञ्जन गराउनको लागि न्याउल्या खेल खेल्दछन् । न्याउल्या खेलमा धर्ती माता वा पृथ्वीलाई पुकार गर्दै यो गीतबाट न्याउल्या खेलको सुरुवात गरिन्छ । जुन गीत यस्तो रहेको छ :–

स्यौलाकी सिटिक्या लौरी मलेवाकी भाँटी ।

पैली मैले बाउली जोड्या दाइनी भएई माटी ॥

न्याउल्या खेलका गीतहरू यसप्रकार रहेका छन् :–

जारीम पेल्ला-पेल्ला दुईजना जुम्लीका छोरा जारीम पेल्ला-पेल्ला
न्याउल्या खेल्ला-खेल्ला चिनाजान हुन्याइँ त भयो न्याउल्या...
तिउन क्या पिनापानी मारसीका भातसम्म तिउन क्या ...
गरु चिनाजानी सबसाथी एकै साथ बसी गरु चिनाजानी
मु गइला डुम्मकी हान पैकेला छम्काजाल मु गइला ....
म मर्दा सम्मकी लाइहेल बाज गइरो प्रीति म मर्दा ....
जाल गेडी छट्काओ जाल खेल्न्या जल्यारु भाइ हो जाल गेडी ....
पछ्यौरी फट्काओ उना कुना दैव हुन्ना पछ्यौरी .....
क नै लेखिँदैन मसि नै पातलो रै छ क नै .....
हेऱ्या देखिँदैन डाको लाया स्वर पुग्दैन हेऱ्या .....
मै मौरीको धुनको बाटातली गाइमऱ्याको मै मौरीको ...
कानमा पऱ्यो रनको विस्तरा सुत्याकी छिया कानमा ......
प्रभाकी विदरा गाँजराकी बालीशोभा प्रभाकी ......
बिउँझी जा निदरा ढल्किजा सुत्याका खाट बिउँझी जा....
पारीका खोलाले वारिको खेत बगाई लैग पारीका ...
कृष्णका चोलाले भेट होइजाऊ राधिकासँग कृष्णका .....
गाइका चरनीमा कै वैरीले घाँस पाल्याको गाइका ....
होइजाऊ मरनीमा साइको बाउली मेरो सिरान होइजाऊ....
रोल जाइँथी ताइँथी दुईजनी मलेवा खानी रोल .....
नहोऊ काइँथी काइँथी भेट होइजाऊ जिन्दगी भरी नहोऊ ....
ओछ्याउनलाई दरी ओढ्नलाई कोराको खाइटो ओछ्याउन .....

---

[६५] **ऐजन**, पृ. २१५ ।

जिन्दगानी, भरी बाँची रौं मनुष्य चोला जिन्दगानी....
चौतारो चिन्याछ्या चिल्की ढुङ्गो पायाखेरी चौतारो ....
पैसाले किन्याछ्या फेरी जोवन आया खेरी पैसाले ....
खोली गगनको घाँस काट्की सोतर काटु खोली ....
साइका जोवनको ऋण पाया व्याज तिऱ्या छिया साइका ...
डाली गोगनलाई नकाट भाउल्या पाप लागला डाली ......
जान्या जोवनलाई छ भनुकी छैन भनु जान्या ....
तारा लाग्या सेरी जून लाग्या मार्तडी रवा तारा ....
फर्कदैन फेरि मऱ्यो मान्छे गयो जोवन फर्कदैन .....
बरमुठ्या मानु छ सिलगढीका बजारउँदो बरमुठ्या ....
यो जोवन खानु छ फेरी जोवन आउन्याछैन यो जोवन ....
रामारोसी रोल बाहडी छापका डाँडा रामारोसी ...
पर मैना बोल वर म सौंराडी काटु परमैना ...
पाखा तलि केला जा भाउल्या काटेर लैया पाखा .....
सौराइ लाग्या बेला बाजकली काखती बस्नु सौराई...
पाक्याका आम खानु गैला सेल बसी राख्नु पाक्याका ....
गालीमा माम खानु विपनीमा भेट होइजानु गालीमा ....
पगारका रैना घाँस काटुकी सोतर काटु पगारका ..
राती दिउँला सैना दिन दिउँला बाडुली खुट्को राती ....
बौकी कलिबली सासुले हाल्याका रोटी बौकी .....
सैना झलिमली विपनी भेट नै हुँदी सैना .....
गौचर, गौचर इल्चा दुबो भिटा पाती गौचर .....
भेट होइजाऊ मौसर डिट पडीजाऊ बासा भोल्या भेट होइजाऊ .....
साँफे पडी डिट बाहाडी टाउकाका पिप्ल साँफे .....
किन भई हो भीट निट्क्या काल झिम्क्या फूल किन .....
छिटेर छिटहोला बुनेर कपडा छियो छिटेर .....
उई जुनी भेट होला यो जुनी उत्तिकै भयो उई .....
पाण्डव जति नाउन द्वारिका दरकास बाइग्या पाण्डव .....
साइको दर्शन पाउन काशीको गंगाजल भयो साइको .....
बनायो दिइणो रिडिकोट टमट्टाले बनायो .....
एकदै चिइणो दैवु मणो म सतुरी एकदै .....
बौ पडी पाराइन सासु पडी गइला डुम्मा बौ पडी .....
बनाइदे नाराइन एकै खुडी चारो खानु बनाइदे .....
भोट्या राम्रा बौर गैरी गैरी मुजुङ्गानी भोट्या .....
गया-गया ठौर म साइको नामना लिउँला गया गया .....
रस मीठो दाखको बोली मीठो बाजकलीको रस .....
परानी लाखको माया छ मौरीका जसो परानी .....
हाम्रा बस्न्या थली बिरानो नमानी बसेइँ हाम्रा .....
सम्झेइ झलीमली दोखडी बाडुली लाउँला सम्झेइँ .....

नन्द लालकी गौरी चालिस्या मुख्याकी छोरी नन्द .....
फर्काई ल्याइदे मौरी उडी जान्या पुतलीलाई फर्काई .....
वण्डालीका हुम पायलका चौरका माणु वण्डाली .....
बस्नु दाइना कुम आउनु है पुतली भेष बस्नु .....
पिपल पात्या लै लै जौ पात जोवन साइको पिपल .....
सम्भन्छौके कै लै रुन्छौके देख्याका बेला सम्भन्छौ .....
दायाँ हात सलाई बायाँ हात बेटरी साइको दायाँ .....
चेहरा मात्र गलाई सुनका अगौंठी तैले चेहरा .....
तऱ्या ताँगुली है फुल घाट फलाम्या साँगो तऱ्या .....
कान्छी अँगुली है नछुटेई सुनका फेऱ्या कान्छी .....
रिङ्दै काँस्या थाल साँफेका होटल भित्र रिङ्दै .....
वैरी माया जाल रिटाउन घुमाउन लागि वैरी .....
वैरी माया जाल सुरताले परानी लैग वैरी .....
किन डुबाई खाल आँसुले सिरानी भिज्यो किन .....
प्रेमका जडा कै वैरीले काटी दियो प्रेमका .....
खाइजा रानी चडा पाकीग बेलाइती फल खाइजा .....
पोत्या तिलहरी नेपाल आइमाईको लाइन्या पोत्या .....
मनका विलहरी सुन्दा सबै बुझ्दा कोइनाई मनका .....
गैजा सुवा गैजा डाली बस्या म बसुला गैजा .....
तेरो माया लैजा म पनि निजरकी रौंला तेरो .....
सामातडा छायाँ रल्याइला ठाँटीका बड सामातडा .....
रङ बस्याको माया रै रनु जिन्दगी भरी रङ .....
दशैंका जमरा कति राम्रा सुहायाका दशैंका .....
डुलिजा भँमरा पिरथीको फूल फूल्याको डुलिजा .....
जाऊ भन्या भन् टाढा न जाऊ त जरुरी पऱ्यो जाऊ .....
जन बिफेइ काँढा डुल्लो भ्या प्रीतिका फूल जन .....
मेघ आयो मालबाटी हिउँ आयो हिउँचुली बाटी मेघ .....
प्रेमका जालबाटी साइरे मु चुइमाली खेलु प्रेमका .....
जेठानी छुइ छनके जेठाजू भैंसीका खर्क जेठानी .....
भगवान दुई छनके आदि सुखी आदि दुःखी भगवान .....
क्याहरू जाबीले साई खर्कै गुल्यालो खर्कै क्याहरू .....
क्या लेख्यो भावीले सप्याऊ, हात बिप्याऊ होरो क्या .....
मेरो मन फुलौट दाइले दियो बुढाकोट मेरोमन .....
बलिजाऊ धुलौट भाग्य लेख्न्या भाविनीको बलिजाऊ .....
दुधका हलाम हेर भैंसी हैजाले लैग दुधका .....
सुन्नेलाई सलाम पढ्नेलाई नमस्कार सुन्नेलाई .....
डोरीले रेटौंला सारङ्गी चढायो ताँदो डोरीले .....
आउँदो साल भेटौंला यो साल यत्तिकै भयो आउँदो .....

यसरी माथिका सम्पूर्ण खेलहरू खेलिसकेपछि भुओ खेलको पनि समापन हुन्छ ।

#### ४.३.६ सुर

प्रस्तुत भुओको मुख्य भाग भैंलो, भस्सो, जिउनापुरी र न्याउले रहेको छ । यसलाई प्रस्तुत गर्दा एकजना नाइके रहन्छ । ती नाइकेहरूको नाम अगाडि दिइसकेको छ । अरू सबैले एउटै स्वरमा गाउने गर्दछन् । सबैले हात, हातमा ढाल र तरबार लिई घाँटीमा फूलका माला, शरीरमा जामा, टाउकोमा पगडी र कम्मरमा पेटी बाँधेका हुन्छन् । आउजीहरूले बाजाको रूपमा ट्याम्को, दमाह, नरसिंङ्गा, ताल (झ्याम्टा) जस्ता बाजाहरू अनिवार्य रूपमा प्रयोग गर्दछन् । आउजीहरूले बाजा बजाइरहेका हुन्छन् । सरमकारीहरूले पनि बाजाको रूपमा नै भुओ खेल खेल्दछन् । बाजा धिमागतिबाट बढ्दै जान्छ भने सरमकारीहरू पनि सोही बाजा अनुरूप धिमागतिबाट तीव्र रूपमा अघि बढ्छन् । भुओमा चालहरू बाजाको रूपमा खेलिन्छ भने अन्य गीतहरू बाजाको धुन सँगसँगै गीतिलयमा गीतका माध्यमबाट गाइन्छन् । भुओ पौषको भैंले पूर्णिबाट सुरु भएर औंसीमा समापन हुन्छ । यस पर्वलाई हेर्ने सम्पूर्ण दर्शकहरू आनन्दले रमाइरहेका हुन्छन् ।

#### ४.३.७ करणत्व

प्रस्तुत भुओ पर्वका गीतहरू स्थानीय भाषिकामा प्रस्तुत गरियो । नेपाली भाषाको ओरपच्छिमा भाषिकाको अछामी उपभाषिका यसमा प्रयोग गरिएको छ । यसको प्रस्तुतिमा हातहातमा ढाल तरबार घाँटीमा फूलका माला शरीरमा जामा टाउकोमा पगडी र कम्मरमा पेटी बाँधेर अभिनय गरेको छ । संगीतको रूपमा ट्याम्को, दमाहा, नरसिङ्गा, ताल (झ्याम्टां) द्वारा संगीतको पूर्ति गरिएको र गीतिलयमा भुओगीतको अभिव्यक्ति प्रस्तुत गरिएको छ ।

#### ४.३.८ प्रतिमानहरू

भुओ आत्मरक्षाका निम्ति वा भूमिरक्षाका निम्ति अघोषित लडाइँबाट बच्न र बचाउनको लागि लडाइँमा देखाउने पराक्रमलाई ढाल र तरबारद्वारा युवावर्गलाई दिइने तालिम हो । कसैले भुओ भनेको एउटा भूत-प्रेत हो । यसले गाउँघरमा प्रवेश नपओस् र यसबाट बच्नको निम्ति सबैले एक हातमा ढाल र अर्को हातमा तरबार लिइ नाच्ने गर्दछन् । यसरी भुओ खेल्दा भूत-प्रेत र ठूलो महामारीबाट बचिन्छ भन्ने सामाजिक विश्वास रहेको छ । यसरी भुओ खेल ढाल, तरबार र गीतको माध्यमबाट पूरा गरिएको देखिन्छ । यो अछाम जिल्लाको एउटा उत्कृष्ट नमुनाका रूपमा देखिएको छ ।

#### ४.३.९ विधा

भुओ गीतिकाव्यमा आधारित वीरगाथा लोक साहित्यको गाथाभित्र पर्दछ । यसमा गाथाको आरम्भ, विकास र उपसंहार सुसंगठित ढंगले मिलाइएको छ । यो पद्यभाषामा प्रस्तुत गरिन्छ । यहाँ भुओलाई महाभारत जस्तो पौराणिक कथावस्तु भएको महाकाव्यको युद्धकलाको प्रस्तुति भनिएको छ ।

### ४.४ निष्कर्ष

अछाम जिल्लामा प्रचलित भुओ पर्व अछामी लोकसंस्कृतिको अभिन्न अङ्ग बनेको छ । यसले त्यहाँको लोकगीतको मौलिकतालाई झल्काउने कार्य, संगीत र कलाको प्रदर्शन गर्दै आएको छ । नेपालको पश्चिमी भेकमा भुओ के हो र समाजमा

कसरी आयो भन्ने विषयमा एकमत देखिँदैन । गण्डकी पूर्वका अञ्चलहरूमा जसरी तीज मनाइन्छ । त्यसरी नै भुओ मनाइन्छ । यसलाई दुर्गा अष्टमी पर्व र भुआउत्साव भन्दछन् । दैलखेमा यसलाई पुरुषवर्गको रत्यौलीका रूपमा हेर्दछन् । भेरी अञ्चलमा भुओलाई एउटा खुल्ला प्रतियोगितामा लड्न पाएको अश्लील साहित्यको नमुनाका रूपमा मानिएको पाइन्छ ।

भुओ भनेको एउटा विनाशकारी भूत हो । त्यस भूतले लखेटेको घटनाका सम्झनामा गाइने गीतहरू नै भुओगीत हुन् । प्राचीन पुर्खाहरू रहेको भू-भागमा भूत-प्रेतले सताउन थालेपछि सबैले मिलेर हातमा हतियार लिई त्यसलाई मार्न गएका हुनाले अहिले गाउँघरमा भूत-प्रेतले प्रवेश नपाओस् भनेर भुओ खेल खेलिन्छ भन्ने कुरो थाहा पाइन्छ । भुओलाई एउटा महाभारतको युद्धको झलकका रूपमा पनि लिएको पाइन्छ । त्यसकारण महाभारतको पौराणिक कथावस्तु भएको महाकाव्यको युद्धकलाको प्रस्तुति भनिएको छ । यो क्षत्रीय जातिका पुरुषहरूको पर्व हो । काली-कर्णालीमा पक्ष, तिथि, बार, नक्षत्र, योग, महिनाका आधारमा फरक तिथि र फरक महिनामा भए पनि आखिरी तिथिकै आधारमा मनाइने हुँदा यसलाई एउटा पर्वको रूपमा मान्नु उपयुक्त देखिएको छ । समाजमा सदैव अघोषित युद्धको भय रहने हुँदा आजकलको सुरक्षाफौजले गर्ने गरेको ‘प्रत्यस्मरण तालिम’ झैं समाजलाई जागरुक गराई राख्ने अभ्यास नै भुओपर्वको रूपमा स्थापित हुन गएको पाइन्छ ।

‘भुओ’ शब्दको उत्पत्ति ‘भू’ धातु हो जसको अर्थ हुन्छ राज्य । त्यसमा गायत्री मन्त्रको महाव्याहार मन्त्र ‘भूर्भवः स्वः’ अर्थात् पृथ्वी पाताल र स्वर्गको विजयको लागि गरिने ‘शस्त्रयुद्ध’ को अभ्यास भएकोले ‘भूर्भव’ बाट भूर्भुव - भूव-भुओ र ‘भूर्भवः स्वः’ भूर्मवस्य बाट सम्प्रासारण समीकरणद्वारा भोस्सो वा भोस्सी भएको अनुमान गरिन्छ ।

अछामको भुओ वि.सं. ११/१२ औं शताब्दीतिर दक्षिण पश्चिमको बाटो हुँदै मुगल साम्राज्यवादीहरूको मुकाबिला गर्दा गर्दै धर्मरक्षाका खाँतिर पहाडका कुना कन्दरा छिचोल्दै पुर्खाहरू यस भूमिमा अवतरण भए । हालको पश्चिम सिंजागढमा सिंजापति महाराजको शासन व्यवस्था सक्रिय भूमिका साथ आफ्नो पराक्रम प्रदर्शन देखाई वैवाहिक सम्बन्ध गाँसी अछामको ४ खुवा अर्थात् ४ किल्ला भूभाग कब्जा गरी पूर्खा जयसिंहदेवका सन्ततिहरूले आफ्नो निशाना ढाल र तरबारको अस्तित्वलाई यथावत् राख्न अघोषित लडाइँबाट बच्न र बचाउनको लागि लडाइँमा देखाउने पराक्रमलाई यो भूमिको रक्षाका लागि युवा वर्गलाई दिइने तामिलाई भुओपर्वको रूपमा मनाउँदै आएको पाइन्छ । अछाममा भुओ पुष महिनाको भैंले पूर्णिमाबाट सुरु भएर औंसीमा समापन हुन्छ । यसमा विशेष किसिमको पहिरन लगाइएको हुन्छ । शरीरमा जामा, टाउकोमा पगडी, घाँटीमा फूलका माला  र कम्मरमा पेटी बाँधिएको हुन्छ । सबैको हात हातमा ढाल र तरबार रहेको हुन्छ । यो खेल खेल्दा एक जना मुख्य गुरु रहन्छ । अन्य सबैले गुरुको नेतृत्वमा खेल खेल्दछन् । यस खेलमा बालकदेखि वृद्धसम्मका जो कोहीले पनि खेल्न सक्दछन् । यो पञ्चेबाजाका साथ खेलिन्छ । पञ्चेबाजा बजाउने आउजीहरू रहेका हुन्छन् । भुओ खेल खेल्दा बाजा चाल अनुसार धिमा गतिबाट तीव्र रूपमा अघि बढ्दछ भने खेलाडी पनि त्यही बाजा अनुसार धिमा गतिबाट तीव्र रूपमा अघि बढद्छन् । बाजा बजाउनले बाजाको ताल बिगाऱ्यो भने सरमकारीहरूलाई चोटपटक लाग्ने सम्भावना बढी रहन्छ तसर्थ यसको निम्ति बाजा बजाउने अनुभवी

हुनुपर्दछ । भुओ खेल खेल्दा मुख्य गरेर ८ वटा चाल र १६ वटा मुदा रहको पाइन्छ । यी चालहरू संगीतको धुनमा मात्र खेलिन्छ । गायनको रूपमा भैंलो, भस्सो, जिउनापुरी र न्याउले रहेका छन् ।

यसरी उल्लेख गरिएका सम्पूर्ण खेल खेलिसकेपछि औंसीका दिन ६, ७ बजेतिर भुओ खेलको समापन हुन्छ ।

# अध्याय पाँच

## अछाम जिल्लामा प्रचलित भुओ पर्वका गीतको विश्लेषण

### ५.१ भुओ पर्वका गीतको काव्यशास्त्रीय विश्लेषण

भुओ पर्वगीत काव्यशास्त्रीय नियमहरूको अज्ञानतामै रचित गीत हो । लिखित काव्यको प्रारम्भ हुनुपूर्व नै लोकगीतहरूको रचना भइसकेको हुनाले भुओ पर्वगीतमा सम्पूर्ण काव्य सिद्धान्तहरू पूर्ण रूपले लागू नहुन पनि सक्छन् । लोक कवि तथा लोक गायकहरूले आफ्नो मनका भावनाहरू पोख्ने क्रममा लोकगीतहरू प्राप्त भएका हुन्छन् । त्यसैले भुओ पर्वगीतमा काव्य सिद्धान्तीय नियमहरूको पालना गरिएको छैन तर प्राकृतिक स्तरमा व्यक्त गरिएको काव्यिक तत्त्वहरू भुओ पर्वगीत भित्र पनि पाइन्छन् । भुओ पर्वगीतलाई काव्यशास्त्रीय नियमका आधारमा पनि विश्लेषण गर्न सकिन्छ । यस सन्दर्भमा संस्कृत काव्यशास्त्रमा उल्लेख भएका विभिन्न सिद्धान्तहरू मध्ये रस सिद्धान्त, अलङ्कार सिद्धान्त र छन्दलयका आधारमा विश्लेषण गर्नु उपयोगी हुनेछ ।

#### ५.१.१ रस सिद्धान्तका आधारमा भुओ पर्वगीतको विश्लेषण

रस शब्दको प्रयोग विभिन्न शास्त्रले विभिन्न अर्थमा गरेका छन् । दर्शनशास्त्रमा पदार्थका गुणको रूपमा रसलाई उल्लेख गरिएको पाइन्छ । आयुर्वेदमा यसलाई औषधीहरूको अनिवार्य गुण मानिएको छ । यसैको पृष्ठभूमिमा प्रयोग भएको रस शब्दको सामान्य अर्थले पनि भनाइलाई निकै रसिलो र चनाखो बनाएको हुन्छ । यति मात्र नभएर 'रसौ वै सः' भनेर उपनिषद्ले ईश्वरलाई रसको रूपमा लिइएको छ । यहि आनन्द प्रतीकका रूपमा ईश्वरलाई प्रयोग गरिएको रस शब्दले साहित्यशास्त्रसँग विशेष सम्बन्ध राख्छ, किनभने साहित्यले रसलाई आनन्दको पर्यायवाची शब्दका रूपमा लिइएको हो ।[६६] वास्तवमा लोकसाहित्यमा साङ्गीतिक तथा रस साहित्यिक मूल्य उच्च स्थानमा रहेको छ । लोक कवि तथा लोक कलाकारले लोकगीत एवम् लोकगाथाको गायनबाट मानव मनमा विभिन्न भावहरू उत्पन्न गराउँछन् । यी भावहरूको आरोह, अवरोह र श्रोतालाई भावमय बनाउने काममा साहित्यभन्दा पनि लोक साहित्य निकै अगाडि रहेको छ ।[६७] यसै प्रसङ्गमा भुओ पर्वगीतमा रहेका विभिन्न भाव र रसानुभूतिलाई रस सिद्धान्तको आधारमा विश्लेषण वा मूल्याङ्कन गर्नु उपयोगी हुनेछ ।

---

[६६] हेमाङ्गराज अधिकारी, **पूर्वीय समालोचना सिद्धान्त,** पाँ.सं. (काठमाडौं: साझा प्रकाशन, २०५०), पृ. ३८ ।

[६७] मोतीलाल पराजुली, **सोरठी नृत्यनाटिका,** (काठमाडौं: दीक्षान्त प्रकाशन, २०६३), पृ. ८७ ।

पूर्वीय साहित्यमा रसका नौ भेदहरूको चर्चा गरिएको छ । ती हुन् – शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, अद्भुत, बीभत्स तथा शान्त यी रस बाहेक भक्तिरसका रूपमा अर्को भाव पनि थपिएको छ । रौद्र, भयानक, वीभत्स रस बाहेक अन्य सबै रसको प्रयोग भेटिन्छ । यस सन्दर्भमा यस सिद्धान्तका आधारभूत नियमहरूका साथमा भुओ पर्वगीतमा पाइने रसलाई प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ ।

### ५.१.१.१ शृङ्गार रस

शृङ्गार रसको स्थायी भाव रति (प्रेम) हो । प्रेमी प्रेमिका वा आफन्तजनहरू आलम्बन विभाव हुन् । ऋतु, चन्द्रमा, सौन्दर्य, संगीत तथा परिवेशगत उद्दीप्त उद्दीपन विभाव हुन् । प्रेम, वियोग, विरह, मूर्च्छा, आँसु आदि आलम्बनका भावभङ्गिमाहरू अनुभाव र काम, भावना, लाज, मुस्कान, विरह व्यथा आदि सञ्चारीभाव हुन् । यी सबैको संयोगबाट रति (प्रेम) युक्त स्थायी भाव र सञ्चारित हुन्छ ।[६८]

शृङ्गार रस पनि संयोग शृङ्गार र विप्रलम्भ शृङ्गार गरी दुई किसिमको हुन्छ । प्रेमी-प्रेमिकाको मिलन, सुन्दर स्वरूपको चित्रण, सौन्दर्यको प्रस्तुति भएमा संयोग शृङ्गार र नायक नायिकाको विछोडबाट आउने शृङ्गारमय वियोगी भाव विप्रलम्भ शृङ्गार हो । भुओ पर्वगीतमा संयोग शृङ्गार र विप्रलम्भ शृङ्गार दुवै प्रयोग भएका छन् ।

**(क) रम्भाचेलीको स्वरूपको चित्रण गरिएको संयोग शृङ्गार**

ह, कुखुराका फुल जस्ता
ह, बनायाका मुगरी जस्ता
ह, दाडिमका बियाँ जस्ता
ह, परेवाका नेत्र जस्ता
ह, चिऱ्याका सिनका जस्ता
ह, पलायाका पात जस्ता

यस उदाहरणमा नायक साइमहाराजले नायिका रम्भाचेलीका कुरीकुच्चालाई कुखुराको फुल र बनायाका मुगरीका रूपमा लिएका छन् भने दाँत, आँखा, ओठ र कपाल क्रमशः दाडिमका बियाँ, परेवाका नेत्र, चिऱ्याका सिनका र पलायाका पातको रूपमा आएका छन् ।

**(ख) विप्रलम्भ शृङ्गार**

द्वारिका दरकास बाइग्या पाण्डव जति नाउन ।
काशीको गंगाजल भयो साइको दर्शन पाउन ॥
चालिस्या मुख्याकी छोरी नन्द लालकी गौरी ।
उडी जान्या पुतलीलाई फर्काई ल्याइदे मौरी ॥

यस उदाहरणबाट के स्पष्ट हुन्छ भने नायक-नायिका बीचको पूर्वस्थापित सम्बन्ध बीचैमा स्थापित हुन सकेको छैन । तसर्थ यहाँ पहिलो गीतमा नायकसँग भेट हुनु काशीको गंगाजल झैं भएको र त्यस्तै नायकले पुतलीको रूपमा उडेर जाने नायिकालाई फर्काएर ल्याउन आग्रह गरेका छन् ।

### ५.१.१.२ वीर रस

वीररसको स्थायी भाव उत्साह हो । शत्रु आलम्बन विभाव, शत्रु पक्षका बाजा, हाँक, जोस तथा वीरताजन्य परिवेश उद्दीपन विभाव, शस्त्रास्त्रको प्रयोग, आक्रमण वीरतामूलक कार्य सम्पादन अनुभाव तथा धृति, वर्ग, आवेग, रोमाञ्च आदि

[६८] ऐजन ।

सञ्चारीभाव हुन् ।[६९] अछामको भुओ पर्वगीतमा पनि वीर रस पाउन सकिन्छ । वीररसको उदाहरण यहाँ हेर्न सकिन्छः–

ए ! कौरव र पाण्डवको
ए ! लडाइँ हुन लाग्यो
ए ! हात हातमा सबैले
ए ! ढाल तरबार लियो ।

यहाँ दोहोरो पक्षको आपसी इर्ष्या हुनु, इर्ष्याका कारण लडाइँ गर्ने वातावरण बन्नु, त्यसका लागि साहसपूर्ण ढंगले हात हातमा तरबार लिनु जस्ता क्रियाकलापहरू वीर रसको उत्पत्तिमा संयोग बनेका छन् ।

### ५.१.१.३ करुण रस

शोक करुण रसको स्थायी भाव हो । प्रेमी वा आस्था युक्त व्यक्तिको मृत्यु वा विपत्तिग्रस्त व्यक्ति आलम्वन विभाव, लाश, चिता, शून्यपन, अरु व्यक्तिहरू उद्दीपन विभाव, विलाप, रोदन, आँसु, विश्वास अनुभाव र ग्लानि, मोह, दुःख, चिन्ता, सम्झना आदि सञ्चारी भाव हुन् ।[७०] अछामको भुओ पर्वमा करुण रस पनि पाइन्छ । करुण रसको उदाहरण यहाँ हेर्न सकिन्छः–

ह, तमी ग्वाला कठ्यारू होऊ
ह, तेलपारीका घाट लैजाऊ
ह, श्रीखण्डका दाउरा ल्याऊ
ह, चिणो पनि चिनि हाल्यो
ह, जिब्रामा दाखु दियो
ह, जिब्रो पनि सल्कि गयो
ह, चिणो पनि चम्किगयो
ह, चिणो फट्टक हालिसक्यो
ह, सल्यानका साइमहाराज
ह, प्युठानकी रम्भाचेली
ह, सती रे सती हुन्या भया ।

यी गीतहरूमा रम्भाचेलीको मृत्यु भई ग्वालाहरू कठ्यारू भएका श्रीखण्डका दाउराले चिहान बनाएको, रम्भाचेलीको चिहानमा दागबत्ती दिएको र साइमहाराजले सो चिहानमा हाम फालेको करुण कहानी सुन्दा हाम्रा मनमा एक किसिमको करुण भाव उर्लिएर आउँछ । यही करुण भाव शोक स्थायी भावमा परिणत हुँदा यहाँ करुण रसको उत्पत्ति भएको हो ।

### ५.१.१.४ अद्भुत रस

विस्मय स्थायी भाव हुने रसलाई अद्भुत रस मानिन्छ । यसमा अनौठो वा असाधारण व्यक्ति, ठाउँ आदि आलम्बन विभाव, विस्मय, आश्चर्य, विचित्रता आदि

---

[६९] **ऐजन**, पृ. ८८ ।

[७०] **ऐजन** ।

उद्दीपन भाव प्रयोग भएको हुन्छ ।[७१] भुओ पर्वगीतमा अद्भुत रसको प्रयोग यसरी भएको पाइन्छ :–

ह, विनायोका शबदले
ह, तमी कैका छोरा हौं
ह, बाँसुरीका शबदले
ह, सल्यानका साइमहाराज
ह, विनायोका शबदले
ह, प्युठानकी रम्भाचेली
ह, बाँसुरीका शब्दले
ह, हाम्रा जाउली भन्यो कठ

यहाँ बिनायो र बाँसुरीका शब्दबाट परिचय र विवाहको प्रस्ताव राखेकाले यहाँ अद्भुत रस आएको छ ।

### ५.१.१.५ हास्य रस

अनौठो र विकृत आकार भएका चीजहरूले र अनौठो वर्णनहरूले हाम्रो मनमा एक किसिमको हाँसोको भाव उत्पन्न हुन्छ । यही रस साहित्यमा हास्य रसमा परिणत हुन्छ । यसैले यसको स्थायी भाव हास्य (हाँसो) हो ।[७२] अछामको भुओ पर्वगीतमा पनि हास्य रस पाउन सकिन्छः-

ह, अद्द ग्वाला माइती होऊ
ह, अदद् ग्वाला पोइली होऊ
ह, बालुवा कसार बनाऊ
ह, गोबरी ठेउकाका बाबरु हाल
ह, गहुँतको तेलु बनाऊ
ह, लवणीको डोला बनाऊ
ह, मुदुणीका सामा बनाऊ
ह, चिभेखाती अघिभाने
ह, छेपारो हुड्क्या जाला
ह, भ्यागुतो धनवीरे जाला

यहाँ रम्भाचेली र साइमहाराजको विवाहमा बालुवाको कसार, गोबरी ठेउकाको बाबर (सेल) गहुँतको तेल, लवणीको डोला, मदुणीका सामा, चिभेखातीलाई अघिभाने, छेपारोलाई हुड्के र भ्यागुतोलाई धनवीरे जस्ताले यस गीतमा हास्य रस प्रकट भएको पाइन्छ ।

---

[७१] मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइँटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६१), पृ. ५४ ।

[७२] हेमाङ्गराज अधिकारी, **पूर्ववत्**, पृ. ४१ ।

### ५.१.१.६ शान्तरस

शान्ति वा निर्वाण शान्त रसको स्थायी भाव हो । वैराग्य, समानता, अनित्यता आदि आलम्बन विभाव, तीर्थस्थान, तपोवन, पवित्र ठाउँ आदि उद्दीपन विभाव, मायामोहप्रति अरुचि, गृह त्याग, समानता आदि अनुभाव र धैर्य, स्मृति, वैराग्य आदि सञ्चारी भाव हुन् । शान्त रसमा सांसारिक मायामोहप्रति वितरागी भई चित्तको निर्विकार स्थितिलाई ग्रहण गरिन्छ । त्यसैले शान्ति वा निर्वाणको भावना स्थिर हुन्छ ।[७३] भुओ पर्वगीतमा गाइने शान्तरसको नमुना यसप्रकार छ :–

ए ! कौरवले
ए ! छलकपट गरी
ए ! पासा खेल्यो
ए ! जुवा हरायो
ए ! बाह्र वर्ष
ए ! वन वास
ए ! एक वर्ष
ए ! गुप्त वास
ए ! पाँच पाण्डवले
ए ! बिताउनु पर्‍यो

यहाँ प्रस्तुत भएको गीतमा कौरवले अनेक जाल झेल गरी पाण्डवलाई जुवा हराएको, पाण्डवले सत्यको सधैं विजय नै हुन्छ भनी सर्त अनुसार आफू कत्ति पनि न डगमगाई शान्त भएर बाह्र वर्ष वनवास र एक वर्ष गुप्त वासको सजाय भोगेको कुराको उल्लेख गरिएको छ । त्यसैले यसलाई शान्त रस मानिन्छ ।

### ५.१.१.७ भक्ति रस

स्वामी रति भक्तिरसको स्थायी भाव हो । स्वामी (ईश्वर) आलम्बन विभाव, भक्तवत्सलता तथा तत्जन्य परिवेश उद्दीपन विभाव, स्वामीप्रतिको अनुराग अनुभाव र शान्ति, वैराग्य सञ्चारी भाव हो । भुओ पर्वगीतमा देवी देवता तथा ईश्वरप्रति समर्पित भाव भएका भक्तिमूलक गीत पाइन्छ ।[७४] भक्तिमूलक गीतको नमुना यसप्रकार छः–

ओ ! बोउजु

ए ! बान्नीगढी बर्तादेवी
ओ ! बोउजु
ए ! कोटघर कालिका
ओ ! बोउजु
ए ! अछाम त बैकुण्ठ रै छ
ए ! धन्य हो मालिका

---

[७३] मोतीलाल पराजुली, **पूर्ववत्**, पृ. ९० ।

[७४] **ऐजन**, पृ. ८९ ।

माथि प्रस्तुत गरिएका गीतमा देवी देवताप्रति भावहरू आएका छन् । भुओ पर्वगीत साहित्यिक सिद्धान्तका आधारमा नरचिएको र प्राकृतिक तवरबाट गीतहरू प्रस्तुत गर्दा यी रसमय पंक्तिहरू बनेका हुन् । रस शास्त्रीय आस्वादन भन्दा पनि भुओ पर्वगीतमा साङ्गीतिक आस्वादन बढी पाइन्छ । अतः उपर्युक्त विशेषताबाट भुओ पर्वगीतमा साहित्यशास्त्रीय मूल्य पनि रहेको छ भन्ने स्पष्ट भएको छ । रसशास्त्रीय दृष्टिले भुओ पर्वगीतको मूल्य र महत्त्व उल्लेख गरिए अनुसार नै छ भन्न सकिन्छ ।

### ५.१.२ अलङ्कार सिद्धान्तका आधारमा भुओ पर्वगीतको विश्लेषण

साहित्यमा शोभादायक शब्द वा अर्थलाई अलङ्कार शब्दले चिनिने गरिन्छ । संस्कृत व्युत्पत्ति अनुसार 'अलम् + कृ + घञ्' को संयोगबाट अलङ्कार शब्द निर्मित हुन्छ । यसको अर्थ हो आभूषण वा सौन्दर्य । 'अलङ्कृयतेऽनेनेति अलङ्कार :' (जसद्वारा शोभा बढ्दछ त्यो नै अलङ्कार हो ।) भनी अलङ्कार शब्दको अर्थ गरिएको पाइन्छ सामान्य अर्थमा जसले अर्काको शोभा बढाउँछ त्यसलाई अलङ्कार भनिन्छ । भामहले वक्र शब्द र अर्थलाई नै अलङ्कार मानेका छन् भने दण्डी काव्यलाई शोभा दिने धर्म अलङ्कार हो भन्दछन् । वास्तवमा काव्यमा शब्द तथा अर्थ सौन्दर्य भएन भने त्यस्तो काव्य शुष्क र  सौन्दर्यहीन हुन्छ । लोक साहित्यका लोकगीत र लोककाव्यहरू कुनै काव्यसिद्धान्तीय आधारमा रचिएका हुँदैनन् । तर पनि प्राकृतिक तथा काव्यशास्त्रीय तत्त्वहरू यिनमा पनि स्वभाविक रूपमा उपलब्ध हुन्छन् । अलङ्कार सिद्धान्तका दृष्टिले भुओ पर्वगीतको अध्ययन गर्ने हो भने यिनमा प्रशस्त शब्दलङ्कार र अर्थालङ्कार भेटिन्छन् । भुओ पर्वगीतमा प्राप्त शब्दालङ्कार र अर्थालङ्कारलाई तल प्रस्तुत गरिएको छ ।

### ५.२.१.१ शब्दालङ्कार

गीत वा कवितामा प्रयोग हुने ललित वा विशिष्ट शब्दावलीबाट श्रोता वा पाठकलाई आनन्द प्राप्त हुन्छ भने त्यस्तो आनन्द दिने शब्द सौन्दर्य शब्दालङ्कार हो ।[७५] श्रुतिमधुरता र शब्दसौन्दर्य शब्दालङ्कारका मूल पक्ष हुन् । लोकगाथामा संगीत पक्ष सशक्त हुने र लयात्मक श्रुतिमधुरता शब्दबाट नै प्राप्त हुने हुँदा शब्दालङ्कारको विशिष्ट प्रयोग भेटिन्छ । लोकगीत तथा लोकगाथामा संगीतशास्त्रीय विलम्बित आलापका माध्यमबाट पनि शब्दालङ्कारको आपूर्ति गरिएको हुन्छ । त्यसैले कतिपय अवस्थामा शब्दालङ्कारको नियमहरू भङ्ग भएका पनि पाइन्छन् । भुओ पर्वगीतमा पाइने शब्दालङ्कारहरू यहाँ क्रमशः प्रस्तुत छन् ।

#### (१) छेकानुप्रास

धेरै व्यञ्जनहरूको उसै क्रममा एक पटक मात्र आवृत्ति भएमा छेकानुप्रास अलङ्कार हुन्छ । जस्तैः-

ए ! चिउरी नाव विउरा पानी[२]

यहाँ चिउरी, नाव, विउरा, पानी, एक-एक पटक दोहोरिएका छन् । त्यसैले यो छेकानुप्रास शब्दालङ्कार हो ।

---

[७५] **ऐजन**, पृ. ९१ ।

(२) **अन्त्यानुप्रास अलङ्कार**

हरेक पाउको अन्तिम अक्षर वा शब्दको आवृत्ति भएमा अन्त्यानुप्रास अलङ्कार हुन्छ । अन्त्यानुप्रास भएको भुओ पर्वगीतको एउटा उदाहरण यस प्रकार छ :–

ए ! कति राम्रा सरम खेल्न्या भुओखेल खेल्नलाई ।

ए ! बोउजु भोली बाइजानी भैं माइतीघर बस्नलाई ॥

**५.१.२.२ अर्थालङ्कार**

गीत तथा कवितामा शब्दहरूको संयोगद्वारा एउटा विशिष्ट भाव (अर्थ) व्यक्त हुन्छ । त्यस भावमा रहेको विशिष्ट अर्थ सौन्दर्यलाई अर्थालङ्कार भनिन्छ । एउटी युवतीले विभिन्न अलङ्कार (गहना) हरू लगाउनाले उसको स्वरूपमा विशिष्ट सौन्दर्य प्रस्फुटित भए झैं गीत तथा काव्यमा शब्दहरूले सौन्दर्य युक्त विशिष्ट अर्थ प्रस्तुत गर्दछन् । यही विशिष्ट अर्थ सौन्दर्य नै अर्थालङ्कार हो ।[७६]

भुओ पर्वगीत साहित्यिक असचेतनामा नै रचना गरिएको हो । यसका रचयिताले काव्यशास्त्रीय ज्ञानार्जन गरेका थिएनन् । तर पनि लोक कविले सहज प्राकृतिक अभिव्यक्तिहरू प्रस्तुत गर्दा भुओ पर्व गीतमा केही अर्थालङ्कार बनेका छन् । अतः भुओ पर्व गीतमा पाइने अर्थालङ्कारका केही उदाहरणहरू क्रमश : प्रस्तुत छन् ।

**(१) उपमा अलङ्कार**

उपमान र उपमेयको रूप, गुण र धर्म सादृश्य भएमा उपमा अलङ्कार हुन्छ : जस्तैः-

ह, कुखुराका फुल जस्ता
ह, बनायाका मुगरी जस्ता
ह, दाडिमका बियाँ जस्ता
ह, परेवाका नेत्र जस्ता
ह, चिऱ्याका सिनका जस्ता
ह, पलायाका पात जस्ता

यहाँ उपमेय रम्भाचेलीका विभिन्न अङ्ग (कुरीकुच्चा, दाँत, आँखा, ओठ र कपाल) सँग उपमान कुखुराका फुल, बनायाका मुगरी, दाडिमका बियाँ, परेवाका नेत्र, चिऱ्याका सिनका र पलायाका पात सँग तुलना गरिएको हुँदा रूप र गुण सादृश्य उपमा भएको छ । एउटै उपमेयसँग विभिन्न उपमानहरूको सादृश्यता देखाइएको हुनाले ‘मालोपमा’ अलङ्कार पनि बनेको छ ।

[७६] **ऐजन**, पृ. ९२ ।

(२) **मालादीपक अलङ्कार**

अघिल्लो पद पछिल्लो पदसँग जोडिदै साङ्ली परेजस्तो भएमा मालादीपक अलङ्कार हुन्छ ।[७७] अछामको भुओ पर्वगीतमा भएको मालादीपक अलङ्कार यसप्रकार छ :–

ह, एकै दिनका साइमहाराज
ह, दुवै दिनका जैसाकठ
ह, दुवै दिनकी रम्भाचेली
ह, तीनै दिनका जैसाकठ
ह, तीनै दिनका साइमहाराज
ह, चारै दिनका जैसाकठ
ह, चारै दिनकी रम्भाचेली
ह, पाँचै दिनका जैसा कठ
ह, पाँचै दिनका साइमहाराज

यहाँ, एक, दुई, तीन, चार, देखि दशसम्म साङ्ली परेकाले माला दीपक अलङ्कार बनेको छ ।

(३) **स्वभावोक्ति अलङ्कार**

कुनै वस्तु व्यक्ति वस्तु वा दृश्य आदिको यथार्थपरक चित्रात्मक वर्णन गरिएमा स्वभावोक्ति अलङ्कार हुन्छ ।[७८] अछामको भुओ पर्वगीतमा भएको स्वभावोक्ति अलङ्कारको एउटा उदाहरण निम्नानुसार छः-

ह, सल्यानका साइमहाराज
ह, प्युठानकी रम्भाचेली
ह, गोरुका ग्वाला भया
ह, भैंसीका गोठाला भया
ह, बाखाका बखाला भया

यहाँ सल्यानका साइमहाराज र प्युठानकी रम्भाचेली गोरु, भैंसीका ग्वाला र बाखाका बखाला भएको यथार्थ भएकाले स्वभावोक्ति अलङ्कार भएको छ ।

(४) **विषदन अलङ्कार**

कुनै काम गर्दा चिताएको कुरा उल्टो भएमा विषदन अलङ्कार हुन्छ ।[७९] अछामको भुओ पर्वगीतमा भएको विषदन अलङ्कारको एउटा नमुना निम्नानुसार छः–

ह, हेरहेर नरलोकौ
ह, बेलीको उज्याली डोला
ह, आज डोला मस्क्याको क्याछ

---

[७७] **ऐजन**, पृ. ९३ ।

[७८] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त,** तृ.सं. (काठमाडौंः साझा प्रकाशन, २०५५), पृ. ११२ ।

[७९] मोतीलाल पराजुली, **पूर्ववत्,** पृ. ९४ ।

ह, उदाबाटा पुग्यापछि
ह, रम्भाचेली मरि गैछन्
ह, सल्यानका साइमहाराज

यहाँ सल्यानका साइमहाराजले रम्भाचेलीसँग विवाह गरेर सुखमय जीवन बिताउने कुरा सोचेका हुन्छन् । तर डोलीमा राखेर तलतिर पुगेपछि रम्भाचेली मर्छिन् र उनले सोचेको कुरा सबै उल्टो भएकोले यो विषदन अलङ्कार भएको छ ।

## ५.१.३ लयका आधारमा भुओ पर्वगीतको विश्लेषण

मनभित्र उठेका भावहरूलाई लयपूर्ण ढंगमा गाउने प्रवृत्तिले छन्दको उत्पत्ति गराएको छ । यसैले छन्द र लयको अभिन्न सम्बन्ध छ । लय आन्तरिक भावावेग हो । त्यसलाई नियमबद्ध गाउने गराउने बाह्यरूप छन्द हो । छन्दलाई लयले नै गतिमान बनाउँछ । अतः लयलाई छन्दको जीवन तत्त्व भन्न सुहाउँछ । लोक साहित्यको मौलिक पक्ष पनि लय नै हो । श्रुतिमधुरता, संगीतात्मकता पदहरूको शृङ्खलित प्रस्तुति र भावाभिव्यञ्जनमा पूर्ण अभिव्यक्ति आदि विशेषताहरू लोकलयमा नै पाइन्छन् । अतः साहित्यशास्त्रमा प्रस्तुत गरिएका छन्द विधान भन्दा लोकलय नै प्राकृतिक स्वरूपमा विद्यमान रहेको छ । काव्यशास्त्रमा प्रयोग हुने छन्दहरूमा पनि लयात्मकता विद्यमान रहेको छ । काव्यशास्त्रमा प्रयोग हुने छन्दहरूमा पनि लयात्मकता हुन्छ र लयको शास्त्रीयरूप छन्द हो । लोकसाहित्यमा लयको व्यवस्था हुने तर शास्त्रीयतालाई ध्यान नदिइने हुँदा लोकलयले शास्त्रीय रूप प्राप्त गरेको छैन । कतिपय गीतमा त लयका निम्ति तोकिएको अक्षरको अभावमा पनि आलाप वा लयाकर्षणद्वारा लयको आपूर्ति गरिएको हुन्छ । यही लयात्मकतामा लोकगीत, लोकगाथा आदिको स्वरूप निर्मित छ ।[८०]

भुओ पर्वगीत लोकलयमा संरचित गाथाकाव्य हो । यसमा शास्त्रीय छन्दहरूको प्रयोग भएको छैन । गायकहरूले स्वतस्फूर्त रूपमा गीत गायन गर्दा वा प्राकृतिक भावाभिव्यक्ति गर्दा विभिन्न लोकलय बनेका छन् । यी लोकलयको अध्ययन गर्दा यसमा लयात्मक मिठास, अभिव्यञ्जनापूर्ण अभिव्यक्ति र लयगत विविधता पाइन्छन् । प्रस्तुत अध्यायमा भुओ पर्वका गीतहरूमा भेटिएका विभिन्न लयहरूलाई यहाँ विवेचना गर्ने प्रयास गरिएको छ ।

### ५.१.३.१ ठाडो लय

भुओ पर्वगीत भित्रको एउटा लयको नाम ठाडो लय हो । यो लयमा छोटा गीतहरू हुन्छन् र छोटा-छोटा लयमा नै गाइन्छ । यस लयका गीतहरू ४ अक्षरदेखि ६ अक्षर सम्मका पाइन्छन् । यस गीतका केही नमुनाहरू निम्नानुसार छन् : –

(१) चार अक्षरको १ पंक्ति हुने लय

ए ! पैलो भुओ
ए ! कहाँ उब्ज्यो
ए ! माल मदेश

[८०] **ऐजन**, पृ. ९५ ।

ए ! पर्वत आयो

(२) ६ अक्षरको एक पंक्ति हुने लय

ए ! कौरव र पाण्डवको
ए ! लडाइँ हुन लाग्यो
ए ! हात हातमा सबैले
ए ! ढाल तरबार लियो

### ५.१.३.२ आड्या लय

आड्या लय भुओ पर्वगीत भित्रको अर्को लयको नाम हो । यसमा गीतहरू अलि लामा र गीत गाउँदा पनि लामो लयमा गाइन्छन् । यसमा ५ देखि ७ पंक्तिको एक श्लोक बनेको छ । ५ पंक्तिको एक श्लोक बन्ने लयमा ८, २, ६, ८ र ६ अक्षरको एक पंक्ति हुन्छ भने ७ पंक्तिको एक श्लोक बन्ने लयमा २, ८, २, ६, २, ८ र ६ अक्षरको एक पंक्ति हुन्छ ।

(१) ८, २, ६, ८ र ६ अक्षरको एक पंक्ति र पाँच पंक्तिको एक श्लोक बन्ने आड्या लयः-

ए ! चिउरी नाव विउरा पानी
ओ ! बोउजु
ए ! गतकी खनिजा
ए ! भोली तमी बाइजानी भैं
केही मकी भनिजा

(२) २, ८, २, ६, २, ८ र ६ अक्षरको एक पंक्ति र सात पंक्तिको एक श्लोक बन्ने आड्या लय :-

ओ ! बोउजु
ए ! शरीरमा जामा छन् भने
ओ ! बोउजु
ए ! टाउकामा पगडी
ओ ! बोउजु
ए ! कोइहुन्छन् ठट्यौलीवाला
ए ! कोइ हुन्छन् रहडी

### ५.१.३.३ जिउनापुरी लय

जिउनापुरी भुओ पर्वगीतको अर्को लयको नाम हो । यस लयका गीतहरू ८ अक्षरदेखि ११ अक्षर सम्मका पाइन्छन् । यसको नमुना निम्नानुसार रहेको छः –

ह, बाँसुरी शबदले
ह, सल्यानका साइमहाराज
ह, विनायका शबदले
ह, प्युठानकी रम्भाचेली
ह, बाँसुरीका शबदले
ह, हाम्रा जाउली भन्यो कठ
ह, हटहट ग्वाल्या साथ

ह, रम्भाचेली विहाई लैजाऊ
ह, अद्‌द ग्वाला माइती होऊ
ह, अद्‌द ग्वाला पोइली होऊ
ह, रम्भाचेली बिहाई लैयाऊ
ह, बालुवा कसार बनाऊ
ह, गोबरी ठेउकाका बाबरु हाल

### ५.१.३.४ भैलो लय

यो भुओ पर्वगीतको अर्को लय हो । यस लयका गीतहरू ४ अक्षर देखि ६ अक्षरसम्मका छन् । यसको नमुना यसप्रकार छ :–

ए ! भैं भैं त्यार
ए ! भैलो दिइहाल
ए ! भैलेरा आया
ए ! भैलो दिइहेल
ए ! जो देला पाथी
ए ! उइको सुनको छाती
ए ! जो देला मुरी
ए ! उइको सुनको धुरी

### ५.१.३.५ न्याउल्या लय

न्याउल्या लय भुओ पर्वगीतको अन्तिम लय हो । यो भुओ पर्वको अन्तिम दिन अन्तिम चरणमा गाइन्छ । यस लयमा हातको बाउली समाउँदै वा हातको साथसाथै पैतलाको चाल विशेष महत्त्वपूर्ण हुन्छ । न्याउल्याको स्थायीमा सिधै-पैतला अगाडि चालिन्छ । न्याउल्या लयका गीतहरू १४ मात्राका हुन्छन् । यसमा १४ मात्राको एक पंक्ति र दुई पंक्तिको एक श्लोक हुन्छ । यसमा ८ मात्राको मूल अंश र ६ मात्राको रहनी, यो रहनी सुरुमा पनि दोहोर्‍याउने प्रचलन छ । यसको नमुना निम्नानुसार छ :-

जारीम पेल्ला-पेल्ला दुईजना जुम्लीका छोरा जारीम पेल्ला पेल्ला
न्याउल्या खेल्ला-खेल्ला चिनाजान हुन्याइ त भयो न्याउल्या...
तिउन क्या पिनापानी मारसीका भातसम्म तिउन क्या....
गरु चिनाजानी सबसाथी एकैसाथ बसी गरु चिनाजानी

यसरी माथिको गीतमा सुरुमा र अन्तिममा रहनीको प्रयोग गरिएको छ ।

माथि प्रस्तुत गरिएका लयहरू, गीतमा रहेका अक्षर, मात्रा र संगीतलाई अध्ययन गरेर छुट्याइएको छ । वास्तवमा भुओ पर्वका गीतहरूलाई लयशास्त्रीय दृष्टिबाट हेर्नुभन्दा संगीत शास्त्रीय दृष्टिले विश्लेषण गरी विभिन्न राग, ताल र लयका आधारमा केलाउनु वाञ्छनीय हुन्छ । यो छुट्टै विषय भएको हुनाले यसमा लोकशास्त्रीय विश्लेषण गरिएको हो । लोक साहित्यका दृष्टिले माथि प्रस्तुत गरिएका लयहरू विशेष उपयोगी अनुभव हुन्छन् ।

## ५.२ निष्कर्ष

प्रस्तुत परिच्छेद काव्यशास्त्रीय कसीमा भुओ पर्वगीतको मूल्याङ्कनमा आधारित छ । यस पर्वगीत भित्र लोक काव्यका जीवित रूपहरू रहेका छन् भन्ने कुरो यहाँबाट स्पष्ट भइसकेको छ । रस, अलङ्कार र लय (छन्द) प्रयोगका दृष्टिले पनि भुओ पर्वगीतको काव्यपक्षलाई सफलता मिलेको छ । लोक साहित्यका विधाहरूलाई साहित्यशास्त्रका नियमहरूमा आबद्ध गर्न सकिन्छ । हरेक लोक साहित्यिक विधाहरू सशक्त र सबल प्राकृतिक सम्पदा हुन् भन्ने कुरा माथिका विवरणहरूले प्रष्ट पारेका छन् । लोक साहित्यका हरेक विधाहरूको विधागत अध्ययन तथा काव्यशास्त्रीय एवम् समाजशास्त्रीय दृष्टिबाट समन्वित विश्लेषणको अपेक्षा रहेको छ । प्रस्तुत सन्दर्भमा माथि गरिएको विवेचनाले एउटा थप नयाँ पाइलो चालेको हुँदा भुओ पर्वगीतको अध्ययनका प्रस्तुत परिच्छेद यिनै विभिन्न सामग्रीबाट सान्दर्भिक बनेको छ ।

# अध्याय ६

## उपसंहार तथा निष्कर्ष

भुओगीत मूलतः पर्वका अवसरमा गाइने र खेलिने हुनाले यो पर्व गीत हो । भुओ क्षत्रीहरूले मनाउने एक सामाजिक पर्व हो । यस पर्वलाई प्रत्येकले आ-आफ्नो ठाउँअनुसार समाजका विभिन्न शैलीले मनाउँदै आएको पाइन्छ । अछाम भन्दा बाहिरका जिल्ला वा ठाउँमा जामा पगडी लगाएर खेलिँदैन केवल सेता लुगाको पहिरनमा ढाल र तरबार लिएर खेलिन्छ । अछाममा भने यस पर्वमा जामा पगडी, घाँटीमा फूलका माला कम्मरमा पेटी बाँधेर संगीतका साथ चाल खेलिन्छ भने बाँकी गीत गाएर यस पर्वलाई मनाउने गरिन्छ ।

भुओ शब्दको उत्पत्ति 'भू' धातुबाट भएको हो जसको अर्थ हुन्छ राज्य । त्यसमा गायत्रीमन्त्रको महाव्याहार मन्त्र 'भूर्भव स्वः' अर्थात् पृथ्वी, पाताल र स्वर्गको विजयको लागि गरिने 'शस्त्रयुद्ध' को अभ्यास भएकोले 'भूर्भव' बाट भूर्भव-भूव-भुओ र भूर्भव स्वः भूर्भवस्यबाट सम्प्रासारण समीकरणद्वारा भोस्सो वा भोस्सी भएको अनुमान गरिएको छ । भुओपर्व कौरव र पाण्डव बीच युद्ध हुँदा सत्यका हिमायती पाण्डवको विजय भयो सो खुसियालीमा यो भूमिमा भुओ पर्व मनाउने गरेको पाइन्छ । त्यसका साथसाथै समाजमा सदैब अघोषित युद्धको भय रहने हुँदा आजकल सुरक्षा फौजले गर्ने गरेको 'प्रत्यास्मरण तालिम' झैं समाजलाई जागरुक गराई राख्ने अभ्यास नै भुओ पर्वको रूपमा आएको र भूमि तथा आत्मरक्षाका निम्ति युवा वर्गलाई दिइने तालिमलाई भुओ पर्वको रूपमा मनाउँदैं आएको छ । भुओ पर्व पुष महिनाको भैंले पूर्णिमा देखि औंसी सम्म मनाइन्छ । यस पर्वलाई सौर्य पर्वका नामले पनि चिन्ने चिनाउने गरेको पाइन्छ ।

अछामी समाजमा भुओगीतको थालनी वि.सं. ११/१२ औं शताब्दी तिर दक्षिण पश्चिमको बाटो हुँदै मुगल साम्राज्यवादीहरूको मुकाबिला गर्दागर्दै धर्म रक्षाका खातिर पहाडका कुना कन्दरा छिचोल्दै पुर्खाहरू यस भूमिमा अवतरण भए । हालको पश्चिम सिंजागढमा सिंजापति महाराजको शासन व्यवस्था सक्रिय भूमिका साथ आफ्नो पराक्रम प्रदर्शन देखाई वैवाहिक सम्बन्ध गाँसी अछामको चार खुवा अर्थात् चार किल्ला भू-भाग कब्जा गरी पूर्खा जयसिंहदेवका सन्ततिहरूले आफ्नो निशाना ढाल र तरबारको अस्तित्वलाई यथावत् राख्न अघोषित लडाइँबाट बच्न बचाउनको लागि लडाईमा देखाउने पराक्रमलाई यो भूमिको रक्षाका लागि युवावर्गलाई दिइने तालिमलाई भुओपर्वको रूपमा मनाउँदै आएको पाइन्छ । अछाममा मनाइने विभिन्न किसिमका चाडपर्वहरू आजकल माघे संक्रान्तिको दिन वैद्यनाथ क्षेत्रमा प्रदर्शन गर्ने गरेको पाइन्छ । भुओ क्षत्रीहरूको समूहले खेल्ने खेल हो । संगीत बजाउनेमा आउजीहरूको समूह रहन्छ भने नारी, वृद्धा, बालक यसका दर्शकका रूपमा रहेका हुन्छन् । अछाम जिल्लामा गाइने भुओगीत कौरव र पाण्डवको पौराणिक कथा, पहिलो भुओ कहाँदेखि कहाँसम्म के कसरी आइपुग्यो त्यसको समाप्ती कसरी भयो भन्ने विषयमा र सामान्य जनजीवन सम्बन्धी विषयसम्म रहेका छन् । यी गीतहरूमा नेपाली भाषाको ओरपच्छिमा वर्गको भाषिका अन्तर्गतको अछामी भाषाको प्रयोग भएको छ ।

नेपाली लोकगीतका क्षेत्रमा विभिन्न प्रकारका लोकगीतहरूको अध्ययन भइसकेको थियो तर अछामी भुओ पर्वगीत बारे अध्ययन अनुसन्धान भएको थिएन । भुओ नेपाली लोक साहित्यका क्षेत्रमा अपरिचित नै थियो । यस 'अछाम जिल्लामा प्रचलित भुओपर्वगीतको अध्ययन' नामक शोधपत्रले त्यसलाई सुरक्षित राख्ने र त्यसको महत्त्व बुझाउने काम गरेको छ । भुओगीत लोकगीतको एक पाटो भएकाले यस गीतको विस्तृत अध्ययन हुनुपर्नेमा हालसम्म भएको थिएन । केवल मौखिक परम्परामा मात्र यो जीवित रहँदै आएको थियो । यही मौखिक परम्पराको आश्रयमा भुओ पर्वगीतलाई छोडिदिने हो भने यसलाई जोगाउन गाह्रो पर्ने कुरा स्वतः स्पष्ट थियो । यही स्थितिमा प्रस्तुत अध्ययन सम्पन्न भएको छ र यसको संरक्षणमा ठोस योगदान पुगेको छ ।

अछाम जस्तो विकट पहाडी जिल्लामा रहेका भुओ पर्वगीतलाई सङ्कलन गरी सुविधा सम्पन्न स्थानसम्म ल्याई पुऱ्याउने काम यस शोधकार्यले गरेको छ । लोप हुने अवस्थामा रहेका अछामी भुओ पर्वगीतलाई यस शोधकार्यले बाँधेर राख्ने काम गरेको छ । संकलनका क्रममा यस शोधपत्रमा भैंलो, भस्सो, जिउनापुरी र न्याउले जस्ता गीतहरू आएका छन् । यी गीतहरू अवश्य पनि नेपाली लोक साहित्यको भण्डारका अमूल्य सम्पत्ति हुन् । भुओगीतको अध्ययनका क्रममा अछामको संस्कृति, परम्परा, रीतिरवाज, रहनसहन, चालचलन आदि कुराहरू पनि आएका छन् । अहिलेसम्म चर्चामा नै नआएका जन्माष्टमी (जरमाइठी) पर्वगीत, रनपुतला पर्वगीतको समेत परिचय दिने काम पनि यसमा भएको छ । यी गीतहरू पनि भुओगीतजस्तै ओझेलमा परिरहेका गीतहरू हुन् । यस अध्ययनले त्यस क्षेत्रका अन्य गीतहरूको समेत सामान्य जानकारी प्रस्तुत गरेकाले तिनको अध्ययनमा चासो बढाउन पनि यसबाट सहयोग पुगेको छ ।

नेपाली लोकगीतका क्षेत्रमा ओझेलमा रहेको यस भुओगीतलाई संकलनका साथै काव्यशास्त्रीय दृष्टिकोणबाट पनि नियाल्ने काम गरिएको छ । हुन त भुओगीत काव्यशास्त्रीय अज्ञानतामा नै रचिएको गीत हो तर पनि प्राकृतिक स्तरमा व्यक्त गरिएका काव्यिक तत्त्वहरू भुओगीतभित्र आएका छन् । भुओगीतलाई रस सिद्धान्तका आधारमा, अलङ्कार सिद्धान्तका आधारमा र लयका आधारमा अध्ययन गर्ने काम यहाँ भएको छ । भुओगीतको के कति महत्त्व रहेको छ भन्ने कुराको पनि यस शोधकार्यले नियाल्ने काम गरेको छ । महत्त्वका दृष्टिले हेर्ने हो भने भुओगीत निकै सम्पन्न छ । यसमा धार्मिक, ऐतिहासिक, पौराणिक र सामाजिक महत्त्व रहेको छ । सामाजिक महत्त्वले अछामी समाजको रहन सहन, आचार-विचार, खान-पान, रीतिरिवाज, सुख-दुःख, हाँसो-आँसुको सच्चा तस्वीर खिचेको पाइन्छ । समाजमा विभिन्न प्रकारका व्यक्तिहरूको बसोबास रहेको हुन्छ । तिनीहरू सबैको चित्रण भुओगीतले गरेको पाइन्छ । त्यतिमात्र नभएर अछामी समाजको प्रकृति, त्यहाँको वनपाखा, खोलानाला, भञ्ज्याङ, चौतारी र धार्मिक रूपमा रहेका देव देवी पनि यस भुओगीतमा झल्केका छन् । भुओगीत भित्र ओरपच्छिमा भाषिकाको अछामी उपभाषिकाका थुप्रै शब्दहरू आएका छन् । 'अछाम जिल्लामा प्रचलित भुओ पर्व गीतको अध्ययन' शोधकार्य पूरा भए पनि भुओगीतका विभिन्न पक्षहरूको बेग्लाबेग्लै गम्भीर अध्ययन अपेक्षित छ ।

यस अध्ययनबाट अछामका धार्मिक स्थल, त्यहाँका पर्वगीत, भौगोलिक बनावट, जातपात, धर्म एवम् भाषा, रहनसहन, संस्कारहरूको अध्ययन गर्न चाहनेलाई पनि सहयोग मिल्नेछ । भविष्यमा अछाममा प्रचलित भुओगीतको कसैले थप अध्ययन गर्न चाहेमा निम्नानुसार शीर्षकहरू उपयुक्त हुनेछन् :–

(क) संगीतशास्त्रका दृष्टिले अछामी भुओगीतको अध्ययन ।

(ख) समाजशास्त्रीय दृष्टिकोणबाट भुओगीतको अध्ययन ।

(ग) धार्मिक दृष्टिकोणले अछामी भुओगीतको अध्ययन ।

(घ) क्षेत्रीय आधारमा अछामी भुओगीतको अध्ययन ।

# सन्दर्भ ग्रन्थ सूची


अधिकारी, जितानन्द (२०६४), **अछामी मागल तथा पर्वगीतहरूको संकलन, वर्गीकरण र विश्लेषण**, त्रि.वि.मा प्रस्तुत एम्.ए. शोधपत्र ।

अधिकारी, हेमाङ्गराज (२०५०), **पूर्वीय साहित्य सिद्धान्त**, पाँ.सं. काठमाडौंः साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५५), **पूर्वीय साहित्य सिद्धान्त,** ते.सं. काठमाडौं : साझा प्रकाशन ।

उपाध्याय, चेतराज, **अछाम जिल्लाका पुराना कुराको टिपोट**, (अप्रकाशित )।

उपाध्याय, विष्णु, **अछामको वंशावली,** (अप्रकाशित) ।

गभर्नमेन्ट अफ नेपाल, मिनिस्ट्री अफ एजुकेशन, **डिपार्टमेन्ट अफ एजुकेशन, फ्ल्यास १,** (भक्तपुरः सानोठिमी, २०६६), पृ. ८ ।

गिरी, जीवेन्द्रदेव (२०५७), **नेपाली लोकसाहित्यको अवलोकन**, काठमाडौं : एकता प्रकाशन ।

जोशी, उमाशंकर (२०५९), **भुओ संक्षिप्त चिनारी,** बझाङ्गी समाजको स्मारिका सौः प्रकाशन ।

जोशी, हितराज (२०६१), **बझाङ्गी संस्कृतिमा भुओगीतको अध्ययन**, त्रि.वि.मा प्रस्तुत एम्.ए. शोधपत्र ।

थापा, धर्मराज (२०३२), **मेरो नेपाल भ्रमण**, काठमाडौंः साझा प्रकाशन ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१), **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौं : त्रि.वि.वि. पाठ्यक्रम विकास केन्द्र ।

देवकोटा, रत्नाकार "काली-कर्णाली खण्डमा मनाइने भुओ पर्वका विविध स्वरूप", **लोकसंस्कृति,** (वर्ष ४, अङ्क १, पूर्णाङ्क ६, २०६५ माघ २०६६ असार), पृ. १७ ।

पन्त, कालीभक्त (२०४३), **हाम्रो सांस्कृतिक इतिहास,** काठमाडौंः लेखक स्वयम् ।

पन्त, जयराज (२०५५), **अञ्जुलीभरि सगुन पोल्टाभरि फाग,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा- प्रतिष्ठान ।

...... (२०६४), **डोटेली भो पर्वका गीत र गाथाहरू,** काठमाडौं : वाङ्मय प्रकाशक तथा अनुसन्धान केन्द्र ।

पन्त, देवकान्त (२०३२), **डोटेली लोकसाहित्य,** काठमाडौंः त्रि.वि.वि. नेपाल र एशियाली अध्ययन संस्थान ।

पराजुली, कृष्णप्रसाद (२०५७), **नेपाली लोकगीतको आलोक,** काठमाडौं : वीणा प्रकाशन ।

पराजुली, ठाकुरप्रसाद (२०५६), **नेपाली साहित्यको परिक्रमा,** दो.सं. ललितपुरः साझा प्रकाशन ।

पराजुली, मोतीलाल (२०६३), **सोरठी नृत्यनाटिका,** काठमाडौं : दीक्षान्त प्रकाशन ।

पाण्डे, गोविन्दप्रसाद, "लोकसाहित्य भित्रको एउटा पाटो देउडा", **मधुपर्क**, वर्ष ३९, अङ्क ४ ।

पोखरेल, बालकृष्ण (२०४०), **नेपाली बृहत् शब्दकोश**, पाँ.सं. काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

बडुवाल, मानबहादुर (२०६६), **बाजुराली संस्कृतिमा भुओगीतको अध्ययन**, त्रि.वि.मा प्रस्तुत एम्.ए. शोधपत्र ।

बन्धु, चूडामणि (२०५८), **नेपाली लोकसाहित्य,** काठमाडौं : एकता प्रकाशन ।

बम, मोतीराज (२०६४), "देउडागीत उत्पत्ति, सवाल, जवाफ र भावार्थ", **गरिमा**, वर्ष २६, अङ्क २ ।

भट्ट, हर्षप्रसाद (२०४८), **दुई थोपा आँसु,** बम्बईः हर्षप्रसाद भट्ट ।

'यात्री', पूर्णप्रकाश नेपाल (२०३४), **सेतीको नालीबेली,** विराटनगरः हिमाली सौगात प्रकाशन ।

........... (२०३५), **सेती अञ्चल दिग्दर्शन,** विराटनगरः हिमाली सौगत प्रकाशन ।

............ (२०३५), **सेतीका तारा,** विराटनगर : हिमाली सौगत प्रकाशन ।

...............(२०४१), **भेरी लोकसाहित्य,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

रिमाल, प्रदीप (२०५३), **कर्णाली लोकसंस्कृति,** खण्ड ५, दो.सं. काठमाडौं : साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

................ (२०६३), **लोकवार्ता विज्ञान र लोकसाहित्य,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शाह, सुरत बहादुर (२०६४), **झारखण्ड वैद्यनाथ क्षेत्र,** अछामः वैद्यनाथ क्षेत्र ।

................ (२०६५), **अछामका चाडपर्व,** अछाम, वैद्यनाथ क्षेत्र ।

**शैक्षिक सूचना एक झलक**, काठमाडौं : शिक्षामन्त्रालय केशर महल (२०६६), पृ. ११८ ।

श्रेष्ठ, तेजप्रकाश (२०४४), **अछामी लोकसाहित्य,** काठमाडौं : रत्नपुस्तक भण्डार ।

सुवेदी, राजाराम(२०५५), **बाइसी राज्यको ऐतिहासिक रूपरेखा,** काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

..............(२०५६), **कर्णाली प्रदेशमा मध्यकालीन डोटी राज्य,** भोजपुरः रणबहादुर राई ।

..................(२०५८), **अछामको इतिहास,** अछामः वैद्यनाथ क्षेत्र ।

सुवेदी, हंसपुरे (२०५३/५४), “लोक कविता संक्षिप्त चर्चा”, **वाङ्मय,** वर्ष १३, अङ्क ७ ।

ज्ञावाली, ज्ञाननिष्ठ (२०६३), “लोकसाहित्य तीजका गीत र नारीका पीडा”, **कुञ्जिनी**, वर्ष १३, अङ्क १० ।

## परिशिष्ट (क)

## भुओ पर्वगीतको सामग्री सङ्कलन गर्दा लिइएका स्रोत व्यक्तिहरू

१. कमल साउँद, वर्ष ४०, हात्तीकोट-१, डाक्टर (औषधोपचार) ।

२. कुल बहादुर कुँवर, वर्ष ५८, सिद्धेश्वर-१, भू.पू. प्र.अ. (शिक्षक) ।

३. खड्क सिंह खड्का, वर्ष ६५, सिद्धेश्वर-१, समाजसेवी ।

४. जगत कुँवर, वर्ष ४८, सिद्धेश्वर-२, स्थानीय समाजसेवी ।

५. जगत बुढा, वर्ष ५३, सिद्धेश्वर-९, व्यापारी ।

६. जिते आउजी, वर्ष ५६, सिद्धेश्वर-७, कृषक ।

७. तगत कुँवर, वर्ष ३८, सिद्धेश्वर-७, नोकरी ।

८. धनराज उपाध्याय, वर्ष ४५, टिकापुर न.पा., स्थानीय समाजसेवी ।

९. धर्म नायक, वर्ष ३८, मष्टामाडौं-४, शिक्षक ।

१०. लालबहादुर बुढा, वर्ष ३९, सिद्धेश्वर-९, व्यवसायी ।

## परिशिष्ट (ख)

## भुओपर्वको अवसरमा अछाम जिल्ला सिद्धेश्वर गा.वि.स.मा खेलिएका भुओका तस्वीरहरू

## परिशिष्ट (ग)

## अध्ययन क्षेत्र (अछाम) को नक्सा

